योग्यता निष्पक्षता स्वच्छता

# तेस्रो वार्षिक प्रतिवेदन



## आर्थिक वर्ष २०७८/०७९
(२०७८ श्रावण - २०७९ आषाढ)

## प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश, हेटौंडा

# प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, नेपाल


**सम्पर्क**

प्रदेश लोक सेवा आयोग

**ठेगाना**

हेटौंडा उपमहानगरपालिका-५,

सानोपोखरा (बुद्धमार्ग)

हेटौंडा, मकवानपुर

**टेलिफोन**

०५७-५९०६१३

०५७-५९०६१४

०५७-५९०६१५

**इमेल**

info.ppsc@bagamati.gov.np

**वेबसाइट**

http://spsc.bagamati.gov.np
https://ppsconline.bagamati.gov.np

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम
माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको
प्रदेश लोक सेवा आयोगको

# तेस्रो वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगको
२०७८ श्रावण १ गतेदेखि २०७९ आषाढ ३२ गतेसम्मका
काम कारबाहीहरू समेटिएका छन् ।

# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

मितिः २०७९-.......-........

**विषयः आयोगको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरेका काम-कारबाहीहरूको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

**भवदीय,**

**(सुरेश मान श्रेष्ठ)**
**अध्यक्ष**

**(सुदर्शन प्रसाद ढकाल)**
**सदस्य**

**(शर्मिला नेउपाने)**
**सदस्य**

**(रामकृष्ण अधिकारी)**
**सचिव**

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



सुरेश मान श्रेष्ठ
माननीय अध्यक्ष



सुदर्शन प्रसाद ढकाल
माननीय सदस्य



शर्मिला नेउपाने
माननीय सदस्य



रामकृष्ण अधिकारी
सचिव

# धन्यवाद ज्ञापन

नेपालको संविधानको धारा २४४ को संवैधानिक व्यवस्था एवं प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को प्रावधान अनुरूप २०७६ साल मङ्सिर २ गते स्थापित यस आयोगले स्थापनाको पहिलो वर्ष संस्थागत प्रबन्ध, आवश्यक कानूनी एवं कार्यविधिगत प्रबन्धका अतिरिक्त आवश्यक पूर्व तयारीका कार्य गरेको थियो। आयोग स्थापनाको दोस्रो वर्ष बागमती प्रदेशमा प्रथम पटक प्रदेश र प्रदेश भित्रका स्थानीय तहहरूका विभिन्न सेवा समूहका पदहरू पदपदपूर्तिका लागि ती निकायहरूबाट प्राप्त माग बमोजिम उपयुक्त उम्मेदवार छनौट गरी स्थायी नियुक्तिका लागि सिफारिस गरियो। आयोग स्थापनाको तेस्रो वर्षमा आइपुग्दा आयोगले आफूलाई संविधान एवं कानूनले तोकेको जिम्मेवारी थप प्रभावकारी रूपमा सम्पादन गर्न प्रतिबद्धताका साथ क्रियाशील रहँदै आएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० बमोजिमको अभिभारा पूरा गर्न आयोगले वार्षिक कार्यतालिका बनाई सोही बमोजिम पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने कार्यसम्पादन गर्दै आइरहेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम विभिन्न निकायका सेवाको सर्त सम्बन्धी कानूनका विषयमा, विभागीय कारवाही लगायतका विषयमा सम्बन्धित निकायलाई परामर्श उपलब्ध गराइएको छ।

आयोगको कार्य सम्पादनका लागि आवश्यक स्रोत साधन तथा सहयोग उपलब्ध गराएकोमा प्रदेश सरकार, स्थानीय निकाय एवं अन्य सम्बद्ध निकायप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ। आयोगको परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्माण, कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञ तथा आयोगको कार्यसम्पादनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने महानुभावहरूमा आयोग हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछ।

तेस्रो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा आयोगको कार्य सम्पादनमा ऊर्जाशीलता ल्याउन संलग्न आयोगका सचिव लगायत कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दै प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक पर्ने जनशक्तिको पदपूर्ति लगायतको नेपालको संविधान र अन्य प्रचलित कानून बमोजिम प्रदत्त अधिकार बमोजिम सक्रियताका साथ अघि बढ्ने कुरामा आयोग प्रतिबद्धता व्यक्त गर्दछ। आयोगलाई प्राप्त जिम्मेवारी निष्ठापूर्वक वहन गर्ने, योग्यता प्रणालीको संरक्षण, सम्वर्द्धन मार्फत यस संस्था प्रतिको जनविश्वासलाई थप उचो वनाउँदै प्रदेश निजामती सेवा र स्थानीय सेवाको संरक्षकको भूमिका समेत थप प्रभावकारी रूपमा निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

मिति २०७९ भदौ १५ गते, बुधबार

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। संवैधानिक प्रावधानअनुसार सङ्घीय संसदले पारित गरेको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को सङ्घीय कानूनबमोजिम आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बागमती प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरी प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भई लागू भएको छ। लोक सेवा आयोगको स्थापित मूल्य, मान्यता र मापदण्डलाई आत्मसात गर्दै बागमती प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूका विभिन्न निकायमा विभिन्न सेवा समूह र तहका रिक्त पदहरू पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न आयोग क्रियाशील रहँदै आएको छ। यस क्रममा आयोगद्वारा आर्थिक वर्ष २०७८/७९ मा विभिन्न सेवा/समूह/तहका पदहरूको विज्ञापन प्रकाशन गरी ती पदहरूको परीक्षा सञ्चालन लगायतका परीक्षा सम्बन्धी कार्य सम्पादन गर्नुका अतिरिक्त गत आर्थिक वर्ष २०७७/७८ मा विज्ञापन भई स्थायी नियुक्तिका लागि सिफारिस हुन बाँकी पदहरूमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गरिएको छ।

साथै कानून बमोजिम प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरू एवं अन्य सरोकारवाला निकायहरूबाट ती निकायका कर्मचारीहरूको सेवाको सर्त सम्बन्धी कानून, विभागीय सजाय लगायतका विषयमा आयोग ऐन बमोजिम माग भई आएका विषयमा आयोगबाट परामर्श उपलब्ध गराइएको छ। प्रदेश भित्रका विभिन्न स्थानीय तहहरूले प्रचलित कानूनी प्रावधान विपरीत आयोगको परामर्श विना आफूखुसी कानून बनाई वा कार्यकारी निर्णयका आधारमा गरिएको गैरकानूनी बढुवा खारेजी गरिएको छ। साथै आयोगलाई विपक्षी वनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा दायर भएका विभिन्न मुद्दाहरूमा आयोगको प्रतिरक्षा र आरोपहरूको प्रतिवाद गरिएको छ। आर्थिक बर्ष २०७८/०७९ मा आयोगद्वारा सम्पादित कार्यहरूको कार्याकारी सारांश देहाय बमोजिम रहेको छः

**१. आयोगको कार्यसम्पादनका आधारहरू**

सङ्गठनात्मक उद्देश्य प्राप्तिमा गुणस्तरीयता र विश्वसनीयता सुनिश्चित गरी आयोगले विभिन्न कानूनहरूको आधारमा कार्यसम्पादन गर्दै आएको छ। आफ्नो कार्यसम्पादन गर्न प्रचलित मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान

- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## २. आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

आयोगले योग्यताको सिद्धान्त, गोपनीयताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, समावेशीताको सिद्धान्त, समान अवसरको सिद्धान्त, द्विअन्ध सिद्धान्त, परिचय-शून्यताको सिद्धान्त र असंलग्नताको सिद्धान्तलाई आफ्नो प्रमुख कार्यसम्पादनको सिद्धान्तको रूपमा अपनाउँदै आएको छ।

## ३. आयोगबाट सम्पादन भएका कामहरू

यो आर्थिक वर्षमा आयोगबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरूको फेहरिस्त निम्नबमोजिम रहेको छः

- प्रदेश सरकारका रिक्त दरबन्दीमा पदपूर्ति गर्ने सम्बन्धी बैठक
- वार्षिक पदपूर्ति कार्यतालिका २०७८।०७९ प्रकाशन
- प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २ का पदाधिकारीसँगको बैठक

- प्रदेश लोक सेवा आयोगको विज्ञापन
- दरखास्त फाराम सङ्कलन र स्वीकृति व्यवस्थापन
- बागमती प्रदेशका श्रीमान् प्रमुख सचिवको आयोगमा निरीक्षण भ्रमण
- प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशका पदाधिकारीसँगको बैठक
- लिखित परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- लोक सेवा आयोगहरूको द्विदिवसीय दोस्रो राष्ट्रिय सम्मेलन
- आयोगबाट विज्ञापन भई विभिन्न कारण स्थगित भएका परीक्षाहरू सञ्चालन
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीसँग बैठक

## ३.१ पाठ्यक्रम निर्माण

स्थायी नियुक्तिका लागि आयोगबाट उपयुक्त उम्मेदवार छनौट गरी सिफारिसका लागि प्रदेश लोक सेवा आयोगले तोकेका निकायहरूबाट आयोगको वार्षिक कार्यतालिकले तोकेको म्यादभित्र माग आकृति फाराम भरी अनुरोध भै आएका सेवा/समूह/तहका पदहरूको परीक्षा सञ्चालनका लागि सर्वप्रथम ती पदहरूको पाठ्यक्रम निर्माण गरिन्छ। सम्बन्धित विषय विज्ञहरूको सहयोगमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३२ बमोजिमको पाठ्यक्रम समितिको सिफारिसमा आयोगले विभिन्न पदहरूका लागि आवश्यक पाठ्यक्रम स्वीकृत गर्दछ। साथै सोही ऐनको दफा ३२ बमोजिमको शैक्षिक योग्यता निर्धारण समितिले ती पदहरूका लागि आवश्यक शैक्षिक योग्यता निर्धारण गर्दछ। प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न तह, पद, समूह र उपसमूहको २५ पदका लागि ४८ वटा पाठ्यक्रमहरू निर्माण भएका छन्। बागमती प्रदेश भित्र सङ्गठित संस्थाको रूपमा स्थापित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको विभिन्न सेवा/समूह/तहका ८ पदहरूको ११ गरी कुल जम्मा ५९ वटा पाठ्यक्रम निर्माण सम्पन्न भै कार्यान्वयनमा रहेको छ।

## ३.२ विज्ञापन प्रकाशन

आयोगको स्वीकृत बार्षिक कार्यतालिका बमोजिमका विभिन्न सेवा/समूह/उपसमूहका पदहरूमा पदपूर्तिका लागि विभिन्न मितिमा विज्ञापन प्रकाशन गरिएको थियो। स्वीकृत वार्षिक कार्यतालिका बमोजिम मङ्सिर महिनाको दोस्रो सोमवार पाँचौं तह, पौष महिनाको दोस्रो सोमवार

चौथो तह, माघ महिनाको दोस्रो सोमबार छैटौं, सातौं र आठौं तह र फागुन महिनाको दोस्रो सोमवार नवौं तहको विभिन्न सेवा समूहका पदहरूमा दरखास्त आब्हान गरी विज्ञापन प्रकाशन गरिएको थियो। आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ कुल ८२५ पदका लागि दरखास्त आह्वान गरी विज्ञापन प्रकाशन गरिएको थियो । जसमा बढुवातर्फ १२१, आन्तरिकतर्फ ४४, खुलातर्फ ४४१ र समावेशीतर्फ २१९ पदहरू रहेका थिए। आ.व. २०७८/७९ मा आ.प्र., खुला र समावेशी गरी विभिन्न १९८ वटा विज्ञापन प्रकाशन गरिएको थियो।

### ३.३ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन मार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवातर्फका दरखास्त फाराम आयोग कार्यालयमा नै बुझाउनुपर्दछ। आर्थिक वर्ष २०७८।०७९ मा आयोगले अनलाइन प्रणालीबाट मात्र दरखास्त सङ्कलन हुने प्रबन्ध मिलाएकोमा आयोगबाट विभिन्न सेवा/समूह/तहका पदहरूका लागि भएका १९८ विज्ञापनहरूमा कुल ८५,०८४ वटा दरखास्त सङ्कलन भएका थिए । जसमा अधिकृतस्तरमा ९,२७१ दरखास्त र सहायकस्तरमा ७५,८१३ दरखास्त सङ्कलन भएको थियो।

### ३.४ परीक्षा सञ्चालन

विज्ञापन प्रकाशन भएसँगै विज्ञापन भएका पदहरूको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिई प्रश्नपत्रहरू तयार गरिन्छ।प्रश्न पत्र, परीक्षा स्थल र आवश्यक जनशक्तिको संयोजन गरी आयोगले विज्ञापन भएका पदहरूको लिखित परीक्षा तोकिएको मितिमा सञ्चालन गर्दछ।आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेश सरकार तथा स्थानीय तहहरू तर्फ ३३७ र गत आ.व.को मौज्दात १०४ गरी जम्मा ४४१ सेट परिमार्जित प्रश्नपत्र निर्माण गरी १२१ सेट प्रश्नपत्र छनौट गरी उपयोग गरियो। प्रयोगमा नआएका ३२० सेट परिमार्जित प्रश्नपत्रहरूलाई आयोगको प्रश्नपत्र बैङ्कमा सञ्चय गरी पछि हुने परीक्षाहरूमा उपयोग गर्न सकिने अवस्था रहेको छ।

आ.व २०७८/७९ मा ४९,६६९ जना परीक्षार्थीहरू प्रथम चरणको लिखित परीक्षामा सम्मिलित भएकोमा प्रशासन तर्फ ११७० जना परीक्षार्थीहरू दोश्रो चरणको परीक्षाका लागि छनौट भएका थिए। प्राविधिकतर्फ १०९४ जना परीक्षार्थीहरू अन्तर्वार्ताका लागि छनौट भएका थिए। आ.व. २०७८/७९ मा भएका विज्ञापनबाट विज्ञापित पद सङ्ख्या ८२५ पदकाको लिखित परीक्षा सम्पन्न भएका छन्। आर्थिक बर्ष २०७७/०७८ मा विज्ञापन भै सम्मानित सर्वोच्च तथा उच्च अदालतमा मुद्दा परी स्थगित भएका कृषि सेवा तर्फका चार वटा विज्ञापित पदका परीक्षा समेत यस समीक्षा अवधिमा सम्पन्न भयो।

## ३.५ उत्तरपुस्तिका सङकेतीकरण र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा अलग अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्धितीय सङ्केत नम्बर राखी सङ्केतीकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण भएको भागलाई उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा अलग अलग स्थानमा राखिन्छ। यसरी सङ्केतीकरण भइसकेपछि आयोगले तोकेको पदाधिकारीबाट सम्बन्धित विषय विज्ञ मनोनयन गरी उत्तरपुस्तिका परीक्षण गराइन्छ। आयोगको ऐन तथा नियमावलीले निर्दिष्ट गरे अनुसार प्रदेश निजामती सेवा तथा स्थानीय सेवातर्फ ४९,६८६ परीक्षार्थीहरूको उत्तरपुस्तिकाहरूमा प्रथम र दोश्रो सङकेत नम्बर राखी उत्तरपुस्तिका सङ्केतीकरणको कार्य सम्पन्न भएको छ। आयोगबाट प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फ गरी जम्मा ५२,४४७ उत्तरपुस्तिकाहरू परीक्षण भएका छन् । उक्त सङ्ख्या मध्ये ४,०६७ विषयगत २,७६८ वस्तुगत तथा ४५,६१२ उत्तरपुस्तिकाहरू **Optical Mark Recognition (OMR)** प्रविधिबाट परीक्षण गरिएको छ। साथै आयोगले लिने प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रम बमोजिम सीप परीक्षण तथा प्रयोगात्मक परीक्षाहरू सञ्चालन गर्ने गर्दछ। प्रतिवेदन अवधिमा आयोगले ५ पदका उम्मेदवारहरूका लागि कम्प्युटर सीप परीक्षण परीक्षाहरू सम्पन्न गरियो।

## ३.६ लिखित परीक्षाको नजिता प्रकाशन, अन्तर्वार्ता र सिफारिस

विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद सङ्ख्याको आधारमा प्रदेश लोक सेवा आयोग ऐन तथा नियमावलीमा उल्लखित व्यवस्थाअनुसार माग पदभन्दा निश्चित सङ्ख्या थप गरी सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क

प्राप्त गर्ने उम्मेदवारहरूको सङ्केत नम्बरका आधारमा नतिजा तयार गरी नतिजामा समावेश भएका सङ्केत नम्बर मात्र नतिजा प्रकाशन गर्न अर्को शाखामा पठाइन्छ र सो शाखाबाट नाम डिकोड गरी नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिन्छ। अन्तर्वातामा छनौट हुन सफल उम्मेदवारहरूको नियमानुसार प्रयोगात्मक परीक्षा (पाठ्यक्रम अनुसार प्रयोगात्मक परीक्षा हुने पदका हकमा) र अन्तर्वातामार्फत उपयुक्त उम्मेदवार छनौट गर्ने कार्य गरिन्छ । यसरी अन्तर्वार्ता लगायत सवै चरकणका परीक्षामा उच्च अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।प्रतिवेदन अवधिसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फ ५४० महिला र ६३४ पुरुष गरी जम्मा ११७४ जना उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गरिएको थियो। यसरी पहिलो पटक २०७७ साल मङ्सिर महिनाको दोस्रो सोमबार मङ्सिर ८ गतेबाट सुरु भएको सहायक चौथो तह, सहायक पाँचौं तह र अधिकृतस्तर छैटौं तहमा खुलातर्फ १०५७ जना र बढुवातर्फ ७८८ गरी जम्मा १८४५ पदको लागि विज्ञापन भएकोमा यस अवधिमा विभिन्न सेवा, समूह सञ्चालन गर्ने निकाय तथा कार्यालयहरूका रिक्त पदमा यस आर्थिक वर्षसम्म जम्मा ८०९ जना उम्मेदवारहरूलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ। सिफारिस भएका उम्मेदावारहरूमध्ये २९३ महिला र ५१६ पुरुष रहेका छन्।

### ३.७ समावेशी पदपूर्ति

निजामती सेवा ऐन २०४९ को दफा ७ को उपदफा (७) मा रहेको प्रावधान अनुसार खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमा तोकिएका समूह भित्रकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ।प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका जम्मा ३९६ विज्ञापनहरू मध्ये विभिन्न समावेशी समूहका लागि १३४ वटा विज्ञापनहरू गरिएको थियो। आर्थिक बर्ष २०७८/७९ मा समावेशी समूह तर्फका पदहरू मध्ये ११५ वटा महिला, ६३ वटा आदिवासी जनजाति (आ.ज.), २६ वटा मधेसी, ९ वटा दलित र २ जना अपाङ्ग गरी जम्मा २१५ जना सिफारिस भएका छन्। आन्तरिक, खुला र सबै समावेशी विज्ञापन समेत गरी कुल २९३ वटा महिलाहरू सिफारिस भएका छन्। यसरी गरिएको विज्ञापनहरूमा समावेशी समूहतर्फ ४५,६२१ दरखास्त परेका थिए। यसरी कुल सिफारिस सङ्ख्या ८०९ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट २१५जना उम्मेदवार सिफारिस भएका थिए।

प्रतिवेदन अवधिमा सम्पन्न परीक्षामा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका सबै तहमा गरी जम्मा ४९,६१६ उम्मेदवारहरू उपस्थित भएका थिए। सो मध्ये २२,१८५ जना महिला र २७,४३१ जना पुरुष छन्।

### ३.८ परामर्श

प्रतिवेदन अवधिमा लोक सेवा आयोग ऐन, २०७६ तथा सम्बन्धित सेवाको सर्त सम्बन्धी कानून बमोजिम प्रदेश तथा प्रदेश भित्रका स्थानीय निकायहरूबाट माग भई आएका सेवा सर्त सम्बन्धी तथा विभागीय कारवाही लगायतका विषयमा आयोगबाट कानून बमोजिम परामर्श प्रदान गरिएको थियो। यस अवधिमा ५ वटा सेवा सम्बन्धी कानूनका विषयमा परामर्श प्रदान गरिएको छ। त्यस्तै प्रदेश भित्रका स्थानीय निकायहरूबाट माग भई आए बमोजिम २ जना कर्मचारीलाई विभागीय सजाय गर्ने विषयमा कानून बमोजिम परामर्श प्रदान गरिएको थियो।

### ३.९ साङ्गठनिक सुधार

आयोगले सरकारी सेवा योग्य व्यक्तिको स्वच्छ, निष्पक्ष र पारदर्शी ढङ्गले छनौट गरी सिफारिस गर्दै आयोगको प्रतिष्ठामा अभिवृद्धि गर्न रणनीति योजना तय गरेको छ। जस अनुरूप आयोगमा विभिन्न परीक्षण विधिहरूको संस्थागत भएका छन्। आयोगलबाट संस्थागत क्षमता सुदृढीकरणका विभिन्न उपायहरू अवलम्बन गरिएको छ। परीक्षा दस्तुर बुझाउने कार्यलाई स्वचालित एवं अनलाइन प्रणालीमा आबद्ध गरिएको छ भने उम्मेदवारलाई **SMS** मार्फत सूचना सम्प्रेषण गर्ने कार्यलाई विस्तार गरिएको छ।

### ३.१० अन्य प्रमुख कार्यहरू

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम आयोगको २०७७ श्रावण १ गते देखि २०७८ असार मसान्त सम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू समावेश गरिएको आयोगको दोस्रो वार्षिक प्रतिवेदन मिति २०७८।०६।१५ मा प्रस्तुत गर्न प्रदेश प्रमुखको कार्यालयमा दर्ता गरी मिति २०७८।०७।१२ गते बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष आयोगको द्वितीय वार्षिक प्रतिवेदन २०७७।०७८ पेश गरिएको थियो।

- प्रदेश सरकारका विभिन्न निकायहरूमा रिक्त दरवन्दिहरूको नियमानुसार माग आकृति फारम भरी स्थायी पदपूर्तिका लागि अनुरोध भै आउन नसकेको सन्दर्भमा मिति २०७८।०८।०२ गते आयोग र  प्रदेशका प्रमुख सचिव एवं प्रदेश सरकारका विभिन्न निकायका सचिवज्यूहरू वीच छलफल सम्पन्न भयो। छलफलमा प्रचलित समायोजन ऐन, निजामती सेवा ऐन तथा नियमावली लगायतका सेवाको सर्त सम्बन्धी कानून बमोजिम रिक्त पदहरूमा पदपूर्ति गर्न कुनै बाधा नरहेको विषय आयोगले प्रथमिकताका साथ उठाएको थियो ।साथै प्रदेश सरकारको सङ्गठित संस्थाको रूपमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञापन प्रतिष्ठानमा रिक्त पदपूर्तिका सम्बन्धमा मिति २०७८।०७।२८ मा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष र सम्बन्धित कर्मचारीसँग छलफल गरियो ।
- आयोगको मिति २०७८।०४।११ गते को निर्णयले प्रदेश तथा स्थानीय सेवा र प्रदेशका स्वायत्त निकायहरूका विभिन्न सेवा/समूह/उपसमूह/तहका रिक्त पदहरू पदपूर्तिका लागि वार्षिक पदपूर्ति कार्यतालिका २०७८।०७९ स्वीकृत गरी कार्यान्वयन गरिएको ।
- मिति २०७८ चैत्र २० गते माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डेसँग प्रमुख सचिव श्री मुकुन्द निरौलाको सहजीकरणमा बैठक बसेको थियो। बारम्बार अनुरोध गरी आयोगको प्रगति तथा समस्याका बारेमा कुरा राख्ने प्रयास गरिएको भएता पनि माननीय मुख्यमन्त्रीको समय नमिल्दा बेला बखत असहज महसुस गरिएको कुरा माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठबाट प्रस्तुत भएको थियो।
- मिति २०७९/१/२१ गते यस आयोगका माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठ, माननीय सदस्य श्री शर्मिला नेउपाने, सचिव श्री रामकृष्ण अधिकारी सहितको कर्मचारीले लोक सेवा आयोगको कार्यालय कमलपोखरीमा मा. सदस्य श्री माधव वेलवासे, मा. सदस्य श्री दिनेश सिलवाल र मा. सदस्य श्री मन्जु कुमारी सँग भेट गरी छलफल गरेको र अनामनगरस्थित पहिलेको दरखास्त काउन्टरको भवनको ६ कोठाको तला सबै प्रदेश लोक सेवा आयोगहरूको परीक्षासम्बन्धी गोप्य कार्य सम्पादन गर्न प्रदान गर्ने निर्णय भएको कुरा जानकारी भएको।

- **निरीक्षण भ्रमणः** बागमती प्रदेशका श्रीमान् प्रमुख सचिव श्री किरण राज शर्मा र श्री मुकुन्द प्रसाद निरौलाले क्रमशः मिति मिति २०७८।०४।३२ र २०७८।११।२७ मा आयोगको निरीक्षण भ्रमण गर्नुभयो । सो अवसरमा आयोगको कार्यसम्पादन सहजीकरणका विविध विषयमा छलफल भएको थियो।
- **लिखित परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरणः** आयोगले सञ्चालन गर्ने परीक्षामा परिचालन हुने जनशक्तिहरूले परीक्षा कार्यमा खटिँदा सम्पादन गर्नुपर्ने कार्य र पालना गर्नुपर्ने आचरण अनुशासन लगायतका विषयमा मिति २०७८।०४।२९ गते हेटौँडामा र २०७८।१२।११ गते चितवनमा आयोगका माननीय अध्यक्ष र सदस्यज्यू एवं आयोगका सचिव तथा कर्मचारीहरूको प्रत्यक्ष उपस्थितिमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो ।
- **लोक सेवा आयोगहरूको द्विदिवसीय दोस्रो राष्ट्रिय सम्मेलनः** लुम्बिनी प्रदेश, रूपन्देहीको तिलोत्तमा नगरपालिकाको मणिग्राममा मिति २०७८ फागुन २३ र २४ गते प्रदेश लोक सेवा आयोगहरू सम्मिलित लोक सेवा आयोगहरूको दुई दिवसीय दोस्रो राष्ट्रिय सम्मेलन (Second National Conference of Public Service Commissions of Nepal) लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूका माननीय अध्यक्षहरू, माननीय सदस्यहरू, आयोगका श्रीमान् सचिवहरू सहित सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरूको गरिमामय उपस्थितिमा लोक सेवा आयोगले आयोजना गरेको थियो।
- **दोस्रो अन्तर प्रदेश कार्यशाला गोष्ठीः** प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा अझ बढी **विश्वसनीय, मर्यादित र स्वच्छ बनाउदै लैजान एवम् परीक्षा सम्बन्धी कार्यप्रणालीमा एकरूपता ल्याउन**, अन्तर प्रदेश सहकार्य तथा एक आपसको अनुभव आदान प्रदान गर्ने अभिप्रायले यस वर्ष प्रदेश लोक सेवा आयोग, प्रदेश नं १ को आयोजनामा विराटनगरमा मिति २०७८।०९।१८ र १९ गते सम्पन्न दोस्रो अन्तर प्रदेश कार्यशाला गोष्ठीमा आयोगको सक्रिय सहभागिता रहेको थियो।

## ४. आयोगले जिम्मेवारी निर्वाहका क्रममा देखेका कठिनाइहरू

स्वच्छता, निष्पक्षता, पारदर्शिता, तटष्थता एवं प्रभावकारिताका साथ योग्यता प्रणालिको संरक्षण र प्रवर्द्धन गर्दै संविधान तथा प्रचलित कानून बमोजिम तोकिएको जिम्मेवारी पूरागर्ने दायित्व पूरा

गर्न आयोग प्रतिबद्ध रहेको भएता पनि यसका लागि आवश्यक पूर्वाधारको सीमितताका बीच कार्यसम्पादन गर्नु पर्दा विविध कठिनाइ महसुस भएको छ । कानून बमोजिम आयोगलाई तोकिदिएको जिम्मेवारी निर्वाहका क्रममा देहाय बमोजिमका कठिनाइहरू का वीच कार्य सम्पादन गरिएको छः

**(क) नीतिगत अन्यौलता**

प्रदेश निजामती सेवा ऐन नियमको अभावमा प्रदेश सरकारमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासमा प्रतिकूल प्रभाव परेको छ। विगत ४ वर्ष देखि बढुवाको प्रक्रिया अवरुध्द रहेको छ। प्रचलित कानुन बमोजिम आयोगले परीक्षा सञ्चालन गर्दा प्रदेशमा रिक्त रहेका अधिकृत तहका परीक्षाहरू उपर न्यायिक प्रश्नहरू समेत उठिरहेका छन्। तर यही २०७८ साल वैशाख २४ गते प्रदेश सरकारले ल्याएको प्रदेश निजामती सेवा अध्यादेश, २०७८ र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बाट प्रदेश सरकार र स्थानीय सरकारको काम कारबाहीमा केही सहजता भएको थियो। तर उक्त अध्यादेश ऐनको रूपमा आउन नसकेको अवस्थाले नीतिगत अस्थिरता कायमै रहेको छ। यी अध्यादेशमा पनि प्रदेश र स्थानीय तहका कर्मचारीहरू आफ्नो वृत्ति विकास र भविष्यप्रति निश्चिन्त भई काम गर्न नसक्ने अवस्था सिर्जना भयो भनी चिन्तित रही अध्यादेशलाई प्रतिष्थापन गरी कर्मचारीमैत्री बनाउनु पहल गर्न कर्मचारीहरूबाट यस आयोगलाई समेत सकारात्मक भूमिका निर्वाहका लागि अनुरोध गरी कर्मचारीहरू सङ्गठित रूपमा आयोगमा आउने गरेका छन्।

**(ख) आवश्यक न्यूनतम जनशक्तिको अभावः**

प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा स्वीकृत दरबन्दी कुल ४९ जना भएता पनि जम्मा २१ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको। स्वीकृत अस्थायी दरबन्दीको ४२.८५ प्रतिशत मात्र कर्मचारीले आयोगको गहन कार्य सहज हिसाबबाट सम्पादन गर्न कठिनाइ भइरहेको छ। न्यून सङ्ख्यामा कर्मचारी कार्यरत रहेको अवस्थामा आयोगको सहमती बिना करमचारी सरुवा हुने गरेको छ ।

**(ग) भौतिक पूर्वाधारको सीमितताः**

आयोगको क्रियाकलाप र कामको प्रकृति अनुसार भाडाको भवन अपर्याप्त मात्रै होइन उपयुक्त पनि नहुने हुँदा आयोगको आफ्नै कार्यालय भवन आवश्यक देखिन्छ। आयोगको लागि पर्याप्त कोठा र सुरक्षा अतिनै महत्त्वपूर्ण हुन्छ। यसतर्फ प्रदेश सरकारले पर्याप्त चासो राख्नु पर्ने देखिन्छ।

**(घ) सवारी साधन र पारिश्रमिक सुविधाः**

नतिजामुखी कार्यसम्पादनको हिसाबबाट सफल यस प्रदेश लोक सेवा आयोगमा अन्य प्रदेश लोक सेवा आयोगहरूको तुलनामा सवारी साधनहरू र पदाधिकारीको पारिश्रमिकको अवस्था सबैभन्दा कम छ। आयोगको कार्यबोझ र कार्य प्रकृतिका आधारमा परीक्षा सामाग्री ढुवानी तथा यातायातका लागि सवारी साधनको अभाव रहेको छ।पदीय मर्यादा, आत्मसम्मान, बढ्दो महङ्गी, निजामती सेवा र अन्य सरकारी सेवामा भएको तलब बृद्धि र मुद्रा स्फितीको अवस्था समेतलाई ध्यानमा राखि समय सापेक्ष सेवा, सुविधामा वृद्धि हुनु पर्ने अवस्था रहेको छ। आयोगका दुई पदाधिकारीहरूलाई हालसम्म सरकारी सवारी साधन उपलब्ध गराउन सकिएको छैन। सोबाट पदाधिकारीको सामाजिक प्रतिष्ठा, अन्य सरकारी निकायसँगको समन्वय र अन्तर प्रदेश सेवा, सुविधामा असमानता रहेको छ।

**(ङ) सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा फैसलामा ढिलासुस्तीः**

प्रदेश सरकारबाट स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा **सम्मानित सर्वोच्च अदालतमा** उजुरी परेपछि हालसम्म पनि फैसला नभएको हुँदा प्रदेश सरकारको रिक्त दरबन्दी पदपूर्ति गर्न ज्यादै कठिनाइ भएको छ। लामो समयसम्म फैसला नहुँदा जनताले प्राप्त गर्नुपर्ने सेवा सुविधामा कर्मचारीको अभावको कारण प्रत्यक्ष असर परिरहेको छ जसबाट सरकारको कार्य सम्पादनमा नकरात्मक प्रभाव परेको छ।

**(च) रिक्त पदहरू लुकाउने प्रवृत्तिः**

गत आर्थिक वर्षमा बागमती प्रदेश भित्रका ११९ वटा स्थानीय तहहरूमध्ये ६२ वटा स्थानीय तहहरूले मात्रै आयोगको वार्षिक कार्यतालिका बमोजिम रिक्त पदहरू पदपूर्तिका लागि माग आकृति फारम भरी स्थायी नियुक्ति सिफारिसका लागि आयोगमा

अनुरोध गरी पठाएका थिए। बाँकी स्थानीय तहहरू रिक्त पदको पदपूर्तिका लागि माग पठाउने विषयमा अनुदार देखिएका थिए र प्रदेश सरकार मातहतका बहुसङ्ख्यक निकायहरू (मन्त्रालय) बाट गत आर्थिक वर्षमा पदपूर्तिका लागि उचित चासो देखाइएको थिएन। यस वर्ष स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सभा सचिवालय प्रदेश सरकारका पाँचवटा मन्त्रालय/निकायहरूबाट २०० वटा पदहरूको माग आकृति फाराम भरी पठाएको थियो। भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायत ६१ वटा स्थानीय तहहरूको ६२५ वटा पदहरूको माग आकृति फाराम भरी पठाएका थिए भने सबैभन्दा बढी रिक्त भएको काठमाडौं महानगरपालिकाले भने एउटा पनि पदको पदपूर्तिको लागि माग गरेन। आफूले नियुक्त गरेका व्यक्तिहरूको संरक्षणको लागि पनि रिक्त दरबन्दीको माग आकृति फाराम भरी समयमा नै आयोगमा नपठाउनु, प्रदेश अन्तर्गतका मन्त्रालय र कार्यालयहरूले समेत रिक्त दरबन्दी हुँदा पनि विज्ञापनको लागि कुनै चासो नदेखाउनु, कथम् कदाचित कुनै कार्यालयले माग आकृति फाराम भरी पठाएमा तालुक निकाय (मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) समेत गम्भीर भएको नदेखिनु जस्ता कारणले आयोगले धेरै रिक्त भइरहेका दरबन्दीहरूमा पदपूर्ति गर्न पाएको छैन।

**(छ) काठमाडौंमा आयोगको कार्यालय स्थापनाः**

आयोगको परीक्षा प्रकृयामा विभिन्न विषय विज्ञहरूको सहयोग लिनु पर्ने र हेटौंडामा कतिपय विषयका विषय विज्ञ उपलब्ध नहुने लगायतका कारण समय समयमा काठमाडौ आवतजावत गरिरिरहनु पर्ने हुदा आयोगको कार्य सम्पादनमा असहजता रहेको छ। यसका अतिरिक्त ठुलो सङ्ख्याका परीक्षार्थीहरु काठमाडौमा परीक्षा केन्द्र राख्न अनुरोध हुने गरेको छ। यसर्थ परीक्षार्थीहरूको सहजता र दक्षविज्ञहरूको सेवाको गुणस्तर कायम गर्नका लागि काठमाडौंमा सुविधासम्पन्न कार्यालय भवन अनिवार्य आवश्यकता भएको भएता पनि सोको अभावमा आयोगको कार्य सम्पादनमा असहजता रहेको छ।

## ५. सुझावहरू:

१. रिक्त पदहरू पदपूर्तिमा प्रदेशका बहुसंख्यक मन्त्रालयहरू र स्थानीय तहहरूले रिक्त पदहरू पदपूर्ति गर्ने तर्फ आर्थिक वर्ष २०७८/०७९ मा पर्याप्त चासो नदिएको आयोगलाई लागेको छ। विशेष गरी कर्मचारी समायोजन ऐन को दफा १२ मा भएको व्यवस्था "प्रदेश वा स्थानीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरबन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूरा हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागि अनुरोध गरी पठाउनु पर्ने" भन्ने स्पष्ट व्यवस्थाको आंशिक मात्र उपयोग हुन सक्यो, जसले गर्दा कर्मचारी अभावको समस्या ज्युँका त्युँ रह्यो। यसर्थ प्रदेश सरकार र स्थानीय तहहरूले यो प्रावधानको गम्भीरतालाई अनुसरण गरी रिक्त पदहरू पदपूर्तिको लागि हालसम्म मागआकृति फारम भरी नपठाएका प्रदेशका मन्त्रालयहरू र स्थानीय तहले तत्काल सम्पुर्ण रिक्त पदहरूमा पदपूर्तिका लागि माग आकृति फारम भरी आयोगमा पठाउनु पर्ने।

२. २०७८ साल चैत २४ गते बागमती प्रदेश सरकारले जारी गरेको प्रदेश निजामती सेवा अध्यादेश, २०७८ एवम् स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ मा व्यवस्था भए अनुसार बढुवा समितिको सचिवालय क्रियाशील हुन नसक्दा खुला तथा आन्तरिक प्रतियोगिताका लिखित परीक्षाको नतिजा प्रकाशित गर्न सकिएन। उपरोक्त अध्यादेशमा भएको व्यवस्थाहरू बमोजिम दरबन्दी यकिन गर्ने, पद दर्ता गर्ने र रिक्त रहेका पदहरू पदपूर्तिका लागि आयोगको वार्षिक कार्यतालिका बमोजिम मागफाराम भरी पठाउने काममा प्रदेशका मन्त्रालय एवम् स्थानीय तहहरू गम्भीर हुनुपर्ने साथै बढुवा समितिले बढुवाको प्रक्रिया पूरा गरी लामो समय देखि रोकिएका विभिन्न तहका लिखित परीक्षाहरूको नतिजा प्रकाशनमा आयोगलाई सहजीकरण गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पहल लिनु पर्ने।

३. संविधान अनुसार सङ्घीयता कार्यान्वयन भई देश सङ्घीय संरचनामा गइसकेको अवस्थामा अन्य मन्त्रालय र कार्यालयहरू स्थायी कर्मचारीको दरबन्दीमा कार्य गरिरहेको अवस्थामा हालसम्म आयोगमा अस्थायी दरबन्दीको व्यवस्था भई

कर्मचारीहरू विभिन्न निकायहरूमा पदाधिकार राखी काजमा पठाउने व्यवस्थाले गर्दा आवश्यक सङ्ख्यामा कर्मचारी पाउन नसकिएको अवस्था यद्यपि विद्यमान रहेको छ। प्रदेश लोक सेवा आयोगको कर्मचारी दरबन्दी म्यादी कर्मचारी सरह व्यवहार गरी वार्षिक रूपमा कर्मचारीको अस्थायी दरबन्दी स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा अनुरोध गर्नुपर्ने अवस्थाले अन्यत्रबाट कर्मचारी सरुवा भई आयोगमा आउन हिचकिचाउने र हाल आयोगमा मौजुदा कर्मचारीहरूमा समेत अनिश्चितता, नैराश्यताका साथै हिनताबोध र आत्मसम्मानमा चोट पुगेको जस्ता कुराहरूले गर्दा प्रदेश लोक सेवा आयोगले पेस गरे बमोजिम आयोगको संरचना र दरबन्दी स्वीकृत गरी पद दर्ता समेतको प्रबन्धमा प्रदेश सरकारले सहजीकरण गरिदिनु पर्ने।

४. केही मन्त्रालय र स्थानीय तहहरूले रिक्त पदहरूमा प्रचलित कानून विपरीत करार वा अस्थायी रूपमा कर्मचारी भर्ना गर्ने प्रवृत्ति रोकिएको छैन। यसतर्फ प्रदेश सरकार अन्तर्गतका सबै निकायहरू र स्थानीय तहहरूले गम्भीर हुनै पर्ने अवस्था रहेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम परामर्श लिनु पर्ने बाध्यात्मक व्यवस्थाहरूको पालना नभएकोले पालना गर्नुपर्ने।

५. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले प्रदान गरेको परामर्शको सबै सरोकारवाला निकायहरूले पालना गर्नुपर्ने।

६. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले आवश्यकतानुसार शाखा कार्यालय स्थापना गर्न सकिने व्यवस्था गरेको तथा विशेषगरी विज्ञहरूको सेवालाई प्रभावकारी बनाउन विज्ञ उपलब्धताको अवस्था र परीक्षा सञ्चालनको गाम्भीर्यता समेतलाई दृष्टिगत गर्दा काठमाडौं उपत्यकाभित्र एउटा शाखा कार्यालय स्थापना गर्नुपर्ने र तत्कालै एउटा कम्तीमा सम्पर्क कार्यालय स्थापना गरी सञ्चालनमा ल्याउनै पर्ने अवस्था रहेको छ। यसका लागि आयोगले सहयोगको अपेक्षा राखेको हुँदा थप बजेट र जनशक्तिको व्यवस्थापनका लागि प्रदेश सरकार सकारात्मक हुनुपर्ने।

७. प्रदेश लोक सेवा आयोगको कार्य प्रकृतिको दृष्टिकोणले सरकारी स्वामित्वको उपयुक्त भवनबाट कार्यालय सञ्चालनको प्रबन्ध गर्न अनिवार्य भएको छ। आयोगको अनुरोधमा यसतर्फ प्रदेश सरकारले प्राथमिकता दिनुपर्ने।

८. प्रदेश सरकार र सबै स्थानीय तहहरूले ६ महिनाभन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको परामर्श लिनुपर्ने व्यवस्थालाई कडाइका साथ पालना गर्ने। हाल आएर आयोगमा पदपूर्तिको लागि कम सङ्ख्याको माग आकृति फाराम भरी पठाउने र आफूखुसी करारमा कर्मचारी राख्ने प्रवृत्ति बढिरहेको देखिएकाले यस्तो कार्य तत्काल अन्त्य गर्नुपर्ने।

९. सम्मानित सर्वोच्च अदालतले सरकारविरुद्धमा उजुरी परेको खण्डमा सरकारी कार्यलाई सुशासनयुक्त बनाउन प्रथम प्राथमिकताका साथ फैसला दिनु पर्ने र उजुरी परेको दिनदेखि बढीमा ३ महिनाभित्र न्यायिक फैसला दिइसक्नु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्ने। फैसला गर्ने सम्बन्धमा सरकारी कार्यलाई यो वा त्यो नाममा ढिलासुस्ती गर्न नपाइने र इण्डोनेसियाले अपनाएको जसरी अधिकतम समय सीमा कम गरी निर्धारण गर्नुपर्ने।

१०. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ बमोजिम स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कानून कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ भन्ने व्यवस्थाको प्रमुख प्रशासकीय अधिकृतले अक्षरशः पालना गर्नु पर्ने।

११. नेपाल सरकारबाट २०७६ वैशाख १६ गते निर्धारण गरिएको प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको मर्यादाक्रम परिमार्जनका बारेमा अघिल्ला दुबै वार्षिक प्रतिवेदनहरूमा स्पष्ट आधारहरूसहित गम्भीर ध्यान आकृष्ट गरिएकोमा हालसम्म परिमार्जन नभएकोले प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको मर्यादाक्रम १२ नम्बरमा संवैधानिक निकायका सदस्य तथा आयुक्तको लगत्तै पछि राख्ने व्यवस्थाका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध हुनु पर्ने।

१२. बागमती प्रदेश सरकारबाट अनुरोध भएबमोजिम बागमती प्रदेश सभाबाट मिति २०७९ आषाढ २९ गते स्वीकृत भएको प्रतिस्थापन विधेयकहरू - स्थानीय तहका

सेवाको गठन तथा सञ्चालनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९ आषाढ ३१ गते बागमती प्रदेश सभा सचिवालयमा दर्ता भएको थियो। यस प्रतिस्थापन विधेयकमा देहायबमोजिम गरिएको व्यवस्थाले आयोगले लिएको छैठौं तहका सबै परीक्षाहरू अलपत्र पर्ने अवस्था सिर्जना भएको छ। आयोगको काम प्रति जनविश्वास कमजोर हुने र सहभागी हजारौं परीक्षार्थीहरू उपर अन्याय हुने अवस्था आउन सक्ने अवस्था उपर उक्त अध्यादेश जारी हुनु अघिनै आयोगले उपलब्ध गराएको परामर्श समेत नजर अन्दाज गरिनु उपयुक्त नभएको हुँदा परामर्श अनुसार हुन प्रदेश सरकारसँग अनुरोध छ।

**स्थानीय तहका सेवाको गठन तथा सञ्चालनसम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिस्थापन विधेयक**

| दफा | अध्यादेश, २०७८ मा भएको व्यवस्था | प्रतिस्थापन विधेयक, २०७९ मा भएको व्यवस्था |
|---|---|---|
| अध्यादेश २०७८ को दफा १५३ र अध्यादेश २०७९ को दफा १५६ | (१) यस अध्यादेश प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रममा रहेका पदपूर्ति तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरु गरिसकेका अन्य कार्य सोही कानुन बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन। | (३) सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०७८ प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रमका रहेका अधिकृतस्तर छैठौ बाहेकका पदको पदपूर्ति तथा प्रचलित कानून बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरू गरिसकेका अन्य कार्य सोही कानून बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन। |

# विषयसूची

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|


कार्यकारी सारांश........................................................................................I-XVI

परिच्छेद - १

आयोगको गठन र कार्य क्षेत्र १-४

१.१ ऐतिहासिक पृष्ठभूमि..............................................................................१

१.२ आयोगको गठन ..................................................................................२

१.३ आयोगको काम, कर्तव्य र अधिकार.........................................................२

१.४ प्रतिवेदन ..........................................................................................४

परिच्छेद - २

आयोगको कार्यसम्पादनका आधारहरू ५-१३

२.१ संस्थागत प्रबन्ध.....................................................................................५

२.१.१ संविधान.....................................................................................५

२.१.२ कानूनहरू...................................................................................५

२.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र..............................................................६

२.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू ...............................७

२.३.१ योग्यताको सिद्धान्त (Principle of Merit)...............................................७

२.३.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality) ..............................७

२.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)..........................................८

२.३.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality).....................................८

२.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness).................................८

२.३.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity) ......................८

२.३.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind).........................................८

२.३.८ परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)......................९

२.३.९ असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement) .........................९

२.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह.............................................................९

२.४.१ वार्षिक कार्यतालिका...........................................................................१०

२.४.२ विज्ञापन प्रकाशन ....... १०

२.४.३ दरखास्त सङ्कलन ....... १०

२.४.४ लिखित परीक्षा सञ्चालन ....... १०

२.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण ....... ११

२.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस ....... ११

२.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन ....... १२

## परिच्छेद - ३

प्रशासनिक तथा वित्तीय स्थिति १४-१९

३.१ बैठक तथा निर्णय ....... १४

३.२ आयोगको दरबन्दी र पदपूर्तिको अवस्था ....... १६

३.३ भौतिक अवस्था ....... १७

३.४ क्षमता विकास ....... १७

३.५ निरीक्षण ....... १८

३.६ बजेट, निकासा र खर्च ....... १८

३.७ राजस्व र धरौटी ....... १९

३.८ बेरुजु ....... १९

## परिच्छेद - ४

परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम २०

४.१ परीक्षण प्रविधि ....... २०

४.२ शैक्षिक योग्यता र पाठ्यक्रम ....... २०

## परिच्छेद - ५

विज्ञापन र दरखास्त २१-२९

५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ....... २१

५.२ प्रतिशत निर्धारण ....... २१

५.३ विज्ञापन ....... २१

५.४ दरखास्त ....... २२

## परिच्छेद - ६

## परीक्षा ३०-३५

६.१ प्रश्नपत्र निर्माण र परिमार्जन....................................................................३०
६.२ लिखित परीक्षा..........................................................................................३१
    ६.२.१ प्रथम चरणको परीक्षा.........................................................................३१
    ६.२.२ लिखित परीक्षा सञ्चालन......................................................................३१
    ६.२.३ लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू.........३१
    ६.२.४ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारवाही...........३१
६.३ उत्तरपुस्तिका सङ्केतीकरण..........................................................................३२
६.४ उत्तरपुस्तिका परीक्षण.................................................................................३३
६.५ लिखित परीक्षाबाट उम्मेदवार छनौट नभएका विज्ञापनहरू..................................३३
६.६ विज्ञापन भई परीक्षा नै सञ्चालन हुन नसकेको विज्ञापन........................................३३
६.७ प्रयोगात्मक..............................................................................................३३
६.८ अदालतको अन्तरिम आदेशबाट परीक्षा स्थगित भएका सेवा समूहका पदहरूः...........३४
६.९ धेरै वैकल्पिक उम्मेदवार सिफारिस..............................................................३५

## परिच्छेद - ७

## अन्तर्वार्ता तथा सिफारिस ३६

७.१ अन्तर्वार्ता.................................................................................................३६
७.२ सिफारिस...................................................................................................३६

## परिच्छेद - ८

## समावेशी पदपूर्ति ३७-४२

८.१ समावेशी समूहतर्फ विज्ञापान र दरखास्त........................................................३७
८.२ प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थिति......................३७
८.३ समावेशी समूहतर्फ सिफारिस......................................................................३८
८.४ महिला उम्मेदवारको सिफारिस.....................................................................३९
८.५ आदिवासी/जनजाति समूह तर्फको सिफारिस.....................................................३९
८.६ मधेसी समूह तर्फको सिफारिस......................................................................४०
८.७ दलित समूह तर्फको सिफारिस......................................................................४०

८.८ अपाङ्गता भएका समूह तर्फको सिफारिस.........................................................४१
८.९ विभिन्न विज्ञापनमा स्थायी नियुक्तिका लागि सिफारिस भएका सफल उम्मेदवार..........४१


परिच्छेद - ९

परामर्श र उजुरी ४३-४४
९.१ कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा परामर्श..................................४३
९.२ विभागीय सजायका विषयमा परामर्श............................................................४४


परिच्छेद - १०

साङ्गठनिक सुधार ४५-४६
१०.१ रणनीतिक योजना..................................................................................४५
१०.२ परीक्षा प्रणालीमा सुधार..........................................................................४६
१०.३ प्रविधिको प्रयोग..................................................................................४६
१०.३.१ अनलाइन प्रणाली............................................................................४६
१०.३.२ वेवसाइट.........................................................................................४६


परिच्छेद - ११

आयोगबाट सम्पादन भएका कामहरू ४७-७३
११.१ प्रदेश सरकारका सचिवहरूसँग छलफलः...........................................................४७
११.२ वार्षिक पदपूर्ति कार्यतालिका २०७८।०७९ प्रकाशनः.............................................४७
११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणः...........................................................४८
११.४ माननीय महालेखा परीक्षकसँग बैठकः...........................................................५६
११.५ केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता र निरीक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम.....................................................५६
११.६ प्रमुख सचिव श्री किरण राज शर्मालाई आयोगमा स्वागतः.......................................५७
११.७ प्रदेश सुशासन केन्द्रको बैठकः.....................................................................५८
११.८ ऐतिहासिक पहिलो सिफारिसः.......................................................................५८
११.९ प्रथम ऐतिहासिक अभिमुखीकरण तालिम सञ्चालनः...........................................५९
११.१० माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माको स्वागत समारोहमा सहभागिताः........६०
११.११ ..........................................................................................................६०
११.१२ ..........................................................................................................६०

११.१३ ........................................................................................६१
११.१४ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको टिमसँग पाठ्यक्रम सम्बन्धी छलफलः ........................................................................................६१
११.१५ हेटौंडा उपमहानगरपालिकासँग छलफलः ........................................................६१
११.१६ माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठलाई पत्राचारः ........................................................६१
११.१७ आयोगको दोस्रो वार्षिक प्रतिवेदन प्रस्तुतः ........................................................६१
११.१८ वार्षिक पदपूर्ति कार्यतालिका बमोजिम माग आकृति फाराम भरी पठाउन पत्राचार गरिएकोः ........................................................................................६२
११.१९ माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डेलाई बधाई तथा शुभकामना पत्रः ......६२
११.२० रिक्त दरबन्दी पदपूर्ति गर्न माग आकृति फाराम भरी लेखी पठाउन पुनः पत्राचारः ........................................................................................६३
११.२१ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्षसँग बैठकः .......................६३
११.२२ प्रमुख सचिव तथा सचिवहरूसँग आयोगका पदाधिकारीको बैठकः .....................६३
११.२३ निमित्त सचिव श्री भोला दाहालको विदाईः ........................................................६३
११.२४ सचिव श्री रामकृष्ण अधिकारीको स्वागतः........................................................६४
११.२५ हेटौंडा उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृतसँग बैठकः...................६४
११.२६ ऐतिहासिक प्रथम सामूहिक छलफल आरम्भ भएकोः........................................६४
११.२७ दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीः.................................६५
११.२८ दोस्रो अन्तर प्रदेश लोक सेवा आयोगको कार्यशाला गोष्ठीको समीक्षाः................६६
११.२९ आयोगको इतिहासमा पहिलो पटक जुम बैठकः..............................................६६
११.३० माननीय मुख्यमन्त्रीसँग छलफलः ........................................................६६
११.३१ नेपाल भेटेरिनरी एसोसिएसनसँग छलफलः..................................................६६
११.३२ लिखित परीक्षा कार्यक्रम स्थगन र सुरुः........................................................६७
११.३३ लोक सेवा आयोगहरूको दुई दिवसीय दोस्रो राष्ट्रिय सम्मेलनः ..........................६७
११.३४ प्रमुख सचिव श्री मुकुन्द प्रसाद निरौलालाई आयोगमा स्वागतः.........................६८
११.३५ चितवनमा परीक्षा सञ्चालनमा खटिने सम्भावित जनशक्तिका लागि अभिमुखीकरण कार्यक्रमः ........................................................................................६८

११.३६ माननीय मुख्यमन्त्रीसँग आयोगका पदाधिकारीको बैठकः ................................६९
११.३७ आयोगका पदाधिकारीसहित सम्पूर्ण कर्मचारीको आन्तरिक बैठकः....................७०
११.३८ बढुवा समितिको अध्यक्ष तोकिएकोः ..........................................................७०
११.३९ लोक सेवा आयोगका पदाधिकारीसँग बैठकः...............................................७०
११.४० आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुने प्रदेश सभाको बैठकः ............................................................................................................७१
११.४१ नक्कली परीक्षार्थीलाई कारबाहीः ..............................................................७१
११.४२ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको दोस्रो वार्षिकोत्सव २०७९ मा सहभागिताः...........................................................................................७१
११.४३ बागमती प्रदेश सरकारबाट जारी भएक स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को कार्यान्वयनका सम्बन्धमा स्पष्ट पारिएको............................७२
११.४४ आयोगलाई विपक्षी बनाइएका मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफ फिराइएकोः ..........................................................................................७२

## परिच्छेद - १२

**आयोगले जिम्मेवारी निर्वाहको क्रममा भोगेका समस्याहरू** ७४-७६

१२.१ आयोगमा कर्मचारीको कमी ........................................................................७४
१२.२ भौतिक पूर्वाधारको अभावः..........................................................................७४
१२.३ सवारी साधन र पारिश्रमिक सुविधा ...........................................................७५
१२.४ सम्मानित अदालतहरूको ढिलो फैसलाबाट आयोगको कार्य सम्पादनमा परेको प्रभाव.............................................................................................७५
१२.५ नीतिगत अन्यौल.......................................................................................७५
१२.६ रिक्त पदहरू लुकाउने प्रवृत्ति.......................................................................७६
१२.७ कार्यालय विस्तारः.......................................................................................७६

## परिच्छेद - १३

**सुझावहरू** ७७-८०

**अनुसुचीहरु** **८१-१३५**

अनुसूची - १ : सङ्गठन संरचना.......................................................................८१
अनुसूची - २ : दरबन्दी तथा पदपूर्तिको अवस्था.................................................८२

अनुसूची - ३ : वि. सं. २०७८ श्रावण १ गतेदेखि २०७९ असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण ........................................................................८३

अनुसूची - ४ : भौतिक स्रोत साधनको अवस्था........................................................८५

अनुसूची - ५ : विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण.............................८६

अनुसूची - ६ : सम्पादित हुन नसकेका कार्यक्रम ...................................................८७

अनुसूची - ७ : दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण २०७८/०७९ .........८८

अनुसूची - ८ : दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण २०७८/०७९ .........८८

अनुसूची - ९ : राजश्व र धरौटीको विवरण..............................................................९०

अनुसूची - १०: बेरुजु फछ्र्यौटको स्थिति ...............................................................९१

अनुसूची - ११: शैक्षिक योग्यताको निर्धारण र पाठ्यक्रम निर्माणसम्बन्धी विवरण..........९२

अनुसूची - १२: वार्षिक पदपूर्ति कार्यतालिका ..........................................................९५

अनुसूची - १३: आ.व. २०७८/०७९ मा भएका विज्ञापन सम्बन्धी विवरण............. १०१

अनुसूची - १४: आ.व. २०७८/०७९ मा प्रदेश लोक सेवा आयोगबाट भएका विज्ञापन सम्बन्धी विस्तृत विवरण........................................................... १०६

अनुसूची - १५: दरखास्त दिने उम्मेदवारहरू र परीक्षामा सम्मिलित उम्मेदवारहरूको विस्तृत विवरण.................................................. १०७

अनुसूची - १६: अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण ........................ ११४

अनुसूची - १७: सार्वजनिक प्रशासन (निजामती प्रशासन) मा भएको विसङ्गति सुधार गर्नु पर्ने बारे सुझाव.............................................................. ११७

अनुसूची - १८: ................................................................................ ११८

अनुसूची - १९: ................................................................................ १२०

अनुसूची - २०: ................................................................................ १२३

अनुसूची - २१: ................................................................................ १२५

अनुसूची - २२: ................................................................................ १२७

अनुसूची - २३: ................................................................................ १२८

अनुसूची - २४: ................................................................................ १२९

अनुसूची - २५: प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश विपक्षीलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेका मुद्दाहरू सम्बन्धी जानकारी ...... १३५

# परिच्छेद - १
# आयोगको गठन र कार्य क्षेत्र

## १.१ ऐतिहासिक पृष्ठभूमि

सरकारी सेवामा योग्य, सक्षम र प्रतिस्पर्धी व्यक्तिहरूको भर्ना सुनिश्चित गरी सरकारी सेवालाई नतिजामुखी र सेवामुखी बनाउने उद्देश्यका साथ नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ६५ मा 'दरखास्त परिषद्को व्यवस्था गरिएको थियो। उक्त व्यवस्थासँगै नेपालमा योग्यता प्रणालीको विकास, संरक्षण र प्रवर्द्धन गर्ने संवैधानिक निकायको रूपमा लोक सेवा आयोगको इतिहासको प्रारम्भ भएको हो। नेपाल सरकार वैधानिक कानून, २००४ लागू हुन नसकेको कारणले गर्दा सो परिषद्ले मूर्त रूप भने पाउन सकेन। वि.सं. २००७ सालमा जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा व्यवस्था भए बमोजिम वि.सं. २००८ साल असार १ गते पब्लिक सर्भिस कमिशनको स्थापना भएको थियो। त्यस पश्चातका प्रत्येक संविधानले लोक सेवा आयोगलाई संवैधानिक निकायका रूपमा मान्यता दिएको लोक सेवा आयोगले नेपालमा योग्यता प्रणालिको संरक्षक र प्रवर्द्धकको भूमिका निर्वाह गर्दै संविधान तथा प्रचलित कानूनले तोकेको दायित्व प्रभावकारी रूपम निर्वाह गर्दै आएको छ। नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा 'सरकारका सबै सेवा वा पदमा भर्नाको निमित जाँच गर्ने' कर्तव्य तोकी योग्यता प्रणालीलाई मलजल गर्ने कार्यको सुरूवात भएको थियो।

वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने प्रावधान रहेको छ। सङ्घीय संसदको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मिति २०७६ साल असोज २८ गते जारी भएको छ। लोक सेवा आयोगको स्थापना भएको करिब ६८ वर्षपछि नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगको व्यवस्था गरिए बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मङ्सिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको हो।

बागमती प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो।

## १.२ आयोगको गठन

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार आयोगमा कम्तीमा एक जना महिला हुने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्यहरू रहेन प्रावधान छ। प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ। समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्ने गर्दछ। आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण  कार्य गरी ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट नियुक्त हुने प्रावधान छ। अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने तथा देहायका योग्यता भएको नेपाली नागरिक अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था रहकोछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छः

(१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवामा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको

पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(७) आयोगको अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ५४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी पेश भएको वार्षिक प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने र पेश भएको वार्षिक प्रतिवेदनमाथि प्रदेश मामिला समितिमा छलफल हुने प्रावधान रहेको छ। सोहीबमोजिम आयोगले यो प्रतिवेदन तयार गरेको छ।

# परिच्छेद - २
# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

### २.१.१ संविधान

नेपालको संविधानको भाग २३ को धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र यसका लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरेको छ।

### २.१.२ कानूनहरू

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सङ्घीय संसदले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५जारी गरेको र सोहीअनुसारको मर्म र भावना बमोजिमका प्रावधान समावेश गरी बागमती प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाई कार्यान्वयनमा ल्याएको छ। ऐनले दिएको अधिकार प्रयोग गरी आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ एवं आवश्यकता अनुसार मापदण्ड तथा कार्यविधिहरू स्वीकृत गरेको छ ।आयोगको कार्यसम्पादनको सिलसिलामा प्रयोगमा रहेका प्रचलित मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश सरकारी सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८
- स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## २.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र

प्रदेश लोक सेवा आयोगको मुख्य कार्यालय बागमती प्रदेशको राजधानी हेटौंडामा स्थापना गरिएको छ।साथै आयोगको कामकारबाहीलाई सहज तथा सरल बनाउनका लागि प्रदेशका अन्य जिल्लाहरू खासगरी काठमाडौं उपत्यकामा पनि शाखा कार्यालय वा सम्पर्क कार्यालयको स्थापना गर्ने योजना प्रदेश लोक सेवा आयोगले बनाएको छ। आयोग स्थापना भएको ३ वर्ष हुन लाग्दा पनि आयोग समक्ष भौतिक पूर्वाधार तथा संरचनागत र मानव संशाधन परिपूर्ति गर्ने चुनौती रहेको छ। प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य सम्पन्न गरी प्रदेश सरकारबाट मिति २०७७।०८।०८ मा निर्णय गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्मानित सर्वोच्च अदालतमा विचाराधीन भएको हुँदा आयोग नै अस्थायी ढङ्गबाट चल्नु पर्ने गरी यस आयोगलाई असर परेको छ। बागमती प्रदेश सरकारबाट स्वीकृत आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी बमोजिम आयोगमा ११ औं तहको अधिकृत सचिव रहने व्यवस्था सहित कुल ४९ जनाको दरबन्दी कायम गरिएको छ। यस आयोगमा प्रशासन तथा अनुगमन महाशाखा, परीक्षा महाशाखा र नतिजा प्रकाशन तथा सिफारिस महाशाखा गरी जम्मा ३ वटा महाशाखा रहेका छन्।प्रशासन तथा

अनुगमन महाशाखा अन्तर्गत प्रशासन, अनुगमन तथा सूचना प्रकाशन शाखा, जिन्सी एकाइ, दर्ता चलानी तथा सहायता कक्ष, कानून शाखा, सूचना प्रविधि शाखा, परीक्षा महाशाखा अन्तर्गत पाठ्यक्रम तथा परीक्षण प्रविधि शाखा, परीक्षा सञ्चालन शाखा, लिखित परीक्षा नतिजा तयारी शाखा र नतिजा प्रकाशन तथा सिफारिस महाशाखा अन्तर्गत नतिजा प्रश्नपत्र परिमार्जन शाखा, लिखित परीक्षा नतिजा प्रकाशन शाखा, अन्तर्वार्ता तथा सिफारिस शाखा रहेका छन्। आयोगको सङ्गठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण अनुसूची १ र अनुसूची २ मा उल्लेख गरिएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ बमोजिम बागमती प्रदेश अन्तर्गत रहेका विभिन्न मन्त्रालय तथा निकायहरू, स्थानीय तहहरू, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवामा पदपूर्ति गर्ने कार्यक्षेत्र रहेको छ।

## २.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

### २.३.१ योग्यताको सिद्धान्त (Principle of Merit)

सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादन गर्नका लागि योग्य हुने विश्वास गरिन्छ। आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिन्छ।

### २.३.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने र सरकारी सेवामा योग्य व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता कायम राख्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको निर्माण, परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ।

### २.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगका सम्पूर्ण काम कारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ।

### २.३.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

योग्यता प्रणालीको संरक्षक तथा प्रवर्द्धकका रूपमा स्थापित यस आयोगका निर्णय र परीक्षासम्बन्धी कामकारबाहीहरूबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनैपनि ढङ्गले कसैलाई पनि पक्षपात गरिँदैन। आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगले सम्पादन गर्ने परीक्षा सम्बन्धी वा अन्य कुनै पनि कामकारबाहीमा भनसुन तथा दबाब जस्ता क्रियाकलापलाई अस्वीकार गरी स्वच्छ प्रतिस्पर्धाका आधारमा सबल र सक्षम व्यक्तिलाई सिफारिस गरिन्छ।

### २.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)

पदपूर्तिका लागि आयोगमा माग भई आएका पदहरूमा राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ।

### २.३.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। योग्यता पुगेका सबै सम्भाव्य नेपाली नागरिकहरूलाई कानून बमोजिम खुला एवम् समावेशी विधिबाट परीक्षामा सहभागी गराई प्रतिस्पर्धात्मक माध्यमबाट छनौट हुने समान अवसर प्रदान गरिन्छ।

### २.३.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind)

आयोगले पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको, थाहा

नपाउने विधि अवलम्बन गरिन्छ। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। पहिलो कोडिङमा संलग्न व्यक्ति दोस्रो कोडिङमा सहभागी हुन नसक्ने व्यवस्था गरिन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ हुन्छन। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक शाखा वा महाशाखाको काममा अर्को शाखा वा महाशाखाको पहुँच नहुने गरी कार्यव्यवस्था मिलाइएको छ।

### २.३.८ परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)

लिखित परीक्षा सकिएपछि आयोगले उत्तरपुस्तिका परीक्षण गराउनु अगावै उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको सबै व्यक्तिगत विवरणहरूलाई दोहोरो कोडिङ गरी उत्तर पुस्तिकाबाट अलग गराई कोड परिचय कायम गरिन्छ। यसो गर्दा विज्ञ तथा कर्मचारीले उक्त उत्तरपुस्तिका कसको हो भन्ने कुरा थाहा पाउँदैनन्। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचानविहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसङ्केतीकरण प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

### २.३.९ असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्यहरूमा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका परिवारका सदस्य वा नातेदार व्यक्ति सहभागी हुने भएमा उक्त परीक्षाका सबै चरणमा पदाधिकारी, कर्मचारी वा विज्ञलाई सहभागी गराइँदैन। यसबाट आयोगको कामकारबाहीमा निष्पक्षता कायम भई योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन हुन गएको छ।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश बागमती प्रदेशभित्रका सरकारी सेवामा योग्य व्यक्तिको छनौट गरी योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गर्न नेपालको संविधानबमोजिम स्थापना भएको संवैधानिक निकाय हो। बागमती प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि आयोगले अवलम्बन गर्ने कार्यप्रक्रिया देहायबमोजिम उल्लेख गरिएको छ :

### २.४.१ वार्षिक कार्यतालिका

आयोगले हरेक आर्थिक वर्षमा वार्षिक कार्यतालिका सार्वजनिक गर्ने नीति लिएको छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो तथा स्थानीय तहका अन्य सङ्गगठित संस्थाका लागि आयोगबाट प्रत्येक आर्थिक वर्षका लागि पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका तयार गरी लागू गर्दछ। जसबाट आयोगको पदपूर्ति सम्बन्धी कामकारबाहीलाई प्रभावकारी, कार्यक्षमतापूर्ण र मितव्ययी बनाउन मद्दत पुग्दछ।

### २.४.२ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा तथा प्रदेश सङ्गठित संस्थाको रूपमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सन्दर्भमा वार्षिक कार्यतालिकाको निर्धारित समयमा सम्बन्धित मन्त्रालय, निर्देशनालय र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी पठाएपछि आयोगले कानून बमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। यस्तो सूचना/विज्ञापन राष्ट्रियस्तरको दैनिक पत्रिका तथा आयोगको वेबसाइटबाट समेत प्रकाशन गरिन्छ।

### २.४.३ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणाली मार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवातर्फका दरखास्त फाराम आयोगको कार्यालयमा नै बुझाउनुपर्दछ। खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षामा प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय अन्य सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा समेत दरखास्त फाराम आयोगको अनलाइन मार्फत दरखास्त सङ्कलन गरिन्छ । अनलाइनको माध्यमबाट दरखास्त दिन पाउँदा परीक्षार्थीहरूको समय, श्रम र लागतसमेत बचत हुन गई आ-आफ्नो स्थानबाट सेवा प्राप्त हुने हुँदा परीक्षार्थीहरूलाई केही राहत महसुस भएको हुनुपर्दछ। आगामी दिनमा परीक्षार्थीहरूको सुविधालाई ध्यानमा राखी परीक्षार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क पनि आयोगको वेवसाइटबाटै हेर्न सकिने व्यवस्था मिलाउन आयोग प्रतिबद्ध छ।

### २.४.४ लिखित परीक्षा सञ्चालन

विज्ञापन प्रकाशन भएसँगै विज्ञापन भएका पदहरूको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिई प्रश्नपत्रहरू तयार गरिन्छ। सङ्केतका आधारमा विज्ञहरूबाट कच्चा

प्रश्नपत्रहरू निर्माण गराइन्छ र प्रश्नपत्र परिमार्जन गर्ने विज्ञबाट प्राप्त कच्चा प्रश्नपत्रहरूको परिमार्जन गरी परीक्षामा प्रयोग हुने प्रश्न सेटहरू तयार गरी सिलवन्दी गरिन्छ। प्रश्नपत्र परिमार्जन गर्ने विज्ञलाई कच्चा प्रश्नपत्र निर्माण कुन विज्ञबाट गराइएको हो भन्ने जानकारी हुँदैन। दक्ष विज्ञबाट परिमार्जन भएका प्रश्नका सिलवन्दी सेटहरू मध्येबाट आयोगका अध्यक्षले तोकिदिएको प्रश्न सेटको प्रयोग गरी विज्ञापन भएका पदहरूको लिखित परीक्षा आयोगले तोकिएको मितिमा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा अलग अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्धितीय सङ्केत नम्बर राखी सङ्केतीकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण भएको भागलाई उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा अलग अलग स्थानमा राखिन्छ। यसरी सङ्केतीकरण भइसकेपछि आयोगले तोकेको पदाधिकारीबाट सम्बन्धित विषय विज्ञ मनोनयन गरी उत्तरपुस्तिका परीक्षण गराइन्छ।

### २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस

विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद सङ्ख्याको तुलनामा आयोगको प्रदेश लोक सेवा आयोग ऐन तथा नियमावलीमा उल्लखित व्यवस्थाका आधारमा माग पदभन्दा निश्चित थप सङ्ख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सङ्केत नम्बरका आधारमा नतिजा स्वीकृत गरी नतिजामा समावेश भएका सङ्केत नम्बर मात्र नतिजा प्रकाशन गर्न अर्को शाखामा पठाइन्छ र सो शाखाबाट नाम डिकोड गरी नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिन्छ। प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन, अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम सम्बन्धी कार्य आयोग ऐन एवं ती निकायको सेवाको सर्त सम्बन्धी कानून बमोजिम सञ्चालन गरिन्छ । प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिमका प्रयोगात्मक परीक्षासमेतको परीक्षा सञ्चालन हुन्छन्। यसरी अन्तर्वार्ता, लिखित परीक्षा लगायत उक्त सबै परीक्षामा प्राप्त अङ्क जोडी कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

आयोगले सम्पादन गर्नुपर्ने कामको कार्य विभाजन आयोगको निर्णय बमोजिम हुने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ मा रहेको छ। आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिमको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११५ को उपदफा (१) मा गरिएको छ।


प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ बमोजिम आन्तरिक कार्यसम्पादनका लागि अध्यक्ष तथा सदस्यहरूको कार्य विभाजन तालिका नं.१ मा उल्लेख गरिएको छ।

**तालिका नं.१**

**आन्तरिक कार्य विभाजन**

| क्र.सं. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | माननीय अध्यक्ष सुरेश मान श्रेष्ठ | • प्रशासन तथा सूचना प्रकाशन<br>• आर्थिक प्रशासन<br>• प्रश्नपत्र परिमार्जन<br>• अन्तर्वार्ता तथा सिफारिस |
| २ | माननीय सदस्य सुदर्शन प्रसाद ढकाल | • नीति नियम तथा कानून<br>• परीक्षा सञ्चालन<br>• लिखित परीक्षा नतिजा प्रकाशन<br>• निरीक्षण तथा अनुगमन |
| ३ | माननीय सदस्य शर्मिला नेउपाने | • पाठ्यक्रम तथा परीक्षण प्रविधि<br>• सूचना प्रविधि<br>• लिखित परीक्षा नतिजा तयारी |

<u>पदपूर्ति सम्बन्धी कार्यप्रवाह</u>



# परिच्छेद - ३

# प्रशासनिक तथा वित्तीय स्थिति

## ३.१ बैठक तथा निर्णय

आर्थिक वर्ष २०७८/७९ को अवधिमा कुल ४८ पटक आयोग बैठकहरू बसी ४८ वटा निर्णयहरू भएका छन्। आयोगको निर्णय सङ्ख्या तथा तिनको विषयगत वर्गीकरण तालिका नं.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.२**

**आयोगका निर्णयहरूको विषयगत विवरण**

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| १. | वार्षिक प्रतिवेदन सम्बन्धमा | २०७८/०४/११ |
| २. | आ.व. २०७८/७९ को वार्षिक पदपूर्ति कार्यतालिका | २०७८/०४/११ |
| ३. | लिखित परीक्षाको नतिजाको पुनर्योग | २०७८/०४/११ |
| ४. | उम्मेदवार सिफारिस सम्बन्धमा | २०७८/०४/११ |
| ५. | अन्तर्वार्ता कार्यक्रम संशोधन सम्बन्धमा | २०७८/०६/१३ |
| ६. | परीक्षा मिति तोक्ने सम्बन्धमा | २०७८/०६/१६ |
| ७. | छुट भएको सूचना प्रकाशन | २०७८/०७/१७ |
| ८. | समावेशी समूह थप | २०७८/०७/१७ |
| ९. | संशोधित सङ्ख्या सम्बन्धमा | २०७८/०७/१७ |
| १०. | संशोधित सङ्ख्या कायम सम्बन्धमा | २०७८/०७/१७ |
| ११. | वार्षिक पदपूर्ति कार्यतालिका समावेश गर्ने सम्धन्धमा | २०७८/०७/१७ |
| १२. | वार्षिक पदपूर्ति कार्यतालिका संशोधन सम्बन्धमा | २०७८/०७/१७ |
| १३. | स्थानीय तहका प्राविधिक तथा अप्राविधिक पाँचौ तहका पदहरूको विज्ञापन सम्बन्धी सूचना प्रकाशन | २०७८/०८/१२ |
| १४. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको पाँचौ र नवौं तहको पदहरूको विज्ञापन सम्बन्धी सूचना प्रकाशन | २०७८/०८/१२ |

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| १५. | फार्मेसीको कार्यतालिका तथा कृषि पाँचौं तहको पाठ्यक्रम संशोधन | २०७८/०८/२४ |
| १६. | प्राविधिक/अप्राविधिक पाँचौं तहका पदहरूको विज्ञापन रद्द तथा परीक्षा मिति संशोधन सम्बन्धमा | २०७८/०९/०४ |
| १७. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको विभिन्न सेवा, समूह, उपसमूह र पदहरूको शैक्षिक योग्यता संशोधन/परिमार्जन र संशोधित विज्ञापन र संशोधित परीक्षा तालिका प्रकाशन सम्बन्धमा | २०७८/०९/०४ |
| १८. | प्राविधिक/अप्राविधिक पाँचौं तहका पदहरूको विज्ञापन सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा | २०७८/०९/०८ |
| १९. | प्राविधिक/अप्राविधिक चौथो तहका पदहरूको विज्ञापन सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा | २०७८/०९/११ |
| २०. | अदालतको आदेश कार्यान्वयन सम्बन्धमा | २०७८/०९/१४ |
| २१. | अन्तर्वार्ता तथा सामूहिक छलफलमा दिइने अङ्कभार सम्बन्धमा | २०७८/०९/२७ |
| २२. | खुला तथा समावेशीको पदथप सम्बन्धी सूचना | २०७८/१०/०२ |
| २३. | परीक्षा स्थगन तथा उत्तरपुस्तिका परीक्षण सम्बन्धमा | २०७८/१०/०४ |
| २४. | छैटौं तहको विज्ञापन प्रकाशन सम्बन्धमा | २०७८/१०/१९ |
| २५. | परीक्षा स्थगन सम्बन्धमा | २०७८/१०/१२ |
| २६. | विज्ञापन अनुसारको माग एकीकृत गरी नतिजा प्रकाशन गर्ने सम्बन्धमा | २०७८/१०/१३ |
| २७. | छैटौं तहको प्रथम चरणको परीक्षाको मान्य अवधि सम्बन्धी | २०७८/१०/१८ |
| २८. | परीक्षा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा | २०७८/१०/२४ |
| २९. | उमेर हद सम्बन्धमा | २०७८/१०/२६ |
| ३०. | अधिकृत छैटौं र आठौं तहको पदथप सम्बन्धमा | २०७८/११/०४ |
| ३१. | स्थानीय कर्मचारीहरूले प्रदेशमा बढुवा पाउने सम्बन्धमा | २०७८/११/०४ |
| ३२. | OMR उत्तरपुस्तिकाको प्रयोग मोडल बदल्ने सम्बन्धमा | २०७८/११/०६ |
| ३३. | नवौं तहका विभिन्न सेवा/समूहको प्रदेश/स्थानीय तहको खुला/आ.प्र. बढुवाको विज्ञापन | २०७८/११/०८ |

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| ३४. | आयोगको जनशक्ति व्यवस्थापन सम्बन्धमा | २०७८/११/१० |
| ३५. | स्थानीय तहका कर्मचारी व्यवस्थापन तथा कार्यालय सञ्चालन सम्बन्धी प्रस्तावित विधयेक उपयस आयोगको राय परामर्श सम्बन्धमा | २०७८/१२/१५ |
| ३६. | विभागीय साजयको लागि परामर्श सम्बन्धमा | २०७८/१२/२९ |
| ३७. | परीक्षा तालिका प्रकाशन सम्बन्धमा | २०७९/०१/१४ |
| ३८. | अ.दु.अ.आ. बाट प्राप्त हुन आएका निवेदनहरू उपर कारवाही | २०७९/०१/१४ |
| ३९. | काठमाडौं र ललितपुर म.न.पा. को पदपूर्ति सम्बन्धमा गरिएको प्रतिवेदन २०७८ उपर कारबाही सम्बन्धमा | २०७९/०१/१४ |
| ४०. | विभागीय सजायको विषयमा परामर्श सम्बन्धमा (का.म.न.पा., केशव बस्नेत, ह.स.चा.) | २०७९/०२/१६ |
| ४१. | विभागीय सजायको लागि परामर्श सम्बन्धमा (खैरहनी नगरपालिका, रन्जन वाग्ले, सहायक पाँचौं) | २०७९/०२/२० |
| ४२. | सेवा समूह परिवर्तन सम्बन्धमा (कमलामाई नगरपालिका) | २०७९/०२/२३ |
| ४३. | नक्कली परीक्षार्थी उपर कारबाही सम्बन्धमा | २०७९/०२/२७ |
| ४४. | आयोगका अध्यक्ष तथा सदस्यहरूको प्रस्तावित पारिश्रमिक सेवा र सुविधा सम्बन्धमा | २०७९/०३/०९ |
| ४५. | स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को दफा ६(१) बमोजिम सातौं तहमा तह मिलान गर्ने सम्बन्धमा | २०७९/०३/१५ |
| ४६. | आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा | २०७९/०३/२२ |
| ४७. | इन्टोमोलोजिष्ट पदको आवेदन दिने म्याद थप सम्बन्धमा | २०७९/०३/२२ |
| ४८. | पारिश्रमिक दर रेटसम्बन्धमा | २०७९/०३/२४ |

## ३.२ आयोगको दरबन्दी र पदपूर्तिको अवस्था

बागमती प्रदेश सरकारबाट स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा कुल ४९ जना कर्मचारीहरूको अस्थायी दरबन्दी रहेको छ। जसमा अधिकृतस्तर १६, सहायकस्तर २५ र तहविहीन ८ दरबन्दी पर्दछन्। आयोगको सङ्गठन संरचना अनुसूची १ मा,

दरबन्दी तथा पदपूर्तिको अवस्था अनुसूची २ मा र वि.सं. २०७८ श्रावण १ गतेदेखि २०७९ असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण अनुसूची ३ मा समावेश गरिएको छ।

## ३.३ भौतिक अवस्था

२०७६ मङ्सिर २ गते अध्यक्षको नियुक्ति भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा उपलब्ध गराइएको ३ वटा कोठामा आयोगले ४ महिनासम्म कार्यसञ्चालन गरेको र २०७६ चैत्र १ गते देखि घरभाडामा लिई कामकारबाही सञ्चालन हुदै आएको छ। आयोगको आफ्नै घर जग्गा व्यवस्था तर्फ प्रदेश सरकारले सोच्नु पर्ने अवस्था छ,जसबाट आयोगको अन्य भौतिक संरचना र गतिविधिमा सहजता हुनेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश, हेटौंडाबाट उपलब्ध गराइएको पुरानो सवारी साधन मर्मत सम्भारमा धेरै रकम लाग्ने अवस्था भएकोले हाल चालू हालतमा नभएको स्थिति छ। आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ४ मा समावेश गरिएको छ।

## ३.४ क्षमता विकास

आयोगले आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि कर्मचारीहरूलाई सेवाकालीन तालिमका अवसर उपलब्ध गराउनुका साथै कार्यसम्पादन सम्बन्धी छोटो र लामो अवधिका तालिम तथा गोष्ठीहरू सञ्चालन गर्ने नीति लिएको छ।यस आ.व.मा क्षमता विकास गर्ने तालिममा निम्नबमोजिम सहभागिता भएको थियोः

१. प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरले प्रदेशस्तरमा कार्यरत रहेका सहायकस्तर (पाँचौं) तहका कर्मचारीहरूको लागि सञ्चालन गरेको ३५ दिने सेवाकालीन प्रशिक्षणमा निम्नबमोजिम सहभागिता भएकोः
   - सहायकस्तर पाँचौं तहका दिपेश महर्जन – २०७८/१०/२३ देखि २०७८/१२/१ सम्म
   - सहायकस्तर पाँचौं तहका प्रदिप वाग्ले – २०७८/११/०२ देखि २०७८/१२/१४ सम्म

२. आयोगका १ जना माननीय सदस्य समेत ९ जना कर्मचारीलाई हलुका सवारी चालनको तालिम प्रदान गरिएको।

३. प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरद्वारा मिति २०७८/०८/२२-२४ मा सञ्चालित ३ दिने भौगोलिक सूचना प्रणालीसम्बन्धी तालिममा आयोगका कम्प्युटर अधिकृत श्री किशोर जोशीको सहभागिता भएको।

४. प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरद्वारा चितवनमा मिति २०७९/०३/१६-१८ मा सञ्चालित ३ दिने Cyber Security सम्बन्धी तालिममा आयोगका कम्प्युटर अधिकृतद्वय श्री किशोर जोशी र श्री शक्तिमान कुमालको सहभागिता भएको।

## ३.५ निरीक्षण

संविधान, ऐन, नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्तबमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश संगठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। ती निकायहरूबाट भए गरेका नियुक्ति, बढुवा तथा विभागीय कारबाहीसम्बन्धी कार्यहरू प्रचलित कानून अनुकूल हुनेगरी परिपालना गराउन आयोगको निरीक्षण कार्यले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ। कार्यालयहरूको निरीक्षण गर्ने क्रममा उक्त निकायहरूको दरबन्दी संरचना, पूर्ति भएका र रिक्त दरबन्दी, पदपूर्तिका किसिमहरू, अस्थायी, करार तथा ज्यालादारीमा भएका नियुक्तिहरू, आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीको पदस्थापना, नियुक्ति भए/नभएको लगायतका विषयहरूलाई आधार मानिन्छ। यस आर्थिक वर्षमा कर्मचारीको अभावका कारण काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र हेटौंडा उपमहानगरपालिकाको मात्र निरीक्षण गर्न सकिएको छ। निरीक्षण सम्बन्धी विस्तृत विवरण तल परिच्छेद -११ अन्तर्गत आयोगबाट सम्पादन भएका कामहरूको बुँदा नं. ११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणमा प्रस्तुत गरिएको छ।

## ३.६ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०७८/०७९ को लागि विभिन्न शीर्षकहरूमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण अनुसूची ५ मा र सम्पादित हुन नसकेका कार्यक्रम अनुसूची ६ मा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७८/ ०७९ मा चालु खर्चमा ८३.३१ प्रतिशत र पुँजीगत खर्चमा ९१.१२ प्रतिशत मात्र खर्च हुन सकेको छ। आर्थिक वर्ष २०७८/०७९ सालको दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण अनुसूची ७ र अनुसूची ८ मा समावेश गरिएको छ।

### ३.७ राजस्व र धरौटी

आर्थिक वर्ष २०७८/०७९ मा आयोगको बाट जम्मा रु. ७,२२,४७,५५९.८०|- (अक्षरुपी सात करोड बाइस लाख सठ्चालिस हजार पाँच सय उनान्साठी रुपैयाँ असी पैसा) राजस्व सङ्कलन भएको छ। त्यस्तै आयोगमा जम्मा रु. १३,८०,७५९|- (अक्षरुपी तेह्र लाख असी हजार सात सय उनान्साठी रुपैयाँ) धरौटी मौज्दात रहेको छ। राजश्व र धरौटीको विवरण अनुसूची ९ मा समावेश गरिएको छ।

### ३.८ बेरुजु

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको आर्थिक वर्ष २०७८/०७९ सम्म कुनै बेरुजु नरहेको हुदाँ आयोगको आर्थिक अनुशासन अब्बल रहेको छ। बेरुजु नभएको विवरण अनुसूची १० मा समावेश गरिएको छ।

# परिच्छेद - ४
# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधि

व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्ने न्यूनतम सर्तका रूपमा लिइन्छ। पदपूर्तिका लागि अनुरोध गर्ने सङ्गठन विशेष वा काम विशेषलाई दृष्टिगत गर्दै त्यसका लागि आवश्यक पर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार शैलीको परीक्षण गर्ने गरी परीक्षण प्रविधिको विकास गरिन्छ। निश्चित पदमा नभई तह विशेषका लागि कर्मचारी भर्ना हुने भएकोले प्रदेश निजामती लगायत विभिन्न सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा पद विशेषको भन्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ।

## ४.२ शैक्षिक योग्यता र पाठ्यक्रम

प्रदेश निजामती सेवा, स्थानीय तह र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको विभिन्न सेवा, समूह, उपसमूह, तहका पदहरूको शैक्षिक योग्यता निर्धारण र पाठ्यक्रम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३१ र दफा ३२ बमोजिम निर्माण गरिएको छ। यसको विस्तृत विवरण अनुसूची ११ मा उल्लेख गरिएका छन्।

# परिच्छेद - ५
# विज्ञापन र दरखास्त

## ५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

प्रदेश लोक सेवा आयोगले सार्वजनिक सेवाका विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरि सम्पादन हुने कार्यहरू समेटिएको वार्षिक कार्यतालिका सम्बन्धित आर्थिक वर्षको पहिलो दिन सार्वजनिक गर्ने नीति लिएको छ। आयोगका पदपूर्ति सम्बन्धी सम्पुर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन गरिन्छ। वार्षिक कार्यतालिकामा प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिएका हुन्छन्। आयोगले प्रकाशन गरेका आ.व. २०७८/०७९ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाहरू अनुसूची १२ मा समावेश गरिएको छ।

## ५.२ प्रतिशत निर्धारण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि रिक्त भएको एक महिना भित्र सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयहरू तथा स्थानीय तहहरूले प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्ने व्यवस्था रहेको छ। यसरी पदपूर्तिको लागि माग प्राप्त भएपछि कुल रिक्त पदहरूमध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। आर्थिक वर्ष २०७८/०७९ मा विभिन्न सेवा सञ्चालन गर्ने प्रदेश सरकारका मन्त्रालय तथा निकायहररु तथा स्थानीय तहहरूबाट प्राप्त मागलाई प्रचलित कानून बमोजिम पदपूर्तिका लागि निर्धारित मापदण्ड बमोजिमको प्रतिशत निर्धारण गरी पदपूर्तिका कामकारबाहीहरू अगाडि बढाइएको छ।

## ५.३ विज्ञापन

आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ गरी कुल ८२५ सङ्ख्यामा पदपूर्तिका लागि विज्ञापनहरू प्रकाशन गरिएको थियो। जसमा बढुवातर्फ १२१, आन्तरिकतर्फ ४४, खुलातर्फ ४४१ र समावेशीतर्फ २१९ पदहरू रहेका थिए। यी मध्ये प्रदेश सरकारका ५ वटा विभिन्न मन्त्रालय/निकायहरूतर्फ २०० सङ्ख्यामा पदपूर्ति गर्न माग भएको र ६१ वटा स्थानीय तहहरूबाट ६२५ सङ्ख्यामा पदपूर्ति गर्न माग भएको थियो। आर्थिक वर्ष २०७८/०७९ मा भएका विज्ञापन सम्बन्धी विस्तृत विवरण अनुसूची १३ र अनुसूची १४ मा प्रस्तुत गरिएको छ।


## ५.४ दरखास्त

आर्थिक वर्ष २०७८।०७९ मा आयोगबाट विज्ञापन भएका १९८ विज्ञापनहरूमा कुल ८५,०८४ दरखास्त सङ्कलन भएका थिए । जसमा अधिकृतस्तरमा ९,२७१ दरखास्त सङ्कलन र सहायकस्तरमा ७५,८१३ दरखास्त सङ्कलन भएको थियो। आयोगबाट आ.व. २०७८।०७९ मा सङ्कलन भएको दरखास्त दिने उम्मेदवारहरू र परीक्षामा सम्मिलित उम्मेदवारहरूको विस्तृत विवरण अनुसूची १५ मा समावेश गरिएको छ।प्रतिवेदन अवधिमा सङ्कलन भएको दरखास्तको विश्लेषणात्मक विवरण देहाय बमोजिम रहेको छः

**तालिका नं. ३**

**तहगत दरखास्तको वर्गीकरण**


| सि.नं. | तह | दरखास्त सङ्ख्या |
|---|---|---|
| १ | सहायकस्तर चौथो | ५७९६८ |
| २ | सहायकस्तर पाँचौं | १७९७१ |
| ३ | अधिकृतस्तर छैटौं | ५४५३ |
| ४ | अधिकृतस्तर सातौं | १७६९ |
| ५ | अधिकृतस्तर आठौं | १३९६ |
| ६ | अधिकृतस्तर नवौं | २६१ |
| ७ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फका विभिन्न तह | २६६ |
| **जम्मा** | | **८५,०८४** |



### तालिका नं. ४

### लिङ्गगत दरखास्त विवरण


| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | प्रतिशत (आ.व. २०७८/७९) |
|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | |
| १ | पुरुष | ३०१०२ | ४४४११ | ५६.००% |
| २ | महिला | १७७०३ | ३४८८९ | ४४.००% |
| ३ | अन्य | | १ | ०.००% |



## तालिका नं. ५

## धर्मगत दरखास्त विवरण

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | प्रतिशत (आ.व. २०७८/७९) |
|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | |
| १ | हिन्दु | ४४४७७ | ७४१२१ | ९३.४७% |
| २ | बौद्ध | १९९८ | २७५० | ३.४७% |
| ३ | अन्य | ४१७ | ९९९ | १.२६% |
| ४ | मुस्लिम | ४९८ | ८४३ | १.०६% |
| ५ | इसाई | ४१५ | ५८८ | ०.०७% |



## तालिका नं. ६

## जिल्लाअनुसार दरखास्त विवरण


| सि. नं. | जिल्ला | उम्मेदवार सङ्ख्या | | सि.नं. | जिल्ला | उम्मेदवार सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
| १. | अछाम | ५६० | ११ | ४० | प्यूठान | ४७० | ७९६ |
| २. | अर्घाखाँची | ५६८ | ७४८ | ४१ | बझाङ | ७०७ | १४७८ |
| ३. | इलाम | २०७ | ४०७ | ४२ | बर्दिया | ५८६ | ९८४ |
| ४. | उदयपुर | ४७८ | ८११ | ४३ | बाँके | ३७१ | ५८८ |
| ५. | ओखलढुङ्गा | ४२३ | १०२४ | ४४ | बागलुङ | ४१६ | ७३० |
| ६. | कञ्चनपुर | ६५४ | १०१९ | ४५ | बाजुरा | ३२३ | ९१६ |
| ७. | कपिलवस्तु | ४५३ | ७८४ | ४६ | बारा | १२०९ | २१६१ |
| ८. | काठमाडौं | ७९० | ७२१ | ४७ | बैतडी | ४८७ | १०७५ |
| ९. | काभ्रेपलाञ्चोक | ९०४ | १००८ | ४८ | भक्तपुर | ५१६ | ३५३ |
| १०. | कालिकोट | ४७१ | १५३२ | ४९ | भोजपुर | २०६ | ४३२ |
| ११. | कास्की | ४०२ | ५३८ | ५० | मकवानपुर | १६०१ | १८१७ |
| १२. | कैलाली | ६५७ | १०९२ | ५१ | मनाङ | ३ | ६ |
| १३. | खोटाङ | ४६७ | ८७१ | ५२ | महोत्तरी | १७१४ | २८८८ |
| १४. | गुल्मी | ७१९ | ९७६ | ५३ | मुगु | २२४ | ६७८ |
| १५. | गोरखा | ७९८ | ११५८ | ५४ | मुस्ताङ | १९ | ३४ |
| १६. | चितवन | १८६६ | १२९८ | ५५ | मोरङ | ६४६ | १०२७ |
| १७. | जाजरकोट | ४३६ | १२११ | ५६ | म्याग्दी | ११६ | १७८ |
| १८. | जुम्ला | ८५७ | १७०० | ५७ | रसुवा | ११६ | १८४ |
| १९. | झापा | ४७६ | ५७६ | ५८ | रामेछाप | ७९६ | १०४७ |
| २०. | डँडेलधुरा | २५५ | ५१४ | ५९ | रुकुम (पश्चिम भाग) | १०४९ | २७१० |
| २१. | डोटी | २९१ | ६३३ | ६० | रुकुम (पूर्वी भाग) | ८६ | १७९ |
| २२. | डोल्पा | १५५ | ३६५ | ६१ | रूपन्देही | ६४८ | ८२१ |

| सि.नं. | जिल्ला | उम्मेदवार सङ्ख्या | | सि.नं. | जिल्ला | उम्मेदवार सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
| २३. | तनहुँ | ४७४ | ५८० | ६२ | रोल्पा | ३६९ | ९४५ |
| २४. | ताप्लेजुङ | १०३ | २१६ | ६३ | रौतहट | १५९९ | ३५२३ |
| २५. | तेह्रथुम | ८९ | १६५ | ६४ | लमजुङ | ३७७ | ४८५ |
| २६. | दाङ | ६९९ | १११३ | ६५ | ललितपुर | ४६९ | ४६४ |
| २७. | दार्चुला | ५२५ | ११६३ | ६६ | संखुवासभा | २५३ | ५६७ |
| २८. | दैलेख | ७६२ | १५१९ | ६७ | सप्तरी | १८८२ | ३३४६ |
| २९. | दोलखा | ८९१ | ११७४ | ६८ | सर्लाही | १७८२ | ३२६५ |
| ३०. | धनकुटा | १८८ | ४०९ | ६९ | सल्यान | ५४५ | १६३३ |
| ३१. | धनुषा | १७८३ | २९४६ | ७० | सिन्धुपाल्चोक | ६६८ | ८५८ |
| ३२. | धादिङ | १०९७ | ९७७ | ७१ | सिन्धुली | १४४० | १७५९ |
| ३३. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ३०६ | ४२७ | ७२ | सिरहा | १६०३ | २८२३ |
| ३४. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४७६ | ५५४ | ७३ | सुनसरी | ४९८ | ९२० |
| ३५. | नुवाकोट | ५९१ | ७१० | ७४ | सुर्खेत | ५२९ | १०७५ |
| ३६. | पर्वत | ४२४ | ६१८ | ७५ | सोलुखुम्बु | २१८ | ४५५ |
| ३७. | पर्सा | ७३७ | १२५२ | ७६ | स्याङजा | ५९५ | ७६८ |
| ३८. | पाँचथर | १३८ | २८६ | ७७ | हुम्ला | ३३८ | ७७४ |
| ३९. | पाल्पा | ३४७ | ६६० | | | | |

## तालिका नं. ७

## प्रदेशअनुसार दरखास्त विवरण


| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | प्रतिशत (आ.व. २०७८/७९) |
|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | |
| १ | कर्णाली प्रदेश | ५३२८ | १३१६१ | १६.६०% |
| २ | गण्डकी प्रदेश | ३९८१ | ५५६५ | ७.०२% |
| ३ | प्रदेश १ | ४२९३ | ८०४८ | १०.१५% |
| ४ | मधेस प्रदेश | १२२८८ | २२१९५ | २७.९९% |
| ५ | लुम्बिनी प्रदेश | ५५३९ | ८९६१ | ११.३०% |
| ६ | बागमती प्रदेश | ११८८१ | १२४२० | १५.६६% |
| ७ | सुदूरपश्चिम प्रदेश | ४४४२ | ८९५१ | ११.२९% |



तालिका नं. ८

शारीरिक अवस्थाअनुसार दरखास्त विवरण


| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | प्रतिशत (आ.व. २०७८/७९) |
|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | |
| १ | सामान्य शारीरिक अवस्था भएका | ४७३२७ | ७८८३८ | ९९.४२% |
| २ | फरक क्षमता भएका | ४७८ | ४६३ | ०.५८% |



तालिका नं. ९

जातजातिगत दरखास्त विवरण

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | प्रतिशत |
|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | (आ.व. २०७८/७९) |
| १ | अन्य | ११८६८ | २१८८४ | २७.६०% |
| २ | क्षेत्री | १०४९३ | १९५२५ | २४.६२% |
| ३ | ब्राह्मण | १४६९१ | १७७५० | २२.३८% |
| ४ | यादव | ३१६१ | ६३४४ | ८.००% |
| ५ | मगर | १८७० | ४००९ | ५.०६% |
| ६ | थारू | १९७५ | ३७९४ | ४.७८% |
| ७ | नेवार | १९८५ | २१९३ | २.७७% |
| ८ | ठकुरी | ९८० | २१०८ | २.६६% |
| ९ | राई | ७०२ | १५३८ | १.९४% |
| १० | शेर्पा | ७४ | १५३ | ०.१९% |
| ११ | राउटे | ६ | ३ | ०.००% |



# परिच्छेद - ६

# परीक्षा

## ६.१ प्रश्नपत्र निर्माण र परिमार्जन

आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेश अन्तर्गत रहेका मन्त्रालय तथा स्थानीय तहहरू तर्फ ३३७ र गत आ.व. को मौज्दात १०४ गरी जम्मा ४४१ सेट परिमार्जित प्रश्नपत्र निर्माण गरी १२१ सेट प्रश्नपत्र छनौट गरी उपयोग गरियो। प्रयोगमा नआएका ३२० सेट परिमार्जित प्रश्नपत्रहरूलाई आयोगको प्रश्नपत्र बैङ्कमा सञ्चय गरी पछि हुने परीक्षाहरूमा उपयोग गर्नका लागि गोप्य रूपमा सरक्षित राखिएको छ। प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने कार्यका लागि विभिन्न दक्ष/विज्ञहरूलाई सहभागी गराइएको थियो। प्रश्नपत्र निर्माण र परिमार्जन तथा छपाई सम्बन्धी विवरण तालिका नं. १० मा समावेश गरिएको छ।

**तालिका नं. १०**

**प्रश्नपत्र निर्माण र परिमार्जन तथा छपाई सम्बन्धी विवरण**

| क्र. सं. | तह | अप्रा./ प्रा. | प्रश्नपत्र परिमार्जन सम्बन्धी विवरण | | | | छपाई सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | गत आ.व. को मौज्दात सेट | चालु आ.व.मा परिमार्जित सेट | खर्च सेट | मौज्दात बाँकी सेट | प्रश्नपत्र छपाई सङ्ख्या |
| १ | ९ | प्रा. | - | १६ | ८ | ८ | १४५ |
| २ | ८ | प्रा. | - | ९ | ३ | ६ | २०६० |
| ३ | ७ | प्रा. | - | ४५ | १५ | ३० | २०७४ |
| ४ | ६ | अप्रा. | ६ | १५ | ५ | १६ | ४९९४ |
| ५ | ६ | प्रा. | ३२ | ५७ | २२ | ६७ | ८४६२ |
| ६ | ५ | अप्रा. | २ | ३५ | १२ | २५ | १०८०७ |
| ७ | ५ | प्रा. | ३८ | ८६ | २८ | ९६ | १३४७२ |
| ८ | ४ | अप्रा. | २ | २३ | ११ | १४ | ११५०९ |
| ९ | ४ | प्रा. | २४ | ५१ | १७ | ५८ | ५३१८२ |
| जम्मा | | | १०४ | ३३७ | १२१ | ३२० | १०६७०५ |

## ६.२ लिखित परीक्षा

### ६.२.१ प्रथम चरणको परीक्षा

एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत अधिकृतस्तर छैटौं, सहायकस्तर पाँचौं र सहायकस्तर चौथो वा सो सरहका अप्राविधिक तर्फका पदहरूका लागि पहिलो चरणको परीक्षा पद्धति अवलम्बन गरिएको छ। प्रथम चरणको परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थी मात्र दोश्रो चरणको परीक्षामा सम्मिलित हुन पाउँछन्। आ.व. २०७८/७९ मा ४९,६६९ जना परीक्षार्थीहरू प्रथम चरणको लिखित परीक्षामा सम्मिलित भएकोमा प्रशासन तर्फ ११७० जना परीक्षार्थीहरू दोश्रो चरणको परीक्षाका लागि छनौट भएका छन्। प्राविधिकतर्फ १०९४ जना परीक्षार्थीहरू अन्तर्वार्ताका लागि छनौट भएका छन्। आ.व २०७८-७९ मा सञ्चालन भएका विभिन्न तहका परीक्षाहरूको विज्ञापन, माग पद सङ्ख्या, दरखास्त दिने उम्मेदवारको सङ्ख्या, लिखित परीक्षा सञ्चालन मिति तथा परीक्षामा सम्मिलित उम्मेदवारको सङ्ख्यासम्बन्धी विस्तृत विवरण अनुसूची १६ मा राखिएको छ।

### ६.२.२ लिखित परीक्षा सञ्चालन

आ.व. २०७८/७९ मा भएका आ.प्र., खुला र समावेशी गरी विभिन्न १९८ वटा विज्ञापनबाट विज्ञापित पद सङ्ख्या ८२५ पदका लागि मात्र लिखित परीक्षा सम्पन्न भएका छन्। ती परीक्षाहरूमा ४९,६८६ जना परीक्षार्थी सम्मिलित भएका छन्। लिखित परीक्षामा सम्मिलित उम्मेदवार सम्बन्धी विस्तृत विवरण अनुसूची १३ मा समावेश गरिएको छ।

### ६.२.३ लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू

आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन भएको लिखित परीक्षामा दरखास्त दिने कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू छैनन्।

### ६.२.४ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारवाही

प्रतिवेदन अवधिमा आयोगबाट सञ्चालित परीक्षाहरूमा अनियमितता गर्ने उम्मेदवारहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ जस अनुसार २ जना उम्मेदवार परीक्षामा अनियमितता गरेका कारण कारबाहीमा परेका छन्। आयोगबाट गरिएको कारबाहीको विवरण तपसिल बमोजिम रहेको छ।

### तालिका नं. ११

### लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारवाही विवरण

| सि.नं. | विज्ञापन नं | कारबाही | कैफियत |
|---|---|---|---|
| १ | १२-१५/०७८-७९ | ५ वर्षसम्म उम्मेदवार हुन नपाउने गरी निलम्बन | • आयोगले परीक्षामा आफ्नो स्थानमा परीक्षा दिनका लागि आफ्नो प्रवेश पत्र तथा नागरिकता नक्कली परीक्षार्थीलाई खटाई परीक्षाको अनुशासन तथा मर्यादा सम्बन्धमा आयोगले तोकेको सर्त उल्लङ्घन गरी परीक्षाको मर्यादा तथा स्वच्छता विपरीतको कार्य महोत्तरी जिल्ला, सम्सी-५का अभय कुमार यादवले गरेको। |
| २ | १२-१५/०७८-७९ | नक्कली परीक्षार्थीलाई हदैसम्मको आवश्यक कारबाहीको लागि सम्बन्धित निकायहरूमा लेखी पठाएको। | • महोत्तरी जिल्ला, सम्सी-५का अभय कुमार यादवको नाउँबाट कास्की जिल्ला, पोखरा महानगरपालिका, कास्कीकोटस्थित कालिका माध्यामिक विद्यालयका सहायक प्रधानाध्यापक दिपेन्द्र प्रसाद वस्ताकोटीले नक्कली परीक्षार्थी भई परीक्षा दिइरहेको हुँदा नक्कली परीक्षार्थीलाई हदैसम्मको कारबाही गर्न/ गराउनको लागि मकवानपुर जिल्लाको जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रशासन कार्यालयलगायत कसुरको अनुसन्धान गर्ने निकाय, मुद्दा हेर्ने अधिकारी, मुद्दा सुन्ने अधिकारीसमेतलाई घटनालाई सुक्ष्म तथा उच्च महत्त्व दिई प्राथमिकताका साथ आवश्यक कारबाहीको लागि लेखी पठाएको। |

## ६.३ उत्तरपुस्तिका सङ्केतीकरण

आयोगको ऐन तथा नियमावलीले निर्दिष्ट गरे अनुसार प्रदेश निजामती सेवा तथा स्थानीय सेवातर्फ ४९६८६ परीक्षार्थीहरूको उत्तरपुस्तिकाहरूमा प्रथम र दोश्रो सङकेत नम्बर राखी उत्तरपुस्तिका सङ्केतीकरणको कार्य सम्पन्न भएको छ।

### ६.४ उत्तरपुस्तिका परीक्षण

आयोगबाट प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फ गरी जम्मा ५२,४४७ उत्तरपुस्तिकाहरू परीक्षण भएका छन् । उक्त सङ्ख्या मध्ये ४,०६७ विषयगत २,७६८ वस्तुगत तथा ४५,६१२ उत्तरपुस्तिकाहरू **OMR** प्रविधिबाट परीक्षण गरिएको छ। उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण तालिका नं. १२ मा दिइएको छ।

**तालिका नं. १२**

**उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण**

| उत्तरपुस्तिकाको किसिम | | जम्मा उत्तरपुस्तिका सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| विषयगत | विषयगत | ४,०६७ | ७.७५% |
| वस्तुगत | साधारण उत्तरपुस्तिका | २,७६८ | ५.२७% |
| | मेसिनबाट परीक्षण गरिने उत्तरपुस्तिका (OMR Sheet) | ४५,६१२ | ८६.९६% |
| **जम्मा** | | **५२,४४७** | **१००.००%** |

### ६.५ लिखित परीक्षाबाट उम्मेदवार छनौट नभएका विज्ञापनहरू

प्रतिवेदन अवधिमा भएका प्रकाशित लिखित परीक्षा नतिजाहरूमा उम्मेदवार छनौट नभएका विज्ञापनहरू छैनन्।

### ६.६ विज्ञापन भई परीक्षा नै सञ्चालन हुन नसकेको विज्ञापन

कन्सल्टेन्ट प्याथोलोजी तह ९ को आन्तरिक प्रतियोगितात्मक परीक्षाको वि नं ६१६/०७८/०७९ को विज्ञापनमा कुनै उम्मेदवारको पनि दरखास्त नपरेको हुँदा लिखित परीक्षा नै सञ्चालन हुन सकेन।

### ६.७ प्रयोगात्मक परीक्षा

आयोगले लिने प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रम बमोजिम सीप परीक्षण तथा प्रयोगात्मक परीक्षाहरू सञ्चालन गर्ने गर्दछ। प्रतिवेदन अवधिमा आयोगले ५ पदका उम्मेदवारहरूका लागि कम्प्युटर सीप परीक्षण परीक्षाहरू सञ्चालन गरेको छ।

## ६.८ अदालतको अन्तरिम आदेशबाट परीक्षा स्थगित भएका सेवा समूहका पदहरूः

- प्रशासन सेवाका सहायक पाँचौं तहका १३६ पदमा र प्रशासन सेवाका अधिकृतस्तर छैटौं तहका ३७ पदमा गरी जम्मा १७३ पदहरूमा हेटौंडा इजलासको अन्तरिम आदेशबाट लिखित परीक्षा सम्पन्न भएतापनि बढुवा र खुलाको क्रमैसँग नतिजा प्रकाशन गर्न परमादेशको आदेश जारी भई स्थगित भएको स्थिति रहेको।
- अधिकृतस्तर छैटौं तहका कृषि सेवाका ५५ र प्रशासन सेवाका ३७ गरी जम्मा ९२ पदहरूमा क्रमशः सर्वोच्च अदालतको आदेशबाट लिखित परीक्षा स्थगित भएको र उच्च अदालत पाटन, हेटौंडा इजलासको अन्तरिम आदेशबाट लिखित परीक्षा सम्पन्न भएतापनि नतिजा प्रकाशन बढुवा र खुलाको सँगसँगै गर्न परमादेशको आदेश जारी भएको स्थिति रहेको।

  (उच्च अदालत पाटन, हेटौंडा इजलासले प्रशासन सेवाका सहायक पाँचौं र अधिकृतस्तर छैटौंको विज्ञापनको हकमा मिति २०७८।०६।१२ मा जारी भएको अन्तरिम आदेशलाई कायमै राखी निवेदकहरूको वृत्ति विकासमा आघात परी बढुवा प्रक्रिया नै रोकिन सक्ने देखिएको हुँदा बढुवा सम्बन्धी जे जस्तो कानून निर्माण गर्नुपर्ने हो सो कानून यथाशीघ्र निर्माण गर्न लगाई एकैसाथ बढुवा प्रक्रिया र खुला प्रक्रियाबाट पदपूर्ति गर्न विपक्षीको नाममा परमादेशको आदेश जारी गरिदिएको भनी मिति २०७८।०८।०१ गते फैसला गरी मिति २०७८।०९।०१ गते न्यायाधीशबाट प्रमाणीकरण भएको।) यस सम्बन्धी विवरण तालिका नं. १३ मा समावेश गरिएको छ।

<u>तालिका नं. १३</u>

**अदालतको अन्तरिम आदेशबाट स्थगित भएका सेवा समूहका पदहरूः**

| क्र.सं. | तह | पद सङ्ख्या | स्थगित भएको कारण |
|---|---|---|---|
| १. | कृषि सेवा, कृषि समूह, अधिककृतस्तर छैटौं तह | ३९ | सर्वोच्च अदालतको अन्तरिम आदेशबाट |
| २. | कृषि सेवा, भेटेरिनरी समूह, अधिककृतस्तर छैटौं तह | १६ | सर्वोच्च अदालतको अन्तरिम आदेशबाट |
| ३. | प्रशासन सेवाका अधिकृतस्तर छैटौं तह | ३७ | उच्च अदालत पाटन, हेटौंडा इजलासको अन्तरिम आदेशबाट |
| ४. | प्रशासन सेवाका सहायक पाँचौं तह | १३६ | उच्च अदालत पाटन, हेटौंडा इजलासको अन्तरिम आदेशबाट |
| | **जम्मा** | २२८ | |

### ६.९ धेरै वैकल्पिक उम्मेदवार सिफारिसः

सहायक चौथो तहको वैकल्पिक सिफारिस सङ्ख्या २५ छ भने सहायक पाँचौं तहको वैकल्पिक सिफारिस सङ्ख्या १ पदको भएको छ। सहायक चौथो तहको विज्ञापन पहिला २०७७ मङ्सिर ८ गते सोमबार भएको थियो भने सहायक पाँचौं तहको विज्ञापन २०७७ पौष १३ गते सोमबार भएको थियो। सहायक चौथो तहमा सिफारिस भएका २५ जना उम्मेदवारले सहायक पाँचौं तहमा पनि लिखित परीक्षामा नाम निकाली अन्तर्वार्तामा समेत सफल भई सिफारिस भएको हुँदा त्यति धेरै सङ्ख्यामा सहायक चौथो तहको वैकल्पिक उम्मेदवार २५ जनाको सिफारिस गर्नु परेको अवस्था आएको र कुनै कुनै पदमा त वैकल्पिक उम्मेदवारको सङ्ख्या पनि समाप्त भई सिफारिस हुन नसकेको स्थिति पनि रहेको छ।

# परिच्छेद - ७
# अन्तर्वार्ता तथा सिफारिस

## ७.१ अन्तर्वार्ता

लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइन्छ। प्रतिवेदन अवधिसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फ ५४० महिला र ६३४ पुरुष गरी जम्मा ११७४ जना उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गरिएको थियो।

## ७.२ सिफारिस

आयोगले लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्रयोगत्मक परीक्षा तथा सीप परीक्षण र अन्तर्वार्ता लिइसकेपछि लिखित परीक्षाको प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा तथा सीप परीक्षणको प्राप्ताङ्क र अन्तर्वार्ताको प्राप्ताङ्क जोडी योग्यता क्रमको आधारमा उम्मेदवारको सिफारिस गर्ने गर्दछ। यसरी पहिलो पटक २०७७ साल मङ्सिर महिनाको दोस्रो सोमबार मङ्सिर ८ गतेबाट सुरु भएको सहायक चौथो तह, सहायक पाँचौं तह र अधिकृतस्तर छैटौं तहमा खुलातर्फ १०५७ जना र बढुवातर्फ ७८८ गरी जम्मा १८४५ पदको लागि विज्ञापन भएकोमा यस अवधिमा विभिन्न सेवा, समूह सञ्चालन गर्ने निकाय तथा कार्यालयहरूका रिक्त पदमा यस आर्थिक वर्षसम्म जम्मा ८०९ जना उम्मेदवारहरू लाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ। सिफारिस भएका उम्मेदावारहरूमध्ये २९३ महिला र ५१६ पुरुष रहेका छन्। प्रतिवेदन अवधिमा भएका अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण अनुसूची १४ मा प्रस्तुत गरिएको छ।

# परिच्छेद - ८
# समावेशी पदपूर्ति

निजामती सेवा ऐन २०४९ को दफा ७ को उपदफा (७) मा रहेको प्रावधान अनुसार खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरू मध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलाका लागि ३३ प्रतिशत, आदिवासी/जनजातीका लागि २७ प्रतिशत, मधेसीका लागि २२ प्रतिशत, दलितका लागि ९ प्रतिशत, अपाङ्गता भएका व्यक्तिका लागि ५ प्रतिशत र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत पदहरू छुट्याई सोही समूह भित्रकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गरिएको छ।

## ८.१ समावेशी समूहतर्फ विज्ञापान र दरखास्त

प्रतिवेदन अवधिमा भएका प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका जम्मा ३९६ बिज्ञापनहरू मध्ये १३४ विज्ञापनहरू विभिन्न समावेशी समूहका लागि गरिएको थियो । सो १३४ विज्ञापन मार्फत ११९ पद महिला, ५६ पद आदिवासी जनजाति (आ.ज.), २८ पद मधेसी, १६ पद दलित गरी जम्मा २१९ पदहरू छन्। यसरी गरिएको विज्ञापनहरूमा समावेशी समूहका लागि मात्र ४५,६२१ दरखास्त परेका थिए। विज्ञापनको पदसङ्ख्या र सङ्कलित दरखास्त सम्बन्धी विवरण तालिका नं. १४ मा समावेश गरिएको छ।

**तालिका नं. १४**

**समावेशी विज्ञापन र दरखास्तको विवरण**

| समावेशी समूह | महिला | आ.ज | मधेसी | दलित | अपाङ्ग | जम्मा |
|---|---|---|---|---|---|---|
| विज्ञापन सङ्ख्या | ५६ | ३८ | २६ | १४ | | १३४ |
| पद सङ्ख्या | ११५ | ५६ | २८ | १६ | | २१५ |
| दरखास्त सङ्ख्या | १७७५० | २१८८४ | २१९३ | ३७९४ | | ४५६२१ |

## ८.२ प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थिति

प्रतिवेदन अवधिमा भएका प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका सबै तहमा गरी जम्मा ४९,६१६ उम्मेदवारहरू उपस्थित भएका थिए । सो मध्ये २२,१८५ जना महिला र २७,४३१ जना पुरुष छन् । आयोगद्वारा प्रदेश तथा स्थानीय तहका विभिन्न पदहरूका लागि

सञ्चालित लिखित परीक्षामा उपस्थित उम्मेदवारको विवरण तालिका नं. १५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १५**

**प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उपस्थित उम्मेदवारको विवरण**

| पद/तह | प्रथम चरण परीक्षामा सम्मिलित सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अधिकृत, छैटौं | ५७५ | १२०६ | १७८१ |
| सहायक, पाँचौ | ३४७८ | ६७६१ | १०२३९ |
| सहायक, चौथो | १७६८१ | १८७४६ | ३६४२७ |
| **जम्मा** | **४०५३** | **७९६७** | **१२०२०** |

## ८.३ समावेशी समूहतर्फ सिफारिस

कुल सिफारिस सङ्ख्या ८०९ मध्ये प्रचलित कानून बमोजिम सम्बन्धित समावेशी समूहका लागि छुट्टयाइएको विज्ञापनबाट २१५ जना उम्मेदवार समावेशी समूहबाट सिफारिस भएका छन्। यस सम्बन्धी विवरण तालिका नं. १६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १६**

**समावेशी समूह तर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| महिला | ११४ | १ | ११५ | - | - | - | ११५ |
| आ.ज. | १३ | ० | १३ | ४९ | १ | ५० | ६३ |
| मधेसी | ५ | ० | ५ | २१ | ० | २१ | २६ |
| दलित | ३ | ० | ३ | ६ | ० | ६ | ९ |
| अपाङ्ग | ० | ० | ० | २ | ० | २ | २ |
| **जम्मा** | **१३५** | **१** | **१३६** | **७८** | **१** | **७९** | **२१५** |

## ८.४ महिला उम्मेदवारको सिफारिस

सिफारिस भएका उम्मेदावारहरूमध्ये २९३ महिला र ५१६ पुरुष रहेका छन्। प्रतिवेदन अवधिमा भएका अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण अनुसूची १४ मा प्रस्तुत गरिएको छ। यस आर्थिक वर्षमा महिलाहरूका लागि मात्र गरिएको समावेशी तर्फको विज्ञापनमा तर्फ कुल ११५ जना महिला उम्मेदवार सिफारिस भएका छन्। यस सम्बन्धी विस्तृत विवरण तालिका नं. १७ मा प्रस्तुत गरिएका छ।

**तालिका नं. १७**

**महिला उम्मेदवारको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | सहायक स्तर | अधिकृत स्तर | जम्मा |
|---|---|---|---|
| आ.प्र. | ७ | ० | ७ |
| खुला | १५० | ० | १५० |
| महिला | ११४ | १ | ११५ |
| आ.ज. | १३ | ० | १३ |
| मधेसी | ५ | ० | ५ |
| दलित | ३ | ० | ३ |
| अपाङ्ग | ० | ० | ० |
| **जम्मा** | **२९२** | **१** | **२९३** |

## ८.५ आदिवासी/जनजाति समूह तर्फको सिफारिस

आदिवासी/जनजातिका लागि मात्र लक्षित विज्ञापनबाट ६३ जना उम्मेदवार आर्थिक वर्ष २०७८/०७९ मा सिफारिस भएका छन्। प्रतिवेदन अवधिमा ६३ जना आदिवासी/जनजाति वर्गका उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका आदिवासी/जनजातिको सङ्ख्या सहितको विवरण तालिका नं. १८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८

आदिवासी/जनजाति समूह तर्फको सिफारिस विवरण

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| आ.ज. | १३ | ० | १३ | ४९ | १ | ५० | ६३ |
| **जम्मा** | **१३** | **०** | **१३** | **४९** | **१** | **५०** | **६३** |

## ८.६ मधेसी समूह तर्फको सिफारिस

प्रतिवदेन अवधिमा मधेसीका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूबाट २६ जना उम्मेदवारहरू सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका मधेसी उम्मेदवारको विस्तृत विवरण तालिका नं. १९ मा प्रस्तुत गरिएको छन ।

तालिका नं. १९

मधेसी समूह तर्फको सिफारिस विवरण

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| मधेसी | ५ | ० | ५ | २१ | ० | २१ | २६ |
| **जम्मा** | **५** | **०** | **५** | **२१** | **०** | **२१** | **२६** |

## ८.७ दलित समूह तर्फको सिफारिस

प्रतिवदेन अवधिमा दलितका लागि मात्र लक्षित समावेशी विज्ञापन अन्तर्गत ९ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका दलित उम्मेदवारको विवरण तालिका नं. २० मा प्रस्तुत गरिएका छन्।

### तालिका नं. २०
### दलित समूह तर्फको सिफारिस विवरण

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| दलित | ३ | ० | ३ | ६ | ० | ६ | ९ |
| **जम्मा** | ३ | ० | ३ | ६ | ० | ६ | ९ |

## ८.८ अपाङ्गता भएका समूह तर्फको सिफारिस

प्रतिवदेन अवधिमा अपाङ्गता भएका समूहका लागि मात्र लक्षित समावेशी विज्ञापन तर्फ २ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका अपाङ्गता भएका उम्मेदवारको विवरण तालिका नं. २१ मा प्रस्तुत गरिएका छन्।

### तालिका नं. २१
### अपाङ्गता भएका समूह तर्फको सिफारिस विवरण

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| अपाङ्ग | ० | ० | ० | २ | ० | २ | २ |
| **जम्मा** | ० | ० | ० | २ | ० | २ | २ |

## ८.९ विभिन्न विज्ञापनमा स्थायी नियुक्तिका लागि सिफारिस भएका सफल उम्मेदवार

समावेशी समूह, खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि विज्ञापन भएका पदहरूमा छनौटको भएका उम्मेदवार सङ्ख्याको तुलनात्मक स्थिति यस खण्डमा प्रस्तुत गरिएको छ। विभिन्न विज्ञापनबाट सिफारिस भएका उम्मेदवारहरूको विवरण तालिका नं. २२ मा राखिएको छ।

तालिका नं. २२

स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारको विवरण

| सिफारिस समूह | समावेशी समूह अनुसार सिफारिस उम्मेदवार सङ्ख्या | जम्मा |
|---|---|---|
| आ.प्र. | २५ | २५ |
| खुला | ५६९ | ५६९ |
| महिला | ११५ | ११५ |
| आ.ज. | ६३ | ६३ |
| मधेसी | २६ | २६ |
| दलित | ९ | ९ |
| अपाङ्ग | २ | २ |
| **जम्मा** | ८०९ | ८०९ |

# परिच्छेद - ९
# परामर्श र उजुरी

## ९.१ कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा परामर्श

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा ३, ४ र ५ बमोजिमका विषयहरूमा प्रदेश सरकारका विभिन्न निकाय तथा प्रदेश भित्रका स्थानीय तहहरूबाट माग भै आएका विषयहरूमा आयोगले प्रचलित कानून बमोजिम परामर्श उपलब्ध गराइएको थियो । प्रतिवेदन अवधिमा देहायबमोजिमका निकायका कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा आयोगबाट देहायका उल्लेखित परामर्शहरू प्रदान गरिएको छ । जसको विस्तृत विवरण तालिका नं. २३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २३**

**आर्थिक वर्ष २०७८/०७९ मा आयोगबाट प्रदान गरिएको परामर्श**

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| १ | काठमाडौं र ललितपुर म.न.पा. को जनशक्ति व्यवस्थापनका विविध पक्षका सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन २०७८ समेतका आधारमा प्रचलित कानून विपरीत गरिएका बढुवा वदर सम्बन्धी नर्णय | २०७९/०१/१४ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा अनुरोध भै आएबमोजिम प्रदेश निजामति सेवा अध्यादेश, २०७८ को मस्यौदाका सम्बन्धमा परामर्श उपलब्ध गराइएको। | २०७८/१२/१५ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा अनुरोध भै आएबमोजिम "स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७८" को मस्यौदाका सम्बन्धमा परामर्श उपलब्ध गराइएको । | २०७८/१२/१५ |
| ४ | कमलामाई नगरपालिकामा कार्यरत विभिन्न सेवा/समूह र पदका कर्मचारिहरूको सेवा समूह परिवर्तन सम्बन्धमा () | २०७९/०२/२३ |
| ५ | स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को दफा ६(१) बमोजिम सातौं तहमा तह मिलान गर्ने सम्बन्धमा | २०७९/०३/१५ |

## ९.२ विभागीय सजायका विषयमा परामर्श

आयोगबाट आ.व. २०७८/७९ मा विभिन्न स्थानीय तहहरूलाई विभागीय सजायका विषयमा प्रदान गरिएका परामर्शहरूको विस्तृत विवरण तालिका नं. २४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २४**

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| १ | काठमाडौं महानगरपालिकाका हलुका सवारी चालक केशव बस्नेतलाई प्रस्तावित विभागीय सजायको विषयमा | २०७९/०२/१६ |
| २ | खैरहनी नगरपालिकाका सहायक पाँचौं तहका रन्जन वाग्लेलाई प्रस्तावित विभागीय कारवाहिका विषयमा | २०७९/०२/२० |

# परिच्छेद - १०
# साङ्गठनिक सुधार

## १०.१ रणनीतिक योजना

प्रदेश निजामती सेवा, स्थानीय सेवा तथा अन्य सरकारी सेवाका लागि दक्ष मानव संशोधन सिफारिस गर्ने प्रमुख कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्य लिएको छ। सो उद्देश्य प्राप्तिका लागि सेवा प्रवाहमा सुधार, विज्ञ र सेवाग्राहीहरूको संलग्नता अभिवृद्धि र संस्थागत क्षमता सुदृढीकरण गर्ने विषय प्रमुख उपलब्धिका क्षेत्रको रूपमा पहिचान गरिएको छ। सो लक्ष्य हासिल गर्नका लागि निम्न रणनीतिहरू तय गरिएका छन्ः

- सेवा प्रवाहमा सुधार गर्ने
  - सार्वजनिक सेवामा क्षमतामा आधारित (Competency Based) छनौट प्रणाली लागू गर्ने,
  - सार्वजनिक सेवाका निकाय, सुरक्षा निकाय र सङ्गठित संस्थाहरूबाट वार्षिक पदपूर्तिको माग समयमै उपलब्ध गराउने,
  - सरकार र सङ्गठित संस्थाका उच्च तहका व्यवस्थापकहरूको छनौट गर्दा कार्यक्षमतामा आधारित (Competency Based) नेतृत्व प्रणाली चरणबद्ध रूपमा लागू गर्ने,
  - सहायक स्तरका उम्मेदवारको छनौट पश्चात अल्पकालीन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- विज्ञहरू र सेवाग्राहीहरूको संलग्नता अभिवृद्धि गर्ने,
  - विशेष विज्ञता आवश्यक भएका क्षेत्रहरूमा विज्ञहरूको प्रभावकारी संलग्नता बढाउने,
  - नेपालको संविधानको धारा २४३ को व्यवस्था बमोजिम दिइएको सामान्य सिद्धान्त सम्बन्धी परामर्शको पालना सुनिश्चित गर्ने,
  - विशेष शैक्षिक योग्यता आवश्यक पर्ने वा कम दरखास्त भई पदपूर्ति हुन नसकेको अवस्था वा तत्काल पदपूर्ति गर्नुपर्ने पदहरूका लागि विशेष व्यवस्था गर्ने,
  - आयोगमा अनुसन्धानका परिणामका आधारमा निर्णय गर्ने पद्धति अवलम्बन गर्ने।
- संस्थागत क्षमता सुदृढीकरण गर्ने
  - परिवर्तित सन्दर्भमा संस्थागत परिणाममुखी बनाउन पुनर्संरचना गर्ने,
  - नयाँ प्रविधि तथा सेवा सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधारहरू विकास गर्ने,

- प्रदेश लोक सेवा आयोगमा उत्कृष्ट जनशक्तिलाई आकर्षित गर्न, कार्यप्रति अभिप्रेरित गर्न र टिकाई राख्नका लागि प्रोत्साहन प्रणाली प्रवर्धन गर्ने,

उक्त रणनीतिक लक्ष्य प्राप्तिका निमित्त कार्य सम्पादन सूचक, समयसीमा, जिम्मेवार निकाय तथा सफलताका लागि निर्णायक तत्वको पहिचान समेत गरिएको छ।

## १०.२ परीक्षा प्रणालीमा सुधार

धेरै सङ्ख्यामा दरखास्त पर्ने सहायकस्तर पाँचौं तथा सहायकस्तर चौथो तहका पदहरूमा पदपूर्तिका लागि दुई चरणमा लिखित परीक्षा सञ्चालन गरिएको छ। त्यस्तै उम्मेदवारले परीक्षामा नेपाली वा अङ्ग्रेजी वा दुवै भाषामा उत्तर लेख्न पाउने व्यवस्था गरिएको छ। आयोगले आ.व. २०७८/७९ को परीक्षा सञ्चालनका लागि **OMR** प्रविधि प्रयोग गर्ने गरी व्यवस्था मिलाइएको छ। परीक्षा सञ्चालनमा खटिने जनशक्तिहरूलाई परीक्षालाई मर्यादित तवरले सञ्चालन गर्नका लागि आवश्यक तालिम तथा अभिमुखीकरण गराई उक्त जनशक्तिहरूको रोष्टर तयार गरिएको छ।

## १०.३ प्रविधिको प्रयोग

### १०.३.१ अनलाइन प्रणाली

मिति २०७७ पौष १२ गते देखि आयोगका पाँचौं र छैटौं तहका लागि गरिएका विभिन्न सेवा , समूह, उपसमूह, तहका पदहरूको विज्ञापनको दरखास्त सङ्कलन गर्ने, दरखास्त दस्तुर बुझाउने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरू आयोगको अनलाइन प्रणाली मार्फत सम्पादन हुँदै आएको छ।

### १०.३.२ वेवसाइट

प्रयोगकर्ताहरूलाई सहज हुने गरी आयोगको वेवसाइट www.ppsc.bagamati.gov.np र ई-मेलः info.ppsc@bagamati.gov.np प्रयोगमा आइरहेको छ। प्रदेश लोक सेवा आयोगको इतिहासमा अनलाइन दरखास्त लिन सुरु भएको मिति २०७७।०९।१२ देखि हो र २०७९ आषाढ मसान्तसम्म आयोगको वेभसाइट ३४ लाख भन्दा बढी पटक हेरिएको छ।

# परिच्छेद - ११
# आयोगबाट सम्पादन भएका कामहरू

## ११.१ प्रदेश सरकारका सचिवहरूसँग छलफलः

- रिक्त दरबन्दीमा पदपूर्तिसम्बन्धमा वार्षिक कार्य तालिकाको निर्णयको लागि सुझाव लिने सन्दर्भमा मिति २०७८।०४।११ गते प्रदेश सरकारका सचिवहरूसँग बैठक गरिएको थियो। उक्त बैठकमा माननीय अध्यक्ष सुरेश मान श्रेष्ठले गत आ.व.मा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएको व्यवस्था बमोजिम रिक्त दरबन्दीमा पदपूर्ति गर्न आयोगले ध्यानाकर्षण गराई पत्राचार गर्दा पनि प्रदेश सरकारका मन्त्रालयहरूबाट माग आकृति फाराम भरी पदपूर्तिका लागि अनुरोध भै नआएको विषयमा सहभागीहरूको ध्यानाकर्षण गर्नु भएको थियो।
- सोही कार्यक्रममा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश सरकारले स्थानीय तहको लागि स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तहमा एकरूपता ल्याउने गरी प्रदेश सरकारले मापदण्ड कानून बनाउनु पर्ने जिम्मेवारी भए तापनि कानून नबनाई अन्यौलको स्थिति कायम रहिरहेकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अग्रसरतामा सो सम्बन्धी कानून बनाउन सबै सचिवहरूलाई पहल गर्न सहजीकरणका लागि अनुरोध गरिएको थियो।
- प्रदेश र स्थानीय तहमा सुशासन कायम गर्न आवश्यक सङ्ख्यामा कर्मचारी अभाव भएकाले प्रदेश सरकार र स्थानीय तहहरूको कार्य सम्पादनमा नकरात्मक असर परिरहेको सन्दर्भमा ती रिक्त पदहरू शीघ्र पदपूर्ति गर्न प्रदेश सरकार सचिवहरूले आयोगलाई घचघच्याउनुपर्ने भनी सुझाव दिइएको थियो।

## ११.२ वार्षिक पदपूर्ति कार्यतालिका २०७८।०७९ प्रकाशनः

विविध कारणले गर्दा आयोगले सम्पादन गर्नुपर्ने पदपूर्ति सम्बन्धी कार्यमा सम्बन्धित निकायहरूबाट उत्साहित हुने वातावरण आयोगले बाध्यात्मक ढङ्गबाट २०७८ साल श्रावण ११ आयोगको बैठक बसी आयोगको वार्षिक पदपूर्ति कार्यतालिकामा स्वीकृत गरी आयोगको वेवसाइटमा अपलोड समेत गरिएको। उक्त स्वीकृत कार्यतालिका संलग्न गरी २०७९ कार्तिक

मसान्तसम्म माग आकृति फाराम भरी पठाउन बागमती प्रदेशका मन्त्रालयहरू तथा ११९ स्थानीय तहहरूमा पत्राचार पनि गरिएको थियो।

**११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणः**

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ८० बमोजिम संविधान, यस ऐन नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्न सक्नेछ भन्ने व्यवस्था भएको। प्रचलित कानूनमा प्रदेश तथा स्थानीय तहको पदपूर्ती सम्बन्धमा देहाय बमोजिमका व्यवस्था रहेको छ ।

- निजामती सेवा ऐन २०४९ ले कुनै पनि कार्यालयमा स्वीकृत स्थायी दरबन्दी रिक्त भएमा लोक सेवा आयोगमा स्थायी पदपूर्तिका लागि माग गरी पठाउनुपर्ने व्यवस्था गरेको।
- ऐनले स्वीकृत स्थायी दरबन्दीमा करारमा काम लगाउन नपाइने व्यवस्था गरेको।
- स्वास्थ्य सेवा ऐन २०५३ ले स्वास्थ्य सेवाको रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गरी पठाउनुपर्ने व्यवस्था गरेको।
- प्रदेश लोक सेवा आयोग ऐन २०७६ ले प्रदेश र स्थानीय तहहरूमा आयोगले रिक्त पदपूर्ति, नियुक्ति, बढुवा र विभागीय कारबाहीको सम्बन्धमा निरीक्षण गर्न सक्ने व्यवस्था गरेको।

यस आर्थिक वर्षमा कर्मचारीको अभावका कारण काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र हेटौंडा उपमहानगरपालिकाको मात्र निरीक्षण गर्न सकिएको छ। निरीक्षण सम्बन्धी विस्तृत विवरण निम्नानुसार रहेको छ।

**(क) हेटौंडा उपमहानगरपालिकाको पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षण**

मिति २०७८/०४/०५ (माननीय अध्यक्षस्तर) निर्णयअनुसार हेटौंडा उपमहानगरपालिकाको कार्यालयको स्वीकृत दरबन्दी, रिक्त र पदपूर्ति, नियुक्ति, बढुवा र विभागीय सजाय लागयतका

विषयमा निरीक्षण गर्न खटिएको आयोगका निमित्त सचिव श्री भोला दाहालको नेतृत्वमा अधिकृत सातौं श्री टेकेन्द्र अधिकारी, अधिकृत सातौं श्री पदम ओझा, र अधिकृत छैटौं श्री उमेश राज मिश्रको टोलीले हेटौंडा उपमहानगरपालिकाको स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गरेको थियो।

<u>निरीक्षण प्रतिवेदनको संक्षिप्त ब्यहोरा</u>

**मिति २०७८/०४/०५ गते** निरीक्षण टोली हेटौंडा उपमहानगरपालिका हेटौंडाको कार्यालयमा स्थलगत निरीक्षणमा गई हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज चौलागाईसँग प्रारम्भिक छलफल र अन्तरक्रिया गरिएको तथा प्रदेश लोक सेवा आयोग ऐन २०७६ को अनुसूची ३० र ३२ बमोजिमको विवरण भरेर उपलब्ध गराउन अनुरोध गरिएको।

**मिति २०७८/०४/१० गते** निरीक्षण टोलीले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखाका अधिकृत लगायतसँग पुनः छलफल तथा अन्तर्कियाको क्रममा विभिन्न पदहरू रिक्त रहेको तथा कतिपय पदहरूमा आयोगको विज्ञापन हुँदाका बखत माग नगरी उपमहानगरपालिकाकै अबैध कानूनबमोजिम करार तथा ज्यालादारीमा कर्मचारी नियुक्ति गरिएको देखिएको।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हेटौंडा उपमहानगरपालिकाको लागि स्वीकृत गरेको दरबन्दीमा प्रशासनतर्फ ४१, प्राविधिक इन्जिनियरिङतर्फ ८४, प्राविधिक कृषितर्फ १२, प्राविधिक पशुतर्फ ९, प्राविधिक शिक्षातर्फ ६ र प्राविधिक स्वास्थ्यतर्फ ६८ गरी जम्मा कुल दरबन्दी २२० रहेको देखिएको।

**हेटौंडा उपमहानगरपालिकामा देखिएको विसङ्गतिः**

- कर्मचारीहरूको दरबन्दी रिक्त रहँदारहँदै प्रचलित कानूनले तोके बमोजिम लोक सेवा आयोगसँग कर्मचारी माग नगरी विभिन्न मितिहरूमा करारमा जनशक्ति पदपूर्ति गरेको तथा कम्प्युटर अपरेटर लगायत प्राविधिक पदहरू करारमा पदपूर्तिका लागि विज्ञापन गरिएको।

- केही अधिकृत पदहरूमा एकै पटक दुई तह बढुवा गरिएको र उक्त सम्बन्धमा उच्च अदालतमा मुद्दा परेको जानकारी प्राप्त हुन आएको।
- उपमहानगरपालिकाले २०७५ सालमा स्वीकृत गरेको कर्मचारी सेवा सर्त सम्बन्धी विशेष कानून लोक सेवा आयोगको परामर्श अनिवार्य रूपमा लिनुपर्ने कानूनी व्यवस्थालाई नजरअन्दाज गरी परामर्श विना नै तयार गरेको।
- साथै २०७७ सालमा करारमा पदपूर्तिको लागि सूचना माग गर्दा पनि प्रदेश लोक सेवा आयोग बागमती प्रदेशबाट कुनै परामर्श माग भएको नदेखिएको।

निरीक्षणको निष्कर्ष तथा सिफारिस

- **हेटौंडा उपमहानगरपालिकाले कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५** आयोगको परामर्श बेगर आफूखुसी निर्माण गरेको भन्ने थाहा भएकोमा हेटौंडा उपमहानगरपालिकालगायत स्थानीय तहहरूलाई यस आयोगको प.सं. ०७७/७८ च.नं. २९३ मिति २०७७/१२/३१ तथा प.सं. ०७७/७८ च.नं. ३०८ मिति २०७८/०१/१२ मा अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरिएकोमा सो को कार्यान्वयनमा उदासीनता देखाएको पाइएको।
- प्राप्त विवरणको अध्ययन र स्थलगत निरीक्षण गर्दा हेटौंडा उपमहानगरपालिकाले कर्मचारी सेवा सर्त सम्बन्धी कानून तयार गर्दा लोक सेवा आयोगको परामर्श समेत माग नगरेको।
- आयोगबाट आ.व. ०७७।०७८ मा विज्ञापन भएको कुनै पनि तहको पदमा रिक्त हुँदा हुँदै पदपूर्तिका लागि माग नगरी निजामती सेवा ऐन २०४९ तथा प्रदेश लोक सेवा आयोग ऐन २०७६ को प्रावधान सरासर उल्लङ्घन गरेको हुँदा आयोगबाट यस सम्बन्धमा आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाउन उपयुक्त देखिने भनी निरीक्षण प्रतिवेदनबाट सिफारिस भएको।

**(ख)** काठमाडौं महानगरपालिकाको निरीक्षण र अन्तरक्रिया

- **मिति २०७८/०४/१९ गते** आयोगका निमित्त सचिव श्री भोला दाहालसहित काठमाडौं महानगरपालिकामा स्थलगत भ्रमण गरी आयोगको च.नं. ३०८, मिति २०७८/०१/१२

गतेको अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षणसहितको परिपत्र र च.नं. ४, मिति २०७८/०४/१४ अनुसूची फाराम भरी पठाउने सम्बन्धमा प्रेषित भएको पत्र सम्बन्धी महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री राजेश्वर ज्ञवाली तथा प्रशासन महाशाखा प्रमुख श्री महेश कुमार काफ्लेसँग अन्तरक्रिया एवम् सो सम्बन्धमा भएका काम कारबाहीबारे जानकारी लिने तथा माग आकृति फाराम र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची ३० र ३२ बमोजिमको विवरण भरेर उपलब्ध गराउन अनुरोध गरिएको।

- **मिति २०७८/०४/२० गते** आयोगका माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठ र माननीय सदस्य श्री शर्मिला नेउपानेको समुपस्थितिमा काठमाडौं महानगरपालिकाका मेयर श्री विद्या सुन्दर शाक्य, उपमेयर श्री हरिप्रभा खड्गी लगायत प्रमुख प्रशासकीय अधिकृत सहितको कर्मचारी टोलीका बिचमा आयोगका तर्फबाट भए गरेका काम कारवाहीका सम्बन्धमा संक्षिप्त जानकारी तथा काठमाडौं महानगरपालिकाका तर्फबाट माग आकृति फाराम भरी नपठाएको तथा आयोगको परामर्श बिना नै गैरकानूनी किसिमले ऐन कानून निर्माण गरेको विषयमा छलफल तथा अन्तरक्रिया गरिएको।
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची ३० र ३२ बमोजिमको विवरण भरेर उपलब्ध गराउन अनुरोध गरिएकोमा विवरण उपलब्ध नगराएको।
- छलफल तथा अन्तरक्रियाको क्रममा विभिन्न पदहरू रिक्त रहेको तथा कतिपय पदहरूमा आयोगको विज्ञापन हुँदाका बखत माग नगरी करारमा कर्मचारी नियुक्ति गरिएको।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काठमाडौं महानगरपालिकाको लागि स्वीकृत गरेको कुल दरबन्दी ३३६ रहेको देखिएको तर काठमाडौं महानगरपालिकाको सङ्गठन संरचना, स्वीकृत दरबन्दी र पदाधिकारी तथा प्रशासनिक एकाइहरूको कार्य विवरण-२०७७ अनुसार १४ विभाग, ३१ महाशाखा, ५५ शाखा, ३ सचिवालयमा विभिन्न सेवा समूह र तहका कुल दरबन्दी २०२३ रहेको देखिएको।
- गैरकानूनी किसिमले काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ को दफा ३ बमोजिम एक तह वृद्धि गरी समायोजन गरिएको।
- काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ नगर सभाबाट पारित भएको।
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० बमोजिम कर्मचारीहरूको नियुक्ति, सेवा, सर्त, विभागीय कारबाही सम्बन्धी कानूनको विषयमा परामर्श लिनुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पनि काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ र काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ आयोगको परामर्शबिना जारी गरेको पाइएको।

- अनलाइन खवर (Online Portal) २०७७ फाल्गुन ५ गते प्रकाशित समाचार अनुसार "काठमाडौं महानगरका १८ सय स्थायी कर्मचारीको स्वतः एक तह बढुवा" शीर्षक राखी समाचार प्रकाशित गरेको र यो समाचारबाट महानगरले १८ सय कर्मचारीको एक तह/स्तर बढुवा गरेको भन्ने देखिन्छ।
- कर्मचारीहरूको दरबन्दी रिक्त रहँदारहँदै समेत प्रदेश लोक सेवा आयोगसँग कर्मचारी माग नगरी करारमा जनशक्ति पदपूर्ति गरेको पाइएको।

<u>निरीक्षणको निष्कर्ष तथा सिफारिस</u>

- काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ र काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ तयार गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श समेत माग नगरेको तथा आयोगबाट आ.व. ०७७।०७८ मा विज्ञापन भएको कुनै पनि तहको पदमा रिक्त हुँदा हुँदै पदपूर्तिका लागि माग नगरेको।
- काठमाडौं महानगरपालिकालाई च.नं. ३०८ मिति २०७८/०१/१२ मा अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरिएकोमा सोको कार्यान्वयनमा उदासीनता देखाएको पाइएको।
- नेपालको संविधानको धारा २४४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ र दफा ८६ को उपदफा १ र उपदफा ३, कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ र दफा १५, निजामती सेवा ऐन, २०४९ को दफा ६(क), प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०, ८०, ८३ र १०६, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ को प्राबधान पालना गरेको नदेखिएको।

**(ग) <u>ललितपुर महानगरपालिकाको निरीक्षण र अन्तरक्रिया</u>**

- **मिति २०७८/०४/१९ गते** आयोगका निमित्त सचिव श्री भोला दाहालसहित ललितपुर महानगरपालिकामा स्थलगत भ्रमण गरी आयोगको च.नं. ३०८, मिति २०७८/०१/१२ गतेको अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षणसहितको परिपत्र र च.नं. ५, मिति २०७८/०४/१४ अनुसूची फाराम भरी पठाउने सम्बन्धमा प्रेषित भएको पत्र सम्बन्धी महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अर्याल तथा कर्मचारी प्रशासन शाखाका श्री सागर थापासँग अन्तरक्रिया एवम् सो सम्बन्धमा भएका काम

कारबाहीबारे जानकारी लिने तथा माग आकृति फाराम र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची ३० र ३२ बमोजिमको विवरण भरेर उपलब्ध गराउन अनुरोध गरियो।

- **मिति २०७८/०४/२५ गते** आयोगका माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठ र माननीय सदस्य श्री शर्मिला नेउपानेको समुपस्थितिमा ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जन, उपमेयर श्री गीता सत्याल लगायत प्रमुख प्रशासकीय अधिकृत सहितको कर्मचारी टोलीका बीचमा आयोगका तर्फबाट भए गरेका काम कारबाहीका सम्बन्धमा संक्षिप्त जानकारी तथा ललितपुर महानगरपालिकाका तर्फबाट माग आकृति फाराम नपठाएको तथा आयोगको परामर्शबिना नै ऐन कानून निर्माण गरेको विषयमा छलफल तथा अन्तरक्रिया गरिएको।
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची ३० र ३२ बमोजिमको विवरण भरेर उपलब्ध गराउन अनुरोध गरिएकोमा विवरण उपलब्ध नगराएको।
- छलफल तथा अन्तरक्रियाको क्रममा विभिन्न पदहरू रिक्त रहेको तथा कतिपय पदहरूमा आयोगको विज्ञापन हुँदाका बखत माग नगरी करारमा कर्मचारी नियुक्ति गरिएको पाइएको।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ललितपुर महानगरपालिकाको लागि स्वीकृत गरेको कुल दरबन्दी ३३३ रहेको।
- आयोगले माग गरेको दरबन्दी विवरण ललितपुर महानगरपालिकाले उपलब्ध नगराएकोले कुल दरबन्दी एकिन हुन नसकेको।
- ललितपुर महानगरपालिकाको तेस्रो नगरसभाको निर्णय नं. ९ मा " यस ललितपुर महानगरपालिकामा कार्यरत कर्मचारीहरूलाई मिति २०७५ साल माघ २२ गते र २०७५ साल फाल्गुण १० गतेको कार्यपालिकाको निर्णयबाट कर्मचारी समायोजन गर्ने गरेको निर्णयानुसार २०७५ साल चैत्र मसान्त सम्ममा अवधि पुग्ने/पुगेका कर्मचारीहरूलाई एक पटकका लागि समायोजन गर्ने, महानगरपालिकाको दरबन्दीमा कार्यरत कर्मचारीहरूका लागि गरेको समायोजन, समायोजनमा उल्लेखित तह र पदहरू स्वतः सिर्जना हुने गरी कार्यपालिकाबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो। साथै महानगरपालिकाको मौजुदा सङ्गठन तालिका र नेपाल सरकारबाट महानगरपालिकाको लागि प्राप्त भएको सङ्गठन तालिकामा सहरी विकास योजना महाशाखा, कानून महाशाखा र पूर्वाधार निर्माण महाशाखा थप गर्ने निर्णय गरियो ।" भन्ने निर्णय भएको देखिएको।

- साँघु न्यूज (Online Portal) मा २०७८ पौष १२ गते प्रकाशित समाचार अनुसार "महानगरमा कानून विपरीत बढुवाः दुई महिनादेखि कर्मचारी बेखर्ची" शीर्षक राखी प्रकाशित समाचारमाः
  - ➢ स्थानीय सरकारलाई कर्मचारीको तह वृद्धि गर्ने अधिकार नभए पनि ललितपुर महानगरपालिकाले समायोजन भएर केन्द्रका कर्मचारी आएकै घानमा अन्य कर्मचारीको एक तह वढुवा र तलब वृद्धि गरेको।
  - ➢ ललितपुर महानगरपालिकाले बलमिच्याइँ गर्दै बढुवा र तलब वृद्धिको निर्णय गरेपछि यसले एकातिर कानूनी प्रश्न उब्जाएको छ भने अर्कातिर स्रोत व्यवस्थापनको समस्या देखिएको।
- महानगरपालिकाले नियम विपरीत कर्मचारीको तह र तलब वृद्धि गरेपछि यसमा तालुकादार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प.सं. ०७५/७६, च.नं. ५०५, मिति २०७५/१२/०१ मा स्वतः समायोजन भएका स्थानीय तहका कर्मचारीको तह मिलान सम्बन्धमा परिपत्र जारी गरेको छ, जसमा "स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सम्बन्धी सङ्घीय कानून तर्जुमा नहुँदासम्म र कर्मचारी समायोजनको कार्य सम्पन्न नहुँदासम्म स्थानीय तहबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गर्न तथा कर्मचारीको तहमिलान सम्बन्धी कुनै पनि कार्य गर्न कानूनतः नमिल्ने हुँदा सोही बेहोरा सबै स्थानीय तहलाई जानकारी गराउने तथा प्रचलित कानूनमा स्थानीय तहको कार्यपालिका वा सभाको बैठकको निर्णयबाट सिधै कर्मचारीको नियुक्ति, बढुवा, तह मिलान जस्ता कार्य गर्न सकिने अवस्था नरहेकोले यस्ता निर्णय गर्दा कुन कानूनको कुन प्रावधान बमोजिम भएको हो यकिन गरेर मात्र निर्णय कार्यान्वयन गर्न र प्रचलित कानूनमा स्पष्ट नभएको विषयमा भएको निर्णय कार्यान्वयनमा कुनै द्विविधा भएमा मन्त्रालयमा निर्देशन माग गर्न सबै प्रमुख प्रशासकीय अधिकृतहरूलाई निर्देशन दिने भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७५/१२/०१ मा निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन" भनी सबै स्थानीय तह र प्रमुख प्रशासकीय अधिकृतहरूलाई सम्बोधन गरी परिपत्र गरेको पाइएक।

<u>निरीक्षणको निष्कर्ष तथा सिफारिस</u>

- ललितपुर महानगरपालिकाले आयोगको परामर्श तथा कानून विना नै तह वृद्धि गरेको तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प.सं. ०७५/७६, च.नं.

५०५, मिति २०७५/१२/०१ को स्वतः समायोजन भएका स्थानीय तहका कर्मचारीको तह मिलान सम्बन्धमा गरेको परिपत्रको समेत पालना गरेको नदेखिएको।

- ललितपुर महानगरपालिकालाई च.नं. ३०८ मिति २०७८/०१/१२ मा अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरिएकोमा सो को कार्यान्वयनमा उदासीनता देखाएको पाइएको।
- नेपालको संविधानको धारा २४४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ र दफा ८६ को उपदफा १ र उपदफा ३, कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ र दफा १५, निजामती सेवा ऐन, २०४९ को दफा ६(क), प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०, ८०, ८३ र १०६, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ को प्राबधान पालना गरेको नदेखिएको।

**महालेखापरीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदनमा देखाएको बेरुजुः**

- महालेखापरीक्षकको कार्यालयले ललितपुर महानगरपालिकाको आ.व. २०७६/०७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको पाना नं. १९, लेखापरीक्षणबाट देखिएको बेहोराहरूको दफा २० मा पदोन्नति र ग्रेड थप सम्बन्धमा- नेपालको संबिधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने गरी स्थानीय तहले बनाउको कानून बमोजिम हुने व्यवस्था रहेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा ५(ग) मा स्थानीय सेवाको पदमा नियुक्ति, बढुवा र बिभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने उल्लेख छ। महानगरपालिकाले कर्मचारी सम्बन्धी ऐन नबनाई कार्यपालिकाको निर्णयानुसार २२६ जना कर्मचारीहरूलाई पदोन्नति हुने गरी तह वृद्धि गरेको छ। त्यसैगरी साविकमा रहेका १०३ जना कर्मचारीहरूलाई एक तह वृद्धि गरी २ ग्रेड थप गरिएको छ भनी उल्लेख गरेको ।

- कर्मचारीहरूको दरबन्दी रिक्त रहेका सबै पदहरूमा प्रदेश लोक सेवा आयोगसँग कर्मचारी माग नगरी केही पदमात्र माग गरेको।

### ११.४ माननीय महालेखा परीक्षकसँग बैठकः

मित २०७८।०४।२४ गते महालेखा परीक्षकको कार्यालयमा गई माननीय महालेखा परीक्षक श्री टङ्कमणि शर्मासँग आयोगका माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठ, माननीय सदस्य श्री शर्मिला नेउपाने, निमित्त सचिव श्री भोला दाहाल लगायत सम्मिलित टिमले बैठकमा सहभागी भई छलफल गरेको थियो। उक्त बैठकमाः

- प्रदेश लोक सेवा आयोगले नियमसङ्गत पदपूर्ति कार्य गर्न क्रियाशील हुँदा हुँदै पनि पदपूर्तिमा प्रदेश सरकार र स्थानीय तह उदासीन रहेको देखिएको हुँदा जनताले प्राप्त गर्नुपर्ने सेवा अपेक्षित रूपमा प्राप्त गर्न नसकेको र सेवाको गुणस्तरमा पनि ह्रास आएको देखिएको।
- नेपालको संविधान, कर्मचारी समायोजन ऐन, २०७५, निजामती सेवा ऐन २०४९ र निजामती सेवा नियमावली, २०५०, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थालाई बेवास्ता गरेको, प्रदेश र स्थानीय तहले कानून निर्माण गर्दा यस आयोगको बाध्यात्मक रूपमा लिनु पर्ने परामर्श नलिई कतिपय संस्थाले गैरकानूनी तवरबाट करारमा कर्मचारी राखेको गैरकानूनी  देखिएको।
- सम्बन्धित कानूनलाई खुलेआम बेवास्ता गरेको हुँदा अन्तिम लेखापरीक्षण गर्दा महालेखापरीक्षकको कार्यालयले बेरुजु देखाउनु पर्ने र तलब भत्ता लिएको भए फीर्ता गर्न लगाई प्रदेश लोक सेवा आयोगको परामर्शमा कानून निर्माण गरेर मात्र पदपूर्ति कार्य गर्न सम्मानित महालेखापरीक्षकको प्रतिवेदनमा समेत पार्न अनुरोध गरिएको।

### ११.५ केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता र निरीक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम

२०७८।०४।२९ गते र २०७८।०५।०१ गते आयोगको शीघ्र सञ्चालन हुने परीक्षाको लागि आवश्यक पर्ने सम्भावित केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र समन्वयकर्ता र निरीक्षकहरूबीच परीक्षालाई मर्यादित बनाउने विषयमा अभिमुखीकरण कार्यक्रम आयोजना

गरिएको थियो। ती आवश्यक जनशक्तिहरूमा धेरै जसो विद्यालय, कलेजका शिक्षकहरू र सरकारी कर्मचारीहरूलाई समावेश गरिएको थियो।

उक्त कार्यक्रममा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ बमोजिम आयोगबाट लिइने लिखित परीक्षा सञ्चालनका लागि खटाइएको जनशक्तिले ध्यान पुऱ्याउनु पर्ने र गर्नु पर्ने कुराहरूको बारेमा गहिरो अन्तरक्रिया भएको थियो। जसमाः

- परीक्षार्थीहरूले एक–आपसमा सर–सल्लाह गर्न नसक्ने गरी प्रत्येक कोठामा रहने परीक्षार्थीहरूको नाम, थर र रोल नम्बर सम्बन्धित कोठा बाहिर प्रष्ट देखिने गरी टाँस गर्ने,
- परीक्षार्थीहरूलाई परीक्षा भवनमा प्रवेश गराउन परीक्षा सुरु हुनुभन्दा तीस मिनेट अगाडि ध्वनि सङ्केतद्वारा सूचना गर्ने,
- परीक्षार्थीहरू आ–आफ्नो सिटमा बसिसकेपछि उत्तरपुस्तिकाको वितरण गर्ने,
- कुनै उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेशपत्र ल्याउन छुट भएको बेहोरा उल्लेख गरी निवेदन दिएमा आयोगको कार्यालयमा रहेको प्रवेशपत्रसँग निजको दस्तखत र अन्य विवरण समेत भिडाई मिलेमा आयोगद्वारा निर्धारण गरिएको दस्तुर लिई परीक्षामा बस्ने अनुमति दिने,
- विषयगत परीक्षा हुनेमा परीक्षा सुरु भएको तीस मिनेट पछि र वस्तुगत परीक्षा हुनेमा परीक्षा सुरु भएको पन्ध्र मिनेट पछि, विषयगत र वस्तुगत हुने परीक्षा हुनेमा परीक्षा सुरु भएको बीस मिनेट पछि परीक्षा केन्द्रमा प्रवेश गर्न नदिने लगायतका परीक्षा सञ्चालनसम्बन्धी विविध विषयमा छलफल अन्तरक्रिया र अनुभव आदान प्रदान भएको थियो।

### ११.६ प्रमुख सचिव श्री किरण राज शर्मालाई आयोगमा स्वागतः

मिति २०७८।०४।३२ गते बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा हाजिर हुन आउनु भएको दिन नै प्रमुख सचिव श्री किरण राज शर्मालाई आयोगमा स्वागत गरिएको सो अवसरमा प्रदेश सरकारका विभिन्न निकायहरूमा रिक्त रहेका करिव ४० प्रतिशत भन्दा बढी रिक्त दरबन्दीका पदहरू पूर्ति गर्न आवश्यक समन्वय गरी सक्रिय हुन अनुरोध गरिएको थियो। र उहाँबाट आयोगको अध्यक्षसँग सामान्य प्रशासन मन्त्रालयमा कार्य गर्दा आफ्नो हाकिम भएको कुरा पनि उल्लेख गरी आयोगलाई सक्दो सहयोग गर्ने कुरा भन्नु भएको थियो।

**११.७ प्रदेश सुशासन केन्द्रको बैठकः**

मानननीय मुख्यमन्त्री श्री अष्टलक्ष्मी शाक्यको अध्यक्षतामा प्रदेश सुशासन केन्द्रको बैठक मिति २०७८।०५।०३ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बस्यो। प्रदेश सुशासन ऐन, २०७७ को दफा ५ बमोजिम प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७" बनाएको र आयोगको अध्यक्ष यस केन्द्रको निर्देशक समितिको सदस्य हुने कानूनी प्रावधान रहेको छ।

११.८ ऐतिहासिक पहिलो सिफारिसः

- नेपालमा प्रदेश लोक सेवा आयोगको इतिहासमा नै पहिलो पटक **२०७८।०४।३१** मा सहायकस्तर चौथो तह (प्राविधिक), विविध सेवा, सहायक कम्प्युटर अपरेटर पदको माग पद सङ्ख्या १ (एक) को लागि उम्मेदवारहरूको अन्तर्वार्ता लिइएको र मिति २०७८।०५।०४ मा उक्त पदमा सिहासैन-१, दैलेखका श्री दिनेश बहादुर सिजापतिलाई धुनिवेशी नगरपालिका, धादिङमा सिफारिस गरिएको। यसरी **धुनिवेशी नगरपालिका, धादिङ** नेपालको संविधान जारी भएपछि नेपालमा **प्रदेश लोक सेवा आयोगबाट रिक्त दरबन्दीमा सिफारिस गरिएको पहिलो स्थानीय तह हुन सफल भएको। श्री दिनेश बहादुर सिजापति बागमती प्रदेश भन्दा बाहिरको उम्मेदवार प्रथम पटक सिफारिस भई इतिहास रच्न सफल हुनु भएको।**
- नेपालमा प्रदेश लोक सेवा आयोगको इतिहासमा नै दोस्रो पटक २०७८।०५।०८ मा सहायकस्तर चौथो तह (प्राविधिक), इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, ल्याब असिष्टेण्ट पदको माग पद सङ्ख्या १ (एक) को लागि उम्मेदवारहरूको अन्तर्वार्ता लिइएको र मिति २०७८।०५।११ मा उक्त पदमा हेटौंडा-९, मकवानपुरका श्री सुशान्त नेपालीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय वा अन्तर्गत सिफारिस गरिएको। यसरी **भौतिक पूर्वाधार विकास मन्त्रालय, मकवानपुर नेपालको संविधान जारी भएपछि नेपालमा प्रदेश लोक सेवा आयोगबाट रिक्त दरबन्दीमा सिफारिस गरिएको पहिलो प्रदेश मन्त्रालय हुन सफल भएको। श्री सुशान्त नेपाली** बागमती प्रदेश भित्रको उम्मेदवार **सिफारिस हुने प्रथम उम्मेदवार** र नेपालमा नै प्रदेश लोक सेवा आयोगको इतिहासमा सबैभन्दा दोस्रो पटक सिफारिस हुने उम्मेदवार हुनुभई इतिहास रच्न सफल हुनु भएको।

## ११.९ प्रथम ऐतिहासिक अभिमुखीकरण तालिम सञ्चालनः

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ। सिफारिस गरिएका उम्मेदवारहरूलाई सिफारिस भएको कार्यालयमा जाँदा सुरुमा अपनाउनु पर्ने कुराहरूको जानकारी दिने, निजामती सेवा ऐन, सुशासन ऐन, सूचनाको हक, गुनासो व्यवस्थापन नागरिक बडापत्र लगायतका सान्दर्भिक विषयमा केही सुसूचित गराई सिफारिस पत्र दिनु अत्यन्त उपयुक्त हुने हुन्छ। आयोगबाट सिफारिस भइसकेपछि सिफारिस पत्र दिनु अघि आयोगका पदाधिकारीसमक्ष सुशासनयुक्त किसिमले देश र सेवाग्राही जनताप्रति जिम्मेवार रही कार्य सम्पादन गर्न उत्प्रेरणा जगाउन र अब राष्ट्रसेवक भएको भावनाले गम्भीर भई खानपान, बोली, व्यवहार परिवर्तन गरी सफल हुन सघाउ पुऱ्याउने विश्वास लिइएको छ। यो नवीन तरिका अपनाएर आयोगबाट सिफारिस हुने उम्मेदवारहरूलाई सिफारिसपूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन सुरु गरिएको हुँदा लोक सेवा आयोगको इतिहासमा यो प्रथम पटक आयोजना गरिएको ऐतिहासिक कार्यक्रम हो।

प्रदेश लोक सेवा आयोगबाट पहिलो पटक परीक्षा सञ्चालन भई प्रदेश र स्थानीय तहमा सिफारिस हुने उम्मेदवारहरूलाई आयोगबाट सिफारिस दिनु अगावै कार्यालय व्यवस्थापन, आचरण, अनुशासन, पदपूर्ति, सेवा समूह उपसमूह कार्यालयमा हुनुपर्ने भूमिका, व्यक्तिगत व्यवहार, कार्यालय संस्कृति लगायत विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा निम्न बमोजिम लाभ हुने देखिन्छ-

- उम्मेदवारलाई नियुक्ति लिन, सिटरोल फाराम भर्न लगायत प्रक्रियाका बारेमा जानकारी हुने,
- उम्मेदवारलाई कार्यक्षेत्रमा गई कार्य गर्न सहज हुने,
- कार्यालय संस्कृतिको बारेमा जानकारी हुने,
- कर्मचारीले पालन गर्नुपर्ने आचरण र अनुशासनको बारेमा जानकारी हुने,
- कर्मचारीलाई भ्रष्टाचार विरुद्ध हुन सहयोग पुग्ने,
- प्रदेश सुशासन केन्द्रबाट तालिम सञ्चालन हुन अगाडि काम गर्न सहज हुने,

हाल सम्म लोक सेवा आयोगबाट सिफारिस भएका कुनै पनि सेवा समूहको पदमा आयोगले अभिमुखीकरण दिएको पाइँदैन। प्रतियोगितात्मक परीक्षाबाट अब्बल भई सिफारिस भएका उम्मेदवार र यस आयोगबीच सकारात्मक सौहार्द कायम गरी आयोगले अभिभावकको भूमिका निर्वाह गर्दा आयोगको छविमा समेत बढी जिम्मेवारी हुने हुन्छ। जीवनको पहिलो वृत्ति पथमा सुरुवात गर्न गइरहेका व्यक्तिहरूलाई आयोगले सिफारिशपूर्व दिने अभिमुखीकरण कार्यक्रम आफैमा एउटा उदाहरणीय कार्य हो।

**यसै अवधारणालाई आत्मसात गरी मिति २०७८।०५।०८ गते पहिलो पटक सञ्चालन गरी आरम्भ गरिएको अभिमुखीकरण कार्यक्रममध्ये सहायक चौथो तहका सहायक कम्प्युटर अपरेटर पदको अभिमुखीकरण कार्यक्रम ऐतिहासिक बन्न पुगेको छ।** उक्त कार्यक्रममा आयोगका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू बाट प्रशिक्षण दिइएको थियो।

**११.१० माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माको स्वागत समारोहमा सहभागिताः**

'सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/५/३ को निर्णय एवम् सम्मानीय प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा १६३को उपधारा (२) बमोजिम श्री यादवचन्द्र शर्मा, सङ्खुवासभालाई वाग्मती प्रदेशको प्रदेश प्रमुखमा नियुक्ति गर्नुभएको र मिति २०७८।०५।०९ मा नव नियुक्त माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माको माननीय मुख्यमन्त्री श्री अष्टलक्ष्मी शाक्यको उपस्थितिमा स्वागत समारोह भएको थियो। स्वागत समारोहमा आयोगको माननीय अध्यक्षको सहभागिता भएको थियो।

**११.११** मिति २०७८।०५।२२ मा माननीय मुख्यमन्त्री श्री अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यतामा **"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"** भन्ने नारासहित निजामती सेवा दिवस मनाइएको र उक्त कार्यक्रममा प्रमुख सचिव श्री किरण राज शर्माको पनि उपस्थिति थियो। माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठबाट अतिथिको हैसियतबाट सुशासन कायम गर्न अत्यावश्यक कर्मचारीको पदपूर्तिमा गम्भीर भएर लाग्न माननीय मुख्यमन्त्री र प्रमुख सचिव, सचिव लगायत सबै राष्ट्रसेवक कर्मचारीहरूलाई आह्वान गर्नु भएको थियो।

**११.१२** मिति २०७८।०५।२४ मा बागमती प्रदेशका माननीय मन्त्री तथा राज्यमन्त्रीको शपथ ग्रहण कार्यक्रममा माननीय मुख्यमन्त्री श्री अष्टलक्ष्मी शाक्यको समुपस्थितिमा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा माननीय अध्यक्षको सहभागिता भएको थियो।

११.१३ मिति २०७८।०५।२५ मा बागमती प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखसमक्ष पेश गर्ने कार्यक्रममा आयोगको माननीय अध्यक्षको सहभागिता भएको थियो।

**११.१४ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको टिमसँग पाठ्यक्रम सम्बन्धी छलफलः**

मिति २०७८/०६/०८ गते मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्ष डा. सतिस देवको टिमसँग उक्त प्रतिष्ठानको रिक्त दरबन्दीमा पदपूर्ति गर्न आवश्यक पाठ्यक्रम निर्माण गर्ने सम्बन्धमा छलफल भएको थियो।

**११.१५ हेटौंडा उपमहानगरपालिकासँग छलफलः**

मिति २०७८।०६।०८ गते हेटौंडा उपमहानगरपालिकाका प्रमख प्रशासकीय अधिकृत, शाखा अधिकृत र आयोगको टिम बीच कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम पदपूर्तिको कार्य अगाडि बढाउन र हेटौंडा उपमहानगरपालिकाको कमर्चारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५ आयोगको परामर्श बेगर बनाइएको हुँदा आयोगले नचिनेको ऐनबाट गरिएको बढुवा तथा पदपूर्ति गैरकानूनी हुने जानकारी पनि गराइएको थियो।

**११.१६ माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठलाई पत्राचारः**

नयाँ नियुक्त हुनु भएका माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठलाई माननीय अध्यक्षले मिति २०७८ असोज २८ गते तदनुसार १४ अक्टोबर २०२१ मा फोनमा बधाई ज्ञापन गर्नुभएको र नयाँ निजामती सेवा ऐन नआउँदा आयोगले गर्ने पदपूर्तिसम्बन्धी कार्य सम्पादनमा भएका अप्ठ्याराहरू बारे भौतिक रूपमा भेटेर कुरा गर्न चाहँदा दसैंको समय परेको हुँदा इमेलबाट पठाउन अनुरोध गर्नु भएको थियो। सो इमेल अनुसूची १७ मा संलग्न गरिएको छ।

**११.१७ आयोगको दोस्रो वार्षिक प्रतिवेदन प्रस्तुतः**

आयोगको दोस्रो वार्षिक प्रतिवेदन मिति २०७८।०६।१५ मा प्रस्तुत गर्न प्रदेश प्रमुखको कार्यालयमा दर्ता गरिएको थियो। प्राविधिक कारणले गर्दा मिति २०७८।०७।१२ गते मात्र आयोगले बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष आयोगको द्वितीय

वार्षिक प्रतिवेदन २०७७।०७८ पेश गरिएको थियो। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम आयोगको २०७७ श्रावण १ गते देखि २०७८ असार मसान्त सम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू यस प्रतिवेदनमा समेटिएका छन्।

प्रतिवेदनमा आयोगको गठन र कार्य क्षेत्र, कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू प्रशासनिक तथा वित्तीय स्थिति, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम, आयोगबाट सम्पादन भएका कामहरू, परामर्श र उजुरी सम्बन्धी काम, आयोगले कार्य सम्पादन गर्दा आइपरेका कठिनाइ तथा आयोगका तर्फबाट सुझावहरू प्रस्तुत गरिएको छ।

**११.१८ वार्षिक पदपूर्ति कार्यतालिका बमोजिम माग आकृति फाराम भरी पठाउन पत्राचार गरिएकोः**

मिति २०७८।०७।१३ मा विभिन्न सेवा/ समूह/ उपसमूह/ तह र पदहरूमा पदपूर्तिका लागि विज्ञापन गर्ने गरी वार्षिक पदपूर्ति कार्यतालिका स्वीकृत भई प्रकाशित भएको र सोबमोजिम पदपूर्तिका लागि प्रदेश भित्र रहेका गाउँ/नगर कार्यपालिकाहरू र अन्तर्गतका विषयगत शाखाहरू समेतको स्वीकृत दरबन्दी मध्ये रिक्त रहेका पदहरूको पदपूर्तिका लागि गाउँ/नगर कार्यपालिकाबाट निर्णय गराई प्रदेश लोक सेवा आयोग नियमावली २०७६ को अनुसूची १ बमोजिमको सेवा/ समूह/ उपसमूह/ तह र पद अनुसार छुट्टा छुट्टै माग आकृति फाराम भरी आयोगमा पठाउन अनुरोध गरी पत्र पठाइएको थियो। उक्त पत्रको नमूना अनुसूची

**११.१९ माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डेलाई बधाई तथा शुभकामना पत्रः**

मिति २०७८।०७।१४ मा माननीय राजेन्द्र प्रसाद पाण्डे मुख्यमन्त्री नियुक्त हुनु भएकोमा बधाई ज्ञापन गर्न आयोगका पदाधिकारी तथा सचिव श्री भोला दाहाल मुख्यमन्त्रीको निवासस्थित कार्यकक्षमा पुगेको थियो। माननीय अध्यक्षले आयोगको तर्फबाट शुभकामना पत्र र सार्वजनिक प्रशासनमा भएको विसङ्गति सुधार गर्न गर्नु पर्ने बारे सुझाव बाचन गरेर हस्तान्तरण गर्नु भएको थियो। उक्त पत्रको प्रतिलिपि अनुसूची १८ मा संलग्न गरिएको छ।

प्रदेश र स्थानीय तहमा सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक पर्ने जनशक्ति शीघ्र पूर्ति गर्न आयोग लागि परेको र आयोगको निर्णयबमोजिम वार्षिक पदपूर्ति कार्यतालिकाअनुसार २०७८को मङ्सिरको दोस्रो सोमबार अर्थात् मिति २०७८।०८।१३ गतेदेखि विज्ञापन हुने

कुरा जानकारी गराइएको थियो। उहाँले प्रदेशमा सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक पर्ने जनशक्ति छिटो पदपूर्ति गर्न सुझाव दिनु भएको थियो।

**११.२० रिक्त दरबन्दी पदपूर्ति गर्न माग आकृति फाराम भरी लेखी पठाउन पुनः पत्राचारः**

मिति २०७८।०७।१५ मा बागमती प्रदेश सरकार र स्थानीय तहलाई रिक्त दरबन्दी पदपूर्ति गर्न माग आकृति फाराम भरी लेखी पठाउन पुनः पत्राचार गरिएको।

**११.२१ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्षसँग बैठकः**

मिति २०७८।०७।२८ मा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष र सम्बन्धित कर्मचारीसँग प्राज्ञिक क्षेत्रपट्टि छिटो पदपूर्ति गर्ने सम्बन्धमा आयोगका पदाधिकारी र कर्मचारीसँग बैठक आयोजना गरिएको थियो।

**११.२२ प्रमुख सचिव तथा सचिवहरूसँग आयोगका पदाधिकारीको बैठकः**

मिति २०७८।०८।०२ गते प्रदेश सरकारको मन्त्रालय र मातहतका निकायमा रिक्त दरबन्दीमा पदपूर्ति गर्ने सम्बन्धमा **प्रमुख सचिव तथा सचिवहरूलाई** गम्भीर रूपले झकझक्याई यस आ.व. को विज्ञापन यही महिनाको दोस्रो सोमबार अर्थात् २०७८।०८।१३ गतेबाट सहायकस्तर पाँचौं तहबाट सुरु हुने जानकारी दिइएको थियो। छिटो पदपूर्ति गर्न आह्वान गर्ने सम्बन्धमा आयोगका पदाधिकारीको बैठक आयोजना गरिएको थियो। श्रीमान् प्रमुख सचिवबाट सबै सचिवहरूको भावना बुझ्न र आयोगको भनाइ स्पष्ट राख्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उक्त बैठक आयोजना गरिएको थियो। प्रदेश सरकारको कार्यक्रमको प्रगति विवरणमा जनशक्तिको अभावले कार्य सम्पादन अपेक्षा गरेबमोजिम हुन नसकेको भनी प्रतिवेदन बुझाउने अर्को तर्फ आयोगमा कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था बमोजिम पदपूर्तिको लागि माग आकृति फाराम भरी नपठाउनु विसङ्गति भएको भन्ने कुरा आयोगका माननीय अध्यक्षले राखु भएको थियो। स्थानीय तहको यसै कानून बमोजिम ६०० भन्दा बढी सिफारिस गरी सकिएको सम्बन्धमा पनि जानकारी दिनुभएको थियो।

**११.२३ निमित्त सचिव श्री भोला दाहालको विदाईः**

लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षाबाट राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव पदमा सफल हुनु भई आदिवासी जनजाती आयोगमा पदस्थापना हुनु भएकोले मिति

२०७८।०८।१४ मा निमित्त सचिव श्री भोला दाहालको विदाई गरिएको थियो। उहाँ आयोगको प्रथम सचिवको रूपमा कार्यरत रही आयोगलाई ऊर्जाशील बनाउन अत्यन्त सक्रिय रही विशेष योगदान पुऱ्याउनु भएकोले आयोगका माननीय अध्यक्षलगायत सबै पदाधिकारीबाट प्रशंशा व्यक्त गरिएको थियो।

**११.२४ सचिव श्री रामकृष्ण अधिकारीको स्वागतः**

लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षाबाट राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव पदमा सफल हुनु भई यस आयोगमा कार्यसम्पादन गर्न सरुवा भई आउनु भएका श्री रामकृष्ण अधिकारीलाई मिति २०७८।०८।१६ मा आयोगको सचिवको रूपमा स्वागत गरिएको थियो। आयोगका माननीय अध्यक्षलगायत सबै पदाधिकारीबाट उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गरिएको थियो।

**११.२५ हेटौंडा उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृतसँग बैठकः**

हेटौंडा उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत श्री शिवराज चौलागाईसँग मिति २०७८।०८।१९ सँग हेटौंडा उपमहानगरपालिकाको रिक्त दरबन्दीमा पदपूर्तिसम्बन्धी भएको व्यवस्था र कुनै कुनै पदमा आफ्नै उपमहानगरपालिकाबाट आयोगको परामर्शबिना अबैध कानून बनाई कुनै कुनै कर्मचारीलाई एकै पटक दुई पदमाथि बढुवा गरेको तथा रिक्त दरबन्दीमा माग आकृति फाराम भरी दरबन्दीमा पदपूर्ति गर्न उदासीन भएको सम्बन्धमा छलफल भएको। कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम नियमानुसार माग आकृति फाराम भरी आयोगमा पदपूर्तिको लागि शीघ्र पठाउने सम्बन्धमा आयोगका पदाधिकारीसँग गम्भीर छलफल भएको थियो।

**११.२६ ऐतिहासिक प्रथम सामूहिक छलफल आरम्भ भएकोः**

आ.व. ०७७।०७८ मा विज्ञापन भएका अधिकृतस्तर छैटौं तहका विभिन्न पदको लागि लिखित परीक्षाबाट सफल भएका उम्मेदवारहरूको लागि अन्तर्वार्ता अगाडि लिइने सामूहिक छलफल आयोगको इतिहासमा पहिलो पटक मिति २०७८।०९।१३ मा आरम्भ गरिएको थियो र यसकारण यो ऐतिहासिक सामूहिक छलफलको रूपमा लिइएको छ। उक्त दिन अधिकृतस्तर

छैटौं तहका तथ्याङ्क अधिकृत पदको लागि लिखित परीक्षाबाट सफल भएका उम्मेदवारहरूको सामूहिक छलफल गरिएको थियो।

### ११.२७ दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीः

प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा अझ बढी विश्वसनीय, मर्यादित र स्वच्छ बनाउदै लैजान एवम् परीक्षा सम्बन्धी कार्यप्रणालीमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य तथा एक आपसको अनुभव आदान प्रदान गर्ने अभिप्रायले यस वर्ष प्रदेश लोक सेवा आयोग, प्रदेश नं १ को आयोजनामा दोस्रो अन्तर प्रदेश कार्यशाला गोष्ठी विराटनगरमा सम्पन्न गरिएको थियो। प्रदेश नं १ को माननीय मुख्यमन्त्री श्री राजेन्द्र कुमार राईको प्रमुख आतिथ्यतामा र प्रमुख सचिव डा. राम प्रसाद घिमिरेको उपस्थितिमा सातै प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी, विभिन्न क्षेत्रका विज्ञको सहभागिता तथा लोक सेवा आयोगका प्रतिनिधि समेतको उपस्थितिमा मिति २०७८ पौष १८ र १९ गते दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्याशाला गोष्ठी विराटनगरमा सम्पन्न गरिएको थियो।

विराटनगरमा सम्पन्न यस कार्यशाला गोष्ठीबाट सबै प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको अनुभव र भावनालाई आत्मसात गर्दै सर्वसम्मत रूपमाः

- "नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको विद्यमान मर्यादाक्रम सम्बन्धी व्यवस्था संवैधानिक पदाधिकारीको मर्यादा अनुकूल नभएकोले लोक सेवा आयोगका सदस्यहरूको मर्यादाक्रम पछि क्रमशः राख्ने गरी परिमार्जन हुन नेपाल सरकारसँग अनुरोध गर्ने।
- प्रदेश लोक सेवा आयोग प्रदेशको एक संवैधानिक अङ्ग भएकोले आयोगको काम कारबाहीमा आयोगका पदाधिकारीहरूको नाम अगाडि माननीय लेख्ने/सम्बोधन गर्ने अभ्यास गर्ने।
- प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको यथाशीघ्र निर्माणका लागि आ-आफ्ना प्रदेशका प्रदेश सभा र प्रदेश सरकारहरूसँग अनुरोध गर्ने।
- प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको निर्माण नभएसम्म कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम पदपूर्ति प्रक्रियालाई निरन्तरता दिने।
- प्रदेश लोक सेवा आयोगहरूले आफ्नै प्रतिक चिन्ह (लोगो) बनाइ प्रयोगमा ल्याउने।" लगायतका १८ बुँदे घोषणापत्र जारी गरिएको थियो।उक्त घोषणापत्र अनुसूची १९ मा राखिएको छ।

अबदेखि कार्यशाला गोष्ठीलाई सम्मेलनको रूपमा लिने पनि निर्णय गरिएको थियो।

**११.२८ दोस्रो अन्तर प्रदेश लोक सेवा आयोगको कार्यशाला गोष्ठीको समीक्षाः**

२०७८ पौष २२ गते आयोगमा पदाधिकारी र कर्मचारीहरूबीच दोस्रो अन्तर प्रदेश लोक सेवा आयोगको कार्यशाला गोष्ठीको बारेमा सहभागी कर्मचारी र पदाधिकारीले आ-आफ्ना अनुभव र धारणा राखी त्यस कार्यक्रममा सहभागी हुन नसकेका कर्मचारीहरूलाई जानकारी गराइएको र समग्रमा कार्यशाला गोष्ठीको समीक्षा गरिएको थियो।

**११.२९ आयोगको इतिहासमा पहिलो पटक जुम बैठकः**

मिति २०७८ माघ ३ गते आयोगका माननीय अध्यक्ष कोरोना सङ्क्रमित हुनु भएकोले आयोगका अध्यक्ष काठमाडौंमा रहनु भएको र आयोगको इतिहासमा पहिलो पटक जुम बैठक (Zoom meeting) मिति २०७८।१०।०४ गते मङ्गलबार गरिएको थियो। उक्त बैठकले कोरोनाको फैलावट बढ्दै गएको हुँदा मिति २०७८।१०।०८ गतेबाट सुरु हुने भनिएको लिखित परीक्षा स्थगन गर्ने निर्णय गरेको थियो।

**११.३० माननीय मुख्यमन्त्रीसँग छलफलः**

- मिति २०७८/१०/२३ गते माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डे, निमित्त प्रमुख सचिव श्री याम लाल भुसालसँग आयोगका पदाधिकारीको कर्मचारीको पदपूर्ति सम्बन्धमा छलफल भयो। कोरोनाको कारण स्थगित परीक्षा कार्यक्रम सुरु गर्न माननीय मुख्यमन्त्रीबाट स्पष्ट टेवा प्राप्त भएमा मात्र न्यून जनशक्ति भएको आयोगले परीक्षाको तालिका प्रकाशन गर्न सक्ने अन्यथा परीक्षा सञ्चालन गर्न असमर्थ हुने कुरा राखिएको थियो।
- माननीय मुख्यमन्त्रीले सकारात्मक कुरा गर्नु भएकोले परीक्षा तालिका मिति २०७८/११/०७ गते शनिबारबाट सुरु हुने गरी प्रकाशन गरिएको थियो।

**११.३१ नेपाल भेटेरिनरी एसोसिएसनसँग छलफलः**

मिति २०७८।१०।२४ गते नेपाल भेटेरिनरी एसोसिएसनका अध्यक्ष डा. शितल काजी श्रेष्ठको नेतृत्वमा आएको प्रतिनिधिमण्डलसँग आयोगका पदाधिकारीको छलफल भएको थियो। मानिसको स्वास्थ्य परीक्षण गरी रोग निको पार्ने सेवामा रहेका स्वास्थ्य चिकित्सक/डाक्टरको मेडिकल अधिकृतको सुरु न्यूनतम तह अधिकृतस्तर आठौं कायम हुने तर त्यो भन्दा कम

समय नहुने गरी अझ बढी अध्ययन गर्ने पशु चिकित्सक अधिकृतस्तर छैटौं भनी गत वर्ष बागमती प्रदेशले गरेको विज्ञापन उचित नभएको भनी सम्मानित सर्वोच्च अदालतमा मुद्दा हाली अधिकृतस्तर छैटौंको मिति २०७७ फागुन महिनामा हुन लागेको लिखित परीक्षा रोकिएको थियो। हालसम्म पनि कुनै फैसला नभएको बारे गहन छलफल हुँदा सम्मानित सर्वोच्च अदालतले परीक्षा रोक्न नपर्ने भनी हालै निर्णय दिएको भन्ने जानकारी प्राप्त भएकोले मिति २०७९ जेठ महिनामा यस आ.व. को परीक्षा सुरु हुनु सबभन्दा अगाडि बाँकी रहेका पशु चिकित्सक लगायतको परीक्षा गर्ने कुरा भएको।

### ११.३२ लिखित परीक्षा कार्यक्रम स्थगन र सुरुः

उम्मेदवार छनौटको लागि यस आर्थिक वर्षमा सञ्चालन हुने लिखित परीक्षा कार्यक्रम मिति २०७८।१०।०८ बाट आरम्भ हुने गरी तोकिएकोमा कोरोनाको ओमिक्रोन भ्यारियन्ट फैलिएको हुँदा उक्त मितिमा सञ्चालन हुने परीक्षा स्थगन गरी मिति २०७८।११।०७ गते सहायक पाँचौ/लेखापाल/आन्तरिक लेखा परीक्षक सहायक पदको लिखित परीक्षा सञ्चालनबाट सुरु भएको थियो।

### ११.३३ लोक सेवा आयोगहरूको दुई दिवसीय दोस्रो राष्ट्रिय सम्मेलनः

- लुम्बिनी प्रदेश, रूपन्देहीको तिलोत्तमा नगरपालिकाको मणिग्राममा मिति २०७८ फागुन २३ र २४ गते प्रदेश लोक सेवा आयोगहरू सम्मिलित लोक सेवा आयोगहरूको दुई दिवसीय दोस्रो राष्ट्रिय सम्मेलन (Second National Conference of Public Service Commissions of Nepal) लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूका माननीय अध्यक्षहरू, माननीय सदस्यहरू, आयोगका श्रीमान् सचिवहरू सहित सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरूको गरिमामय उपस्थितिमा लोक सेवा आयोगले आयोजना गरेको थियो।
- उक्त सम्मेलनमा लोक सेवा आयोगको इतिहासप्रति गौरव बोध गर्दै, सार्वजनिक पदको भर्ना र छनौटमा नेपालको संविधान, कानूनी व्यवस्था र आयोगको मूल्य मान्यतालाई अक्षुण्ण राख्दै, आयोगको काम कारबाहीमा निष्पक्षता, स्वच्छता र विश्वसनीयतालाई थप सुदृढ पार्दै, योग्यता प्रणालीलाई संरक्षण गर्दै, योग्य, सक्षम र इमान्दार जनशक्तिलाई सार्वजनिक सेवामा आकर्षित गर्दै, लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबीच सङ्घीय लोकतान्त्रिक शासन प्रणाली, संविधान तथा प्रचलित कानूनमा व्यवस्था भए

बमोजिमको समावेशीकरणको सिद्धान्तको मर्म र भावना अनुरूप जनशक्ति भर्ना र छनौट कार्यमा सहकार्य र समन्वय गर्दै लोक सेवा आयोगबाट अवलम्बन गरिएको स्थापित सिद्धान्त तथा मूल्य मान्यतालाई परिपालना गर्दै समानता, विश्वसनीयता र निष्पक्षताको निरन्तरता कायम गर्न प्रतिबद्ध भएको कुरासहित घोषणापत्र जारी गरिएको थियो।

- "नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको मर्यादाक्रम सम्बन्धी व्यवस्था प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बरखास्तको प्रक्रिया तथा बहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष माग गर्ने लगायतका ९ बुँदे निर्णयहरू पनि गरिएको थियो। ती घोषणापत्र र निर्णयहरू अनुसूची २० मा समावेश गरिएको छ।

**११.३४ प्रमुख सचिव श्री मुकुन्द प्रसाद निरौलालाई आयोगमा स्वागतः**

प्रदेशमा पदस्थापन भै आउनु भएका प्रमुख सचिव श्री मुकुन्द प्रसाद निरौलालाई मिति २०७८।११।२७ गते आयोगमा स्वागत गरिएको थियो। सो अवसरमा प्रदेश सरकारका विभिन्न निकायहरूमा रिक्त रहेका करिव ४० प्रतिशत भन्दा बढी पदहरू पूर्ति गर्न आवश्यक समन्वय गरी सक्रिय हुन अनुरोध गरिएको थियो।

**११.३५ चितवनमा परीक्षा सञ्चालनमा खटिने सम्भावित जनशक्तिका लागि अभिमुखीकरण कार्यक्रमः**

प्रदेश लोक सेवा आयोगबाट विभिन्न समयमा चितवनमा सञ्चालन हुने परीक्षालाई मर्यादित तथा अनुशासित बनाउन परीक्षामा खटिने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता र निरीक्षकहरू जस्ता जनशक्तिलाई मिति २०७८।१२।११ गते भरतपुर महानगरपालिकाको सभाहलमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। श्रीराम पुडासैनी, अधिकृतस्तर आठौंबाट कार्यक्रम सञ्चालन गरिएको थियो। सचिव श्री रामकृष्ण अधिकारीबाट परीक्षामा खटिने जनशक्तिले पालना गर्नुपर्ने आचरण लगायतका विषयमा विस्तृत कार्यपत्र प्रस्तुती भएको र माननीय सदस्य श्री सुदर्शन प्रसाद ढकालबाट सानो मन्तव्य सहित माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठबाट विस्तृत रूपमा आयोगको लिखित परीक्षालाई मर्यादित बनाउन सबै जनशक्ति

लागि पर्नु पर्ने र स्वच्छ निष्पक्ष हिसाबबाट योग्यतम उम्मेदवारलाई लोक सेवा आयोगको मापदण्डबमोजिम सफल बनाउन सक्रिय भई सहयोग गर्न आग्रह गर्नु भएको थियो। विगतमा आयोगको परीक्षामा अनियमित गर्ने १३ जना उम्मेदवारहरूलाई कारबाही गरी २ वर्षसम्म परीक्षा दिन नपाउने गरी कालो सूचीमा राखिएको जानकारी पनि दिनु भएको थियो।

**११.३६ माननीय मुख्यमन्त्रीसँग आयोगका पदाधिकारीको बैठकः**

- मिति २०७८ चैत्र २० गते माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डेसँग प्रमुख सचिव श्री मुकुन्द निरौलाको सहजीकरणमा बैठक बसेको थियो। बारम्बार आयोगको प्रगति तथा समस्याका बारेमा कुरा राख्न माननीय मुख्यमन्त्रीको समय नमिल्दा बेला बखत असहज महसुस गरिएको कुरा माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठबाट प्रस्तुत भएको थियो। माननीय मुख्यमन्त्री नयाँ नियुक्ति भई आउनु भएपछि मिति २०७८।०७।१४ मा बधाई तथा शुभकामना पत्रसहित सार्वजनिक प्रशासनमा भएको विसङ्गति, सुधार गर्नुपर्नेबारे सुझाव र आयोगको कार्य सम्पादनसम्बन्धमा वार्षिक कार्यतालिका प्रस्तुत गरिएको कुरा स्मरण गर्दै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस आ.व. २०७८/७९मा आयोगबाट विज्ञापन भएका सहायकस्तर चौथो, पाँचौं अधिकृतस्तर छैटौं, सातौं, नवौं तथा स्वास्थ्य सेवाका अधिकृतस्तर आठौं तहका पदहरूको विज्ञापन गरिएको विवरणबारेमा जानकारी गराइएको थियो। साथै प्रदेशस्तरमा सङ्गठित संस्थाको हकमा पहिलो पटक मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुरुमा आवश्यक पर्ने प्राज्ञिक र प्रशासनिक कर्मचारीको पनि विज्ञापन गरिने जानकारी पनि दिइएको थियो।
- प्रदेश र स्थानीय तहमा सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक पर्ने जनशक्ति पूर्ति गरी सुशासन कायम गर्न सघाउ पुऱ्याउने कार्य आयोगले गर्ने भएको हुँदा माननीय मुख्यमन्त्रीको दाहिने हात आयोग हो भन्ने कुरामा माननीय मुख्यमन्त्री सचेत हुनु भएकै छ भनी कम्तीमा महिनाको एक पटक छलफल बैठक आयोगसँग गर्न माननीय अध्यक्षले आग्रह गर्नु भएको थियो।

### ११.३७ आयोगका पदाधिकारीसहित सम्पूर्ण कर्मचारीको आन्तरिक बैठकः

मिति २०७८।१२।२५ गते आयोगको काम कारबाहीलाई चुस्तता प्रदान गरी ऊर्जाशील बनाउन आयोगका सचिवसहित सम्पूर्ण कर्मचारीसँग आन्तरिक बैठकको आयोजना गरिएको थियो। कर्मचारीहरूलाई मनमा लागेका सकारात्मक नकरात्मक कुराहरू खुलेर प्रस्तुत गर्न र पदाधिकारीहरूलाई पनि लागेका कुराहरू राखी मन माझामाझ गर्न आयोगका माननीय अध्यक्षले प्रोत्साहन गरी खुलस्त छलफल भएको थियो।यस्तो आन्तरिक बैठकले आयोगको कार्य सम्पादनमा सकारात्मक छवि ल्याउने हुँदा मासिक रूपमा सँगै बसेर चिया खाई घरभित्रका कुरा गर्ने निर्णय पनि गरिएको थियो।

### ११.३८ बढुवा समितिको अध्यक्ष तोकिएकोः

प्रदेश निजामती सेवा अध्यादेश, २०७८ एवम् स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ मिति २०७८/१२/२४ गते देखि लागू भएको र उक्त अध्यादेश अनुसार प्रदेश र स्थानीय तहका निजामती कर्मचारीहरूको बढुवा प्रयोजनका लागि प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ४२(१) (ख) र स्थानीय सेवा (गठन र सञ्चालन) अध्यादेश, २०७८ को दफा ३४(१)(ख) बमोजिम मिति २०७९/०१/०२ गते आयोगका माननीय अध्यक्षस्तरीय निर्णयबाट बढुवा समितिको गठन भएको छ । बढुवा समितिको अध्यक्ष तोकिएको सम्बन्धी पत्र अनुसूची २१ मा समावेश गरिएको छ।

### ११.३९ लोक सेवा आयोगका पदाधिकारीसँग बैठकः

मिति २०७९/१/२१ गते यस आयोगका माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठ, माननीय सदस्य श्री शर्मिला नेउपाने, सचिव श्री रामकृष्ण अधिकारी सहितको टोलीले लोक सेवा आयोगको कार्यालय कमलपोखरीमा सो आयोगका मा. सदस्य श्री माधव वेलवासे, मा. सदस्य श्री दिनेश सिलवाल र मा. सदस्य श्री मन्जु कुमारीसँग भेट गरी छलफल गरेको थियो। लोक सेवा आयोगको अनामनगरको पहिलाको दरखास्त काउन्टर रहेको भवनको माथिल्लो तलाको ८ कोठा सबै ७ वटै प्रदेश लोक सेवा आयोगलाई प्रयोग गर्न दिने भनी निर्णय गरेको भन्ने जानकारी प्राप्त भएपछि उक्त भवनका कोठाहरू अवलोकन गर्न गइएको थियो। अनामनगरको एउटा कोठामात्रले अपुग हुने भएकोले आवश्यकतानुसार प्रयोग गर्ने तर अहिले प्रदेश सुशासन

केन्द्र, जावलाखेलको २ कोठा प्रयोग गर्न सुविधाजनक भएको हुँदा आयोगको गोप्य कार्यहरू त्यहीँबाट गर्न यस पटकको लागि सुरु गरिएको थियो।

**११.४० आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुने प्रदेश सभाको बैठकः**

मिति २०७९।०२।१६ गते माननीय प्रदेश सभाका सभामुख श्री सानु कुमार श्रेष्ठले माननीय प्रदेश प्रमुखबाट वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डेलाई उक्त कागजात हस्तान्तरण गर्न अनुरोध गर्नु भयो। माननीय मुख्यमन्त्रीबाट हस्तान्तरण भएपछि माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो। उक्त बैठकमा आयोगका माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठको उपस्थिति भएको थियो।

**११.४१ नक्कली परीक्षार्थीलाई कारबाहीः**

आयोगको विज्ञापन नं. १२-१५/०७८-७९, प्रशासन सेवा सा.प्र./लेखा समूह, प्रशासन सहायक/लेखा सहायक चौथो पदको मिति २०७९/०२/१९ गते सञ्चालित परीक्षामा स्थायी ठेगाना महोत्तरी जिल्ला भएको परीक्षार्थी  अभय कुमार यादवको नामबाट कास्कीकोट-३, कास्की स्थायी ठेगाना भएको दिपेन्द्र प्रसाद बास्ताकोटीले  परीक्षा दिइरहेको अवस्थामा नक्कली परीक्षार्थी पहिचान भई आयोगको प.सं. ०७८/७९, च.नं. ४३७ मिति २०७९/०२/१९ को पत्रबाट प्रहरी हिरासतमा रहेका निज नक्कली परीक्षार्थीलाई थप अनुसन्धान गरी हदै सम्मको कारबाही प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय, मकवानपुर, हेटौंडालाई अनुरोध गरिएको थियो। निज नक्कली परीक्षार्थीलाई कारबाही गरिएको प्रेस विज्ञप्ति अनुसूची २२ मा समावेश गरिएको छ ।

**११.४२ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको दोस्रो वार्षिकोत्सव–२०७९ मा सहभागिताः**

मिति २०७९।०३।१५ गते माननीय पूर्व मुख्यमन्त्री श्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको दोस्रो वार्षिकोत्सव – २०७९ को कार्यक्रम भएको र उक्त कार्यक्रममा नेपाली काङ्ग्रेस बागमती प्रदेशका सभापति इन्द्र बहादुर बानियाँले यो प्रतिष्ठान हेटौंडाबाट अन्यत्र कुनै पनि हालतमा नसर्ने र ढुक्क भएर कार्य गर्न प्रतिष्ठानका पदाधिकारी सक्रियपूर्वक लाग्न अनुरोध गर्नुभएको थियो।

**११.४३ बागमती प्रदेश सरकारबाट जारी भएक स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को कार्यान्वयनका सम्बन्धमा स्पष्ट पारिएको**

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को दफा ६ उपदफा १ मा तोकिए बमोजिमको योग्यता पुगेका तह ४, तह ५, तह ७ र तह ९ का कर्मचारीहरूको स्तरवृद्धि गर्दा सम्बन्धित कर्मचारीको पदाधिकार रहेको कार्यालयको सम्बन्धित अख्तियारवालाले गर्ने व्यवस्था रहेकोमा सो व्यवस्थाका सम्बन्धमा भरतपुर महानगरपालिका लगायतका स्थानीय तहहरूबाट स्पष्टताका लागि अनुरोध भई आएको थियो । सो सम्बन्धमा आयोगको २०७९/०३/१५ को निर्णयानुसार सो अध्यादेशको दफा ६ को उपदफा १ ले सम्बन्धित कर्मचारीको पदाधिकार रहेको कार्यालयको सम्बन्धित अख्तियारवालाबाट निर्णय भई तह मिलान हुने स्पष्ट व्यवस्था भएको हुँदा सोही बमोजिम हुने व्यहोरा जानकारी गराइएको । सो सम्बन्धमा स्थानीय तहहरूलाई गरिएको परिपत्र अनुसूची २३ मा समावेश गरिएको छ ।

**११.४४ आयोगलाई विपक्षी बनाइएका मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफ फिराइएको:**

- आयोगको मिति २०७८/१०/१० को सूचना नं. ९८/०७८-७९ को विज्ञापन नं. ६११-६१४/२०७८-७९ बाट स्वास्थ्य सेवाको सातौं तह, हेल्थ इन्सपेक्सन समूहको जनस्वास्थ्य अधिकृत पदको लागि विज्ञापन गरिएकोमा निवेदक डा. लिला बहादुर बस्नेतको आवश्यक शैक्षिक योग्यता अपुग भएको कारण आयोगले निजलाई सोको जानकारी गराई आवेदन उपर कारबाही नगरेको भन्ने सम्बन्धमा डा. लिला बहादुर बस्नेतले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्दा हालेको।
- कृष्णराज तिवारी स्थानीय तहको आर्थिक योजना तथा तथ्याङ्क सेवामा समायोजन भई कामकाज गर्दै आएकोमा आयोगबाट मिति २०७८/१०/१० गते प्रकाशित ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं. ९३/०७८-७९ (प्रदेश निजामती सेवाको लागि) मा निजले आवेदन दिएको। निवेदक प्रदेश निजामती सेवा नभई स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारी भएको हुँदा निज सो विज्ञापनको लागि योग्य उम्मेदवार नभएकोले निजको आवेदन अस्वीकृत गरिएको भन्ने सम्बन्धमा

निवेदक कृष्णराज तिवारीले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्दा हालेको।

- श्रवण कुमार चौधरी समेत निवेदकले, आयोगले विज्ञापन सूचना नं. ९२।०७८-७९ तथा सूचना नं. ९८।०७८-७९ का खुला तथा समावेशी तर्फका विभिन्न पदहरूको विज्ञापन प्रकाशन गरेको र समावेशी खण्डमा महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र उल्लेख रहेको तर थारु कल्सटर नछुट्याएको सो नछुट्याइएकोले थारु समुदायको संविधान प्रदत्त रोजगारीको हक हनन् भएकोले उक्त सूचना नं अन्तर्गतका विज्ञापनहरू उत्प्रेषणका आदेशले बदर गर्न तथा अन्तरिम आदेशबाट उक्त विज्ञापन अन्तर्गतका परीक्षा कार्यक्रम सञ्चालन नगर्न नगराउन मागदावी राखी रिट निवेदन दायर गरेको भन्ने सम्बन्धमा श्रवण कुमार चौधरी समेतले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्दा हालेको।
- निवेदकहरू मधुराम दुवाडी समेत 'भरतपुर म.न.पा. मा कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७७' अनुसार बढुवा भएका कर्मचारी रहेकोमा आयोगको मिति २०७९/०१/१३ को निर्णय (नि.नं. ३८/०७८-७९) अनुसार उक्त बढुवा बदर भई निवेदकहरूलाई अन्याय परेकोले आयोगको उक्त निर्णय तथा प्रदेश निजामती सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को दफा १५३ को उपदफा (१) उत्प्रेषणको आदेशले बदर गराउनका लागि रिट निवेदन दायर गरेको भन्ने सम्बन्धमा मधुराम दुवाडी समेतले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्दा हालेको।

# परिच्छेद - १२

# आयोगले जिम्मेवारी निर्वाहको क्रममा भोगेका समस्याहरू

## १२.१ आयोगमा कर्मचारीको कमी

प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा स्वीकृत दरबन्दी कुल ४९ जना भएता पनि राजपत्राङ्कित प्रथम श्रेणी १, अधिकृत आठौं १, अधिकृत सातौं ३, राजपत्राङ्कित तृतीय श्रेणी ३, अधिकृत छैठौं ३ र सहायक पाँचौं ३ तथा कार्यालय सहयोगी ५ र हलुका सवारी चालक २ गरी जम्मा २१ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको आयोगको अस्थायी संरचना र दरबन्दी अनुसार तहगत दरबन्दी सङ्ख्या, पदपूर्ति र रिक्त अवस्था अनुसूची २ र आयोगमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची ३ मा समावेश गरिएको छ। स्वीकृत अस्थायी दरबन्दीको ४२।८५ प्रतिशत मात्र कर्मचारीले आयोगको माग सङ्कलन, विज्ञापन, विशेषज्ञबाट प्रश्न पत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, दोहोरो कोडिङ, उत्तर पुस्तिका परीक्षण, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता सञ्चालन, सिफारिस, सिफारिस भएका कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम र सिफारिस पत्र वितरणजस्ता अत्यन्त गहन कार्य सहज हिसाबबाट सम्पादन गर्न कठिनाइ भइरहेको छ।जिम्मेवारी र कार्य प्रकृति अनुसार न्यूनतम सङ्ख्यामा पनि जनशक्ति उपलब्ध हुन सकेको छैन। यसले काममा ढिलाईका साथै गुणस्तरमा सुधार गर्न कठिनाइ भई रहेको छ। नियमित अनुगमन तथा प्रवर्द्धनात्मक कामहरूलाई आयोगले बाध्य भएर नजरअन्दाज गरेको अवस्था रहेको छ।

मौजुदा न्यून कर्मचारी कार्यरत अवस्थामा पनि आयोगको सहमती (जानकारी) बिना सरुवा गरेको अवस्था पनि भइरहेको छ।

## १२.२ भौतिक पूर्वाधारको अभाव:

२०७६ मङ्सिर २ गते अध्यक्षको नियुक्ति भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा उपलब्ध गराइएको ३ कोठामा आयोगले ४ महिना कार्यसञ्चालन गरेको र २०७६ चैत्र १ गते देखि घर भाडामा लिई काम कारवाही सञ्चालन गरिएको छ। आयोगको क्रियाकलाप र कामको प्रकृति तथा गरिमा उच्च बनाउन भाडाको भवन अपर्याप्त मात्रै होइन उपयुक्त पनि नहुने हुँदा आयोगको आफ्नै भवन आवश्यक देखिन्छ। आयोगको लागि पर्याप्त

कोठा र सुरक्षा अति नै महत्त्वपूर्ण हुन्छ। यसतर्फ आयोगले बेलाबखत माननीय मुख्यमन्त्रीसमक्ष गम्भीर रूपमा ध्यान दिनु पर्ने कुरा राखिरहिएको छ।

**१२.३ सवारी साधन र पारिश्रमिक सुविधा**

नतिजामुखी कार्यसम्पादनको हिसाबबाट सफल यस प्रदेश लोक सेवा आयोगमा अन्य प्रदेश लोक सेवा आयोगहरूको तुलनामा सवारी साधनहरू र पदाधिकारीको पारिश्रमिकको अवस्था सबैभन्दा कम छ। आयोगको कार्यबोझ र कार्य प्रकृतिका आधारमा परीक्षा सामाग्री ढुवानी तथा यातायातका लागि सवारी साधनको अभाव रहेको छ। आयोगका दुई पदाधिकारीहरूलाई हालसम्म सरकारी सवारी उपलब्ध गराउन सकिएको छैन। प्रतिष्ठा र सुरक्षाको हिसाबबाट आयोगका सदस्यहरूलाई गाडीको सुविधा हुन जरुरी देखिएको ।आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ४ मा समावेश गरिएको छ।

**१२.४ सम्मानित अदालतहरूको ढिलो फैसलाबाट आयोगको कार्य सम्पादनमा परेको प्रभाव**

सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा उजुरी परेपछि रोकिएका परीक्षाहरूबाट प्रदेश सरकार र स्थानीय तहमा कर्मचारीको दरबन्दी पूर्ति हुन सकेको छैन। लामो समयसम्म फैसला नहुँदा जनताले प्राप्त गर्नुपर्ने सेवा सुविधामा कर्मचारीको अभावको कारण प्रत्यक्ष असर परिरहेको छ जसबाट सरकारको कार्य सम्पादनमा सकरात्मक प्रभाव परेको छैन।

**१२.५ नीतिगत अन्यौल**

प्रदेश निजामती सेवा ऐन नियमको अभावमा प्रदेश सरकारमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासमा प्रतिकूल प्रभाव परेको छ। आयोगले खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षा सञ्चालन गरेको भएतापनि बढुवा समितिको अभावमा बढुवा सम्बन्धी कामलाई अघि बढाउन सकिरहेको छैन। यो समस्या स्थानीय तहका कर्मचारीहरूले पनि भोगिरहेको अवस्था छ। विगत ५ वर्ष देखि बढुवाको प्रक्रिया अवरुध्द रहेको छ। प्रचलित कानून बमोजिम आयोगले परीक्षा सञ्चालन गर्दा प्रदेशमा रिक्त रहेका अधिकृत तहका परीक्षाहरू उपर न्यायिक प्रश्नहरू समेत उठिरहेका छन्।

### १२.६ रिक्त पदहरू लुकाउने प्रवृत्ति

आयोगको वार्षिक कार्यतालिका बमोजिम गत आर्थिक वर्षमा **११९ वटा स्थानीय तहहरूमध्ये ६२ वटाले** मात्र रिक्त पदहरू पदपूर्तिका लागि माग गरी पठाएका थिए । मागको आधारमा आयोगले पदपूर्तिको प्रक्रियाहरू पूरा गरी सिफारिसहरू गरिरहेको छ। केही स्थानीय तहहरू रिक्त पदहरू पदपूर्तिका लागि माग पठाउने विषयमा अनुदार देखिएका छन्। प्रदेश सरकार मातहतका बहुसङ्ख्यक निकायहरू **९**मन्त्रालय**०** बाट गत वर्ष पदपूर्तिका लागि चासो देखाइएन।

### १२.७ कार्यालय विस्तारः

खाशगरी अधिकृत वा सो भन्दा माथिको लिखित परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तर पुस्तिका परीक्षण जस्ता गोपनीयता कायम गरी सम्पादन गर्नु पर्ने कार्यहरूको लागि परीक्षार्थीहरूको सहजता र दक्षविज्ञहरूको सेवाको गुणस्तर कायम गर्नका लागि काठमाडौंमा आयोगको सुविधासम्पन्न कार्यालय भवन अनिवार्य नै भएको छ। काठमाडौंमा आयोगको शाखा कार्यालय स्थापना गर्नुपर्ने र तत्कालका लागि सम्पर्क कार्यलय स्थापना गर्नुपर्नेमा सो हुन नसक्दा आयोगको कार्य सम्पादनमा कठिनाइ महशुस भएको छ ।

# परिच्छेद - १३

## सुझावहरू

१. रिक्त पदहरू पदपूर्तिमा प्रदेशका बहुसंख्यक मन्त्रालयहरू र स्थानीय तहहरूले रिक्त पदहरू पदपूर्ति गर्ने तर्फ आर्थिक वर्ष २०७८/०७९ मा पर्याप्त चासो नदिएको आयोगलाई लागेको छ। विशेष गरी कर्मचारी समायोजन ऐन को दफा १२ मा भएको व्यवस्था "प्रदेश वा स्थानीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरबन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूरा हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागि अनुरोध गरी पठाउनु पर्ने" भन्ने स्पष्ट व्यवस्थाको आंशिक मात्र उपयोग हुन सक्यो, जसले गर्दा कर्मचारी अभावको समस्या ज्युँका त्युँ रह्यो। यसर्थ प्रदेश सरकार र स्थानीय तहहरूले यो प्रावधानको गम्भीरतालाई अनुसरण गरी रिक्त पदहरू पदपूर्तिको लागि हालसम्म मागआकृति फारम भरी नपठाएका प्रदेशका मन्त्रालयहरू र स्थानीय तहले तत्काल सम्पुर्ण रिक्त पदहरूमा पदपूर्तिका लागि माग आकृति फारम भरी आयोगमा पठाउनु पर्ने।

२. २०७८ साल चैत २४ गते बागमती प्रदेश सरकारले जारी गरेको प्रदेश निजामती सेवा अध्यादेश, २०७८ एवम् स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ मा व्यवस्था भए अनुसार बढुवा समितिको सचिवालय क्रियाशील हुन नसक्दा खुला तथा आन्तरिक प्रतियोगिताका लिखित परीक्षाको नतिजा प्रकाशित गर्न सकिएन। उपरोक्त अध्यादेशमा भएको व्यवस्थाहरू बमोजिम दरबन्दी यकिन गर्ने, पद दर्ता गर्ने र रिक्त रहेका पदहरू पदपूर्तिका लागि आयोगको वार्षिक कार्यतालिका बमोजिम मागफाराम भरी पठाउने काममा प्रदेशका मन्त्रालय एवम् स्थानीय तहहरू गम्भीर हुनुपर्ने साथै बढुवा समितिले बढुवाको प्रक्रिया पूरा गरी लामो समय देखि रोकिएका विभिन्त तहका लिखित परीक्षाहरूको नतिजा प्रकाशनमा आयोगलाई सहजीकरण गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पहल लिनु पर्ने।

३. संविधान अनुसार सङ्घीयता कार्यान्वयन भई देश सङ्घीय संरचनामा गइसकेको अवस्थामा अन्य मन्त्रालय र कार्यालयहरू स्थायी कर्मचारीको दरबन्दीमा कार्य गरिरहेको अवस्थामा

हालसम्म आयोगमा अस्थायी दरबन्दीको व्यवस्था भई कर्मचारीहरू विभिन्न निकायहरूमा पदाधिकार राखी काजमा पठाउने व्यवस्थाले गर्दा आवश्यक सङ्ख्यामा कर्मचारी पाउन नसकिएको अवस्था यद्यपि विद्यमान रहेको छ। प्रदेश लोक सेवा आयोगको कर्मचारी दरबन्दी म्यादी कर्मचारी सरह व्यवहार गरी वार्षिक रूपमा कर्मचारीको अस्थायी दरबन्दी स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा अनुरोध गर्नुपर्ने अवस्थाले अन्यत्रबाट कर्मचारी सरुवा भई आयोगमा आउन हिचकिचाउने र हाल आयोगमा मौजुदा कर्मचारीहरूमा समेत अनिश्चितता, नैराश्यताका साथै हिनताबोध र आत्मसम्मानमा चोट पुगेको जस्ता कुराहरूले गर्दा प्रदेश लोक सेवा आयोगले पेस गरे बमोजिम आयोगको संरचना र दरबन्दी स्वीकृत गरी पद दर्ता समेतको प्रबन्धमा प्रदेश सरकारले सहजीकरण गरिदिनु पर्ने।

४. केही मन्त्रालय र स्थानीय तहहरूले रिक्त पदहरूमा प्रचलित कानून विपरीत करार वा अस्थायी रूपमा कर्मचारी भर्ना गर्ने प्रवृत्ति रोकिएको छैन। यसतर्फ प्रदेश सरकार अन्तर्गतका सबै निकायहरू र स्थानीय तहहरूले गम्भीर हुनै पर्ने अवस्था रहेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम परामर्श लिनु पर्ने बाध्यात्मक व्यवस्थाहरूको पालना नभएकोले पालना गर्नुपर्ने।

५. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले प्रदान गरेको परामर्शको सबै सरोकारवाला निकायहरूले पालना गर्नुपर्ने।

६. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले आवश्यकतानुसार शाखा कार्यालय स्थापना गर्न सकिने व्यवस्था गरेको तथा विशेषगरी विज्ञहरूको सेवालाई प्रभावकारी बनाउन विज्ञ उपलब्धताको अवस्था र परीक्षा सञ्चालनको गाम्भीर्यता समेतलाई दृष्टिगत गर्दा काठमाडौं उपत्यकाभित्र एउटा शाखा कार्यालय स्थापना गर्नुपर्ने र तत्कालै एउटा कम्तीमा सम्पर्क कार्यालय स्थापना गरी सञ्चालनमा ल्याउनै पर्ने अवस्था रहेको छ। यसका लागि आयोगले सहयोगको अपेक्षा राखेको हुँदा थप बजेट र जनशक्तिको व्यवस्थापनका लागि प्रदेश सरकार सकारात्मक हुनुपर्ने।

७. प्रदेश लोक सेवा आयोगको कार्य प्रकृतिको दृष्टिकोणले सरकारी स्वामित्वको उपयुक्त भवनबाट कार्यालय सञ्चालनको प्रबन्ध गर्न अनिवार्य भएको छ। आयोगको अनुरोधमा यसतर्फ प्रदेश सरकारले प्राथमिकता दिनुपर्ने।

८. प्रदेश सरकार र सबै स्थानीय तहहरूले ६ महिनाभन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको परामर्श लिनुपर्ने व्यवस्थालाई कडाइका साथ पालना गर्ने। हाल आएर आयोगमा पदपूर्तिको लागि कम सङ्ख्याको माग आकृति फाराम भरी पठाउने र आफूखुसी करारमा कर्मचारी राख्ने प्रवृत्ति बढिरहेको देखिएकाले यस्तो कार्य तत्काल अन्त्य गर्नुपर्ने।

९. सम्मानित सर्वोच्च अदालतले सरकारविरुद्धमा उजुरी परेको खण्डमा सरकारी कार्यलाई सुशासनयुक्त बनाउन प्रथम प्राथमिकताका साथ फैसला दिनु पर्ने र उजुरी परेको दिनदेखि बढीमा ३ महिनाभित्र न्यायिक फैसला दिइसक्नु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्ने। फैसला गर्ने सम्बन्धमा सरकारी कार्यलाई यो वा त्यो नाममा ढिलासुस्ती गर्न नपाइने र इण्डोनेसियाले अपनाएको जसरी अधिकतम समय सीमा  कम गरी निर्धारण गर्नुपर्ने।

१०. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ दफा ५ बमोजिम स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ भन्ने कुराको व्यवस्था गरेको हुँदा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिनु पर्ने।

११. नेपाल सरकारबाट २०७६ वैशाख १६ गते निर्धारण गरिएको प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको मर्यादाक्रम परिमार्जनका बारेमा अघिल्ला दुबै वार्षिक प्रतिवेदनहरूमा स्पष्ट आधारहरूसहित गम्भीर ध्यान आकृष्ट गरिएकोमा हालसम्म परिमार्जन नभएकोले प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको मर्यादाक्रम १२ नम्बरमा संवैधानिक निकायका सदस्य तथा आयुक्तको लगत्तै पछि राख्ने व्यवस्थाका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध हुनु पर्ने।

१२. बागमती प्रदेश सरकारबाट अनुरोध भएबमोजिम बागमती प्रदेश सभाबाट मिति २०७९ आषाढ २९ गते स्वीकृत भएको प्रतिस्थापन विधेयकहरू - स्थानीय तहका सेवाको गठन तथा सञ्चालनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९ आषाढ ३१ गते बागमती प्रदेश सभा सचिवालयमा दर्ता भएको थियो। यस प्रतिस्थापन विधेयकमा देहायबमोजिम गरिएको व्यवस्थाले आयोगले लिएको छैठौं तहका सबै परीक्षाहरू अलपत्र पर्ने अवस्था सिर्जना भएको छ। आयोगको काम प्रति जनविश्वास

कमजोर हुने र सहभागी हजारौं परीक्षार्थीहरू उपर अन्याय हुने अवस्था आउन सक्ने अवस्था उपर उक्त अध्यादेश जारी हुनु अघिनै आयोगले उपलब्ध गराएको परामर्श समेत नजर अन्दाज गरिनु उपयुक्त नभएको हुँदा परामर्श अनुसार हुन प्रदेश सरकारसँग अनुरोध छ।

**तालिका नं. २५**

**स्थानीय तहका सेवाको गठन तथा सञ्चालनसम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिस्थापन विधेयक**

| दफा | अध्यादेश, २०७८ मा भएको व्यवस्था | प्रतिस्थापन विधेयक, २०७९ मा भएको व्यवस्था |
|---|---|---|
| अध्यादेश २०७८ को दफा १५३ र अध्यादेश २०७९ को दफा १५६ | (२) यस अध्यादेश प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रममा रहेका पदपूर्ति तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरु गरिसकेका अन्य कार्य सोही कानुन बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन। | (३) सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०७८ प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रमका रहेका अधिकृतस्तर छैठौं बाहेकका पदको पदपूर्ति तथा प्रचलित कानून बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरू गरिसकेका अन्य कार्य सोही कानून बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन। |

# अनुसूचीहरु

## अनुसूची - १

## सङ्गठन संरचना

### प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, सङ्गठनात्मक संरचना

**आयोग**

**निजी सचिवालय**
अ. (अ.७/८ प्र.सा.प्र.)-१
सहायक/अधिकृत (स. ५ /अ. ६) प्र. सा. प्र.)-२

**सचिव**
(अ. ११ प्र. सा. प्र.)-१

**सचिवालय**
सहायक/अधिकृत (स. ५ /अ. ६) प्र. सा. प्र.)१

**प्रशासन तथा अनुगमन महाशाखा**
अधिकृत (अ. ९/१० प्र. सा.प्र.)-१

**प्रशासन, अनुगमन तथा सूचना प्रकाशन शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-२
सहायक (स.४/५ प्र.सा.प्र.)-२
स.क.अ.(स. ४/५ विविध)-२
ह.स.चा. ३
का.स. ५
जिन्सी इकाई
सहायक (स.४/५ प्र.सा.प्र.)-१
दर्ता चलानी तथा सहायता कक्ष
सहायक (स.४/५ प्र.सा.प्र.)-१

**कानुन शाखा**
कानून अधिकृत रा.प.तृ.(न्याय/कानून)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-१

**आर्थिक प्रशासन शाखा**
ले.अ.( अ.७/८ प्र.ले.)-१
सहायक ले.( स.४/५ प्र.ले.)-१

**सूचना प्रविधि शाखा**
क.इ. (अ.७/८ (विविध)-१
क.अ.(स./अ. ५/६ विविध)-१

**परीक्षा महाशाखा**
अधिकृत (अ. ९/१० प्र. सा.प्र.)-१

**पाठ्यक्रम तथा परीक्षण प्रविधि शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-१
स.क.अ.(स. ४/५ विविध)-१

**परीक्षा सञ्चालन शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-२
स.क.अ.(स. ४/५ विविध)-१

**लिखित परीक्षा नतिजा तयारी शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-१
स.क.अ.(स. ४/५ विविध)-१

**नतिजा प्रकाशन तथा सिफारिस महाशाखा**
अधिकृत (अ. ९/१० प्र. सा.प्र.)-१

**प्रश्न पत्र परिमार्जन शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-१
स.क.अ.(स. ४/५ विविध)-१

**लिखित परीक्षा नतिजा प्रकाशन शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-१
स.क.अ.(स. ४/५ विविध)-१

**अन्तर्वार्ता तथा सिफारिस शाखा**
अधिकृत (अ. ७/८ प्र. सा.प्र.)-१
सहायक (स.४/५ प्र.सा.प्र.)-१
स.क.अ.(स. ४/५ विविध)-१

**प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको दरबन्दी तेरिज**

| क.सं. | पद | तह | सेवा | समूह | जम्मा |
|---|---|---|---|---|---|
| १ | सचिव | अ.११ | प्रशासन | | १ |
| २ | अधिकृत | अ.९/१० | प्रशासन | सा.प्र. | ३ |
| ३ | अधिकृत | अ.७/८ | प्रशासन | सा.प्र. | ९ |
| ४ | लेखा अधिकृत | अ. ७/८ | प्रशासन | लेखा | १ |
| ५ | कानुन अधिकृत | रा प तृ | न्याय | कानून | १ |
| ६ | कम्प्युटर इञ्जिनियर | अ. ७/८ | विविध | | १ |
| ७ | सहायक/अधिकृत | स./अ.५/६ | प्रशासन | सा.प्र. | ३ |
| ८ | कम्प्युटर अपरेटर /अधिकृत | स./अ.५/६ | विविध | | १ |
| ९ | सहायक लेखा | स.४/५ | प्रशासन | लेखा | १ |
| १० | सहायक | स.४/५ | प्रशासन | सा.प्र. | १२ |
| ११ | स. कम्प्युटर अपरेटर | स.४/५ | विविध | | ८ |
| १२ | ह. स. चा. | विहीन | | | ३ |
| १३ | का. स. | विहीन | | | ५ |
| | | | | जम्मा दरबन्दी | ४९ |

नि. सचिव
प्रदेश लोक सेवा आयोग

## अनुसूची - २

## दरबन्दी तथा पदपूर्तिको अवस्था

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम/अ.११ | प्रशासन | सा.प्र. | १ | १ | ० |
| २ | अधिकृत | अ.९/१० | प्रशासन | सा.प्र. | ३ | ० | ३ |
| ३ | अधिकृत | अ.७/८ | प्रशासन | सा.प्र. | ९ | *५ | ४ |
| ४ | लेखा अधिकृत | अ.७/८ | प्रशासन | लेखा | १ | १ | ० |
| ५ | कानून अधिकृत | रा प तृ | न्याय | कानून | १ | **१ | ० |
| ६ | कम्प्युटर इन्जिनियर | अ.७/८ | इञ्जि./विविध | विविध | १ | ० | १ |
| ७ | सहायक/अधिकृत | स.अ. ५/६ | प्रशासन | सा.प्र. | ३ | १ | ० |
| ८ | कम्प्युटर अपरेटर/अधिकृत | स./अ. ५/६ | विविध | | १ | ***२ | ० |
| ९ | सहायक लेखा | स. ४/५ | प्रशासन | लेखा | १ | ० | १ |
| १० | सहायक | स. ४/५ | प्रशासन | सा.प्र. | १२ | ३ | ९ |
| ११ | सहायक कम्प्युटर अपरेटर | स. ४/५ | विविध | | ८ | ० | ६ |
| १२ | हलुका सवारी चालक (करार) | विहीन | | | ३ | २ | १ |
| १३ | कार्यालय सहयोगी (करार) | विहीन | | | ५ | ५ | ० |
| जम्मा | | | | | ४९ | २१ | २८ |

* सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालयबाट दुईजना शाखा अधिकृतहरू काम गर्न पठाइएको।

**कानून अधिकृत आर्थिक मामिला तथा योजना मन्त्रालयको कानून अधिकृतलाई आयोगको समेत काम हेर्ने जिम्मेवारी दिइएको।

*** कम्प्युटर अपरेटर/अधिकृत दरबन्दी १ भए पनि २ जनाबाट काम भइरहेको।

## अनुसूची - ३

## वि.सं. २०७८ श्रावण १ गतेदेखि २०७९ असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण

| क्र. सं. | कर्मचारीको नाम/थर | पद | सेवा/समूह | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रामकृष्ण अधिकारी | प्रदेश सचिव | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| २ | श्री देव नारायण चौधरी | अधिकृतस्तर आठौं | शिक्षा | स्थायी | मिति २०७८ माघ १०सम्म कार्यरत |
| ३ | श्री श्रीराम पुडासैनी | अधिकृतस्तर आठौं | प्रशासन/लेखा | स्थायी | |
| ४ | श्री टेकेन्द्र अधिकारी | अधिकृतस्तर सातौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| ५ | श्री राजुराज अर्याल | अधिकृतस्तर सातौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| ६ | श्री पदम ओझा | अधिकृतस्तर सातौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| ७ | श्री अद्वैत बराल | कानून अधिकृत | न्याय | स्थायी | |
| ८ | श्री डिल बहादुर तामाङ्ग | शाखा अधिकृत | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| ९ | श्री निशा न्यौपाने | शाखा अधिकृत | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| १० | श्री प्रतिमा सापकोटा | अधिकृतस्तर छैठौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| ११ | श्री किशोर जोशी | अधिकृतस्तर छैठौं | विविध | स्थायी | |
| १२ | श्री शक्तिमान कुमाल | अधिकृतस्तर छैठौं | विविध | स्थायी | |
| १३ | श्री उमेश राज मिश्र | अधिकृतस्तर छैठौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | मिति २०७८ फागुन १ सम्म कार्यरत |

| क्र. सं. | कर्मचारीको नाम/थर | पद | सेवा/समूह | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १४ | श्री नेश्मा पौडेल | सहायकस्तर पाँचौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| १५ | श्री दिपेश महर्जन | सहायकस्तर पाँचौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| १६ | श्री प्रदिप वाग्ले | सहायकस्तर पाँचौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | |
| १७ | श्री प्रेम प्रसाद शिवाकोटी | कार्यालय सहयोगी | प्रशासन | स्थायी | |
| १८ | श्री सरिता कार्की | कार्यालय सहयोगी | - | करार | |
| १९ | श्री सुमित्रा कार्की | कार्यालय सहयोगी | - | करार | २०७८।११।३० सम्म |
| २० | श्री राजु चौलागाई | कार्यालय सहयोगी | - | करार | |
| २१ | श्री खिल बहादुर आले | कार्यालय सहयोगी | - | करार | |
| २२ | श्री सपना घिमिरे | कार्यलय सहयोगी | - | करार | |
| २३ | श्री रामचन्द्र श्रेष्ठ | हलुका सवारी चालक | - | करार | |
| २४ | श्री अमृत आचार्य | हलुका सवारी चालक | - | करार | |

# अनुसूची - ४

## भौतिक स्रोत साधनको अवस्था

| क्र.सं. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा | - | - | भाडामा रहेको |
| २ | सवारी साधन-कार | थान | ३ | १ थान हस्तान्तरण भई नसकेको, अर्को १ थान मर्मतमा बढि खर्च लाग्ने गरी बिग्रिएर बसेको |
| ३ | मोटरसाइकल | थान | ६ | |
| ४ | डेस्कटप कम्प्यूटर | थान | १७ | |
| ५ | प्रिन्टर | थान | १० | |
| ६ | प्रोजेक्टर | थान | १ | |
| ७ | स्क्यानर | थान | १ | |
| ८ | ल्यापटप | सेट | १० | |
| ९ | OMR Machine | सेट | २ | |
| १० | Online Application System Software | सेट | १ | |

## अनुसूची - ५

## विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण

### चालु खर्च शीर्षकको प्रगति विवरण

| क्र.सं. | बजेट उपशिर्षक नं. | कुल बजेट | आ.ब.२०७८/०७९ को | | बाँकी बजेट |
|---|---|---|---|---|---|
| | | | कुल खर्च | खर्च प्रतिशत | |
| १ | २१०००००११३ | ९२०६४०००.०० | ५३३६२७७४.४८ | ५७.९६ | ३८७०१२२५.५२ |
| २ | २१००००००१३ | ६९०३०००.०० | ५७५१२२७.९६ | ८३.३१ | ११५७७२.०४ |

### पुँजिगत खर्च शीर्षकको प्रगति विवरण

| क्र.सं. | बजेट उपशिर्षक नं. | कुल बजेट | आ.ब.२०७८/०७९को | | बाँकी बजेट |
|---|---|---|---|---|---|
| | | | कुल खर्च | खर्च प्रतिशत | |
| १ | २१००००११४ | १,२८,५०,०००।- | १,१७,०९,४४६.१२ | ९१.१२% | ११,४०,५५३.८८।- |

### सम्पादित कार्यक्रम

| क्र.सं. | विवरण | विनियोजित रकम | खर्च | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | सवारी साधन खरिद | ६५४०००००।- | ६४५४०२२।- | | |
| २ | मेसिनरी तथा औजार | ४६४५०००।- | ४१४५२९८।- | | |
| ३ | फर्निचर तथा फिक्चर्स | ६६५०००।- | ६६२६४४।- | | |
| ४ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २५००००।- | ११५५५८२।- | | |
| | | ५०००००।- | ४४७४८०।- | | |

## अनुसूची - ६

## सम्पादित हुन नसकेका कार्यक्रम

| क्र.सं. | विवरण | विनियोजित रकम | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ० | |
| २ | पदाधिकारीहरूको प्रदेश भित्र तथा अन्तर प्रदेश भ्रमण खर्च | १९६०००।- | १४७३५०।- | |
| ३ | आन्तरभ्रमण तथा अनुगमन मुल्याङ्कन र भ्रमण | १४७७०००।- | १३२९५९६।- | |
| ४ | अन्तर प्रदेश अनुभव आदान प्रदान खर्च | ३०००००।- | १९४४००।- | |
| ५ | कर्मचारी क्षमता विकास तालिम | २०००००।- | १९४४००।- | |
| ६ | कानुन नियमावली मस्यौदा तयारी/ छलफल गोष्ठी | १०००००।- | ० | |
| ७ | आयोगको प्रतिवेदन, बुलेटीन, पत्रिका/ दर्पण प्रकाशन | २०००००।- | १५८३९७।- | |
| ८ | भवन सञ्चालन तथा मर्मत संभार | ५०००००।- | ० | |
| ९ | ढुवानी खर्च | ० | ० | |

१. भवन सञ्चालन तथा मर्मत सम्भारमा विनियोजित रकम खर्च नहुनुमा आयोग भाडाको घरमा सञ्चालन भएकोले सार्वजनिक सम्पत्ति भाडाको निजी घरमा थप मर्मत सम्भार र नयाँ संरचना निर्माण नभएकोले खर्च हुन नसकेको।

२. प्राप्त बजेटको अधिनमा रही सिमित श्रोत साधनको व्यवस्थित रुपमा आवश्यकता र औचित्य समेतलाई विचार गरी तोकिएको सम्पूर्ण कार्य न्यूनतम खर्चमा पुरा गरेको।

## अनुसूची - ७

प्रदेश लोक सेवा आयोग

कार्यालय कोड नं.: २१०००३२०१३

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण
२०७८/७९ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** प्रदेश लोक सेवा आयोग[२१००००१३]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन / रकमान्तर/ श्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत ब्योहर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
| २१११२ | पारिश्रमिक पदाधिकारी | नेपाल सरकार | | | नगद | | २,२३६,०००.०० | ०.०० | ०.०० | २,२३६,०००.०० | २,२३६,०००.०० | २,२३६,०००.०० | ०.०० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | | | नगद | | ९८०,०००.०० | ०.०० | ०.०० | ९८०,०००.०० | २३४,५००.०० | २३४,५००.०० | ७४५,५००.०० | |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | नेपाल सरकार | | | नगद | | २,१२४,०००.०० | ०.०० | ०.०० | २,१२४,०००.०० | २,१२४,०००.०० | २,१२४,०००.०० | ०.०० | |
| २२२११ | इन्धन (पदाधिकारी) | नेपाल सरकार | | | नगद | | २८८,०००.०० | ०.०० | ०.०० | २८८,०००.०० | २६८,९६२.२८ | २६८,९६२.२८ | १९,०३७.७२ | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | | | नगद | | २८०,०००.०० | ०.०० | ०.०० | २८०,०००.०० | २७०,६३१.६८ | २७०,६३१.६८ | ९,३६८.३२ | |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | नेपाल सरकार | | | नगद | | ६८३,०००.०० | ०.०० | ०.०० | ६८३,०००.०० | ४६८,७२०.०० | ४६८,७२०.०० | २१४,२८०.०० | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | | | नगद | | ३१२,०००.०० | ०.०० | ०.०० | ३१२,०००.०० | १४८,४१४.०० | १४८,४१४.०० | १६३,५८६.०० | |
| जम्मा | | | | | | | ६,९०३,०००.०० | ०.०० | ०.०० | ६,९०३,०००.०० | ५,७५१,२२७.९६ | ५,७५१,२२७.९६ | १,१५१,७७२.०४ | |

## अनुसूची - ८

प्रदेश लोक सेवा आयोग

कार्यालय कोड नं.: २१०००३२०१३

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण
२०७८/७९ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** प्रदेश लोक सेवा आयोग[२१०००११४]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन /रकमान्तर/ श्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | स्रोत ब्योहोर्ने | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
| ३१११२ | गैर आवासिय भवन निर्माण/ खरिद | नेपाल सरकार | | | नगद | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | |
| ३११२१ | सवारी साधन | नेपाल सरकार | | | नगद | | ५,१४०,०००.०० | १,४००,०००.०० | ०.०० | ६,५४०,०००.०० | ६,४५४,०२२.९९ | ६,४५४,०२२.९९ | ८५,९७७.०१ | |
| ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | | | नगद | | ४,४४५,०००.०० | २००,०००.०० | ०.०० | ४,६४५,०००.०० | ४,१४५,२९८.४८ | ४,१४५,२९८.४८ | ४९९,७०१.५२ | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | | | नगद | | ६६५,०००.०० | ०.०० | ०.०० | ६६५,०००.०० | ६६२,६४४.६५ | ६६२,६४४.६५ | २,३५५.३५ | |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | नेपाल सरकार | | | नगद | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४४७,४८०.०० | ४४७,४८०.०० | ५२,५२०.०० | |
| जम्मा | | | | | | | ११,२५०,०००.०० | १,६००,०००.०० | ०.०० | १२,८५०,०००.०० | ११,७०९,४४६.१२ | ११,७०९,४४६.१२ | १,१४०,५५३.८८ | |

## अनुसूची - ९

## राजश्व र धरौटीको विवरण

### राजश्वको विवरण

| क्र.स | राजश्व ख.शी.नं. | राजश्व शिर्षक | आ.व २०७८/७९ मा संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १५३००।- | |
| २. | १४२२४ | परीक्षा शुल्क | ७२१८१४८४.८०।- | |
| ३. | १५१११ | बेरुजु | ५०७७५।- | |
| जम्मा | | | ७,२२,४७,५५९.८०।- | |

### धरौटीको विवरण

| | |
|---|---|
| गत आ.व.को अल्या | ४,८०,८५१।- |
| चालु आ.व.को आम्दानी | १९,१०,५७९।- |
| जम्मा आम्दानी | २३,९१,४३०।- |
| सदर स्याहा रकम | ० |
| धरौटी फिर्ता | १०,१०,६७१।- |
| जम्मा खर्च | १०,१०,६७१।- |
| बैंक अनुसार बाँकी | १३,८०,७५९।- |

## अनुसूची - १०

## बेरुजु फछ्र्यौटको स्थिति

| क्र.स | विवरण | रकम |
|---|---|---|
| १ | कुल बेरुजु | ० |
| २ | जम्मा फछ्र्यौट | ० |
| ३ | बाँकी बेरुजु | ० |
| ४ | फछ्र्यौट प्रतिशत | १००% |

## अनुसूची- ११

## शैक्षिक योग्यताको निर्धारण र पाठ्यक्रम निर्माणसम्बन्धी विवरण

| सि.नं. | सेवा/समूह/उपसमूह | तह | पद | पाठ्यक्रम लागू हुने मिति |
|---|---|---|---|---|
| १ | प्राध्यापन सेवा/नन-मेडिकल समूह/मेडिकल वायोकेमेष्ट्री उपसमूह | नवौं | लेक्चरर | २०७८/०८/१२ |
| २ | प्राध्यापन सेवा/मेडिकल समूह/क्लिनिकल प्याथोलोजी उपसमूह | नवौं | लेक्चरर | २०७८/०८/१२ |
| ३ | प्राध्यापन सेवा/नन-मेडिकल समूह/फार्मासी/फार्माकोलोजी उपसमूह | नवौं | लेक्चरर | २०७८/०८/१२ |
| ४ | प्राध्यापन सेवा/नन-मेडिकल समूह/फार्मासी/स्पेक्ट्रोस्कोपी उपसमूह | नवौं | लेक्चरर | २०७८/०८/१२ |
| ५ | प्राध्यापन सेवा/मेडिकल समूह/क्लिनिकल फिजियोलोजी उपसमूह | नवौं | लेक्चरर | २०७८/०८/१२ |
| ६ | प्राध्यापन सेवा/नन-मेडिकल समूह/पब्लिक हेल्थ उपसमूह | नवौं | लेक्चरर | २०७८/०८/१२ |
| ७ | इञ्जिनियरिङ सेवा/प्राविधिक समूह | पाँचौं | इलेक्ट्रिसियन | २०७८/०८/१२ |
| ८ | प्रशासन सेवा/सूचना प्रविधि समूह | पाँचौं | सूचना प्रविधि सहायक | २०७८/०८/१२ |
| ९ | प्राज्ञिक सेवा/लाइब्रेरी समूह/लाइब्रेरी उपसमूह | पाँचौं | पुस्तकालय सहायक | २०७८/०८/१२ |
| १० | प्रशासन सेवा/प्राज्ञिक समूह | पाँचौं | प्रशासन सहायक /लेखा सहायक | २०७८/०८/१२ |
| ११ | प्रशासन/प्रशासन | चौथो | सहायक चौथो(आ) | २०७८।१०।०८ |
| १२ | प्रशासन/न्याय | छैटौं | कानून अधिकृत | २०७८/१०/०८ |

| सि.नं. | सेवा/समूह/उपसमूह | तह | पद | पाठ्यक्रम लागू हुने मिति |
|---|---|---|---|---|
| १३ | विविध | छैटौं | महिला विकास अधिकृत | २०७८/१०/०८ |
| १४ | स्वास्थ्य/हे.इ. | सातौं | इन्टोमोलोजिष्ट | २०७८/१०/०८ |
| १५ | आ. यो. तथा तथ्याङ्क सेवा/तथ्याङ्क | सातौं | तथ्याङ्क अधिकृत | २०७८/१०/०८ |
| १६ | स्वास्थ्य/क.न.प.हे.न | सातौं | कम्युनिटी नर्सिङ अधिकृत | २०७८/१०/०८ |
| १७ | स्वास्थ्य/फिजियोथेरापी | सातौं | फिजियोथेरापिष्ट | २०७८/१०/०८ |
| १८ | स्वास्थ्य/फार्मेसी | सातौं | फार्मेसी अधिकृत पद | २०७८/१०/०८ |
| १९ | स्वास्थ्य/जनरल नर्सिङ | सातौं | नर्सिङ अधिकृत | २०७८/१०/०८ |
| २० | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | सातौं | जनस्वास्थ्य अधिकृत | २०७८/१०/०८ |
| २१ | स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी | सातौं | मेडिकल ल्याब टेक्नोलोजिष्ट | २०७८/१०/०८ |
| २२ | स्वास्थ्य/ विविध/वायोमेडिकल इञ्जिनियरिङ्ग | आठौं | वायोमेडिकल इञ्जिनियर | २०७८/१०/०८ |
| २३ | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | आठौं | मेडिकल अधिकृत | २०७८/१०/०८ |
| २४ | स्वास्थ्य/एनेस्थेसियोलोजी, | नवौं | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | २०७८/१०/०८ |
| २५ | स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | नवौं | कन्सल्टेण्ट जनरल फिजिसियन | २०७८/१०/०८ |
| २६ | स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | नवौं | कन्सल्टेण्ट सर्जन | २०७८/१०/०८ |

| सि.नं. | सेवा/समूह/उपसमूह | तह | पद | पाठ्यक्रम लागू हुने मिति |
|---|---|---|---|---|
| २७ | स्वास्थ्य/हेल्थ एजुकेशन | नवौं | स्वास्थ्य शिक्षा प्रशासक | २०७८/१०/०८ |
| २८ | स्वास्थ्य/ सर्जरी/अर्थोपेडिक | नवौं | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | २०७८/१०/०८ |
| २९ | स्वास्थ्य/अब्स्टेट्रिक्स/गाइनोकोलोजिष्ट | नवौं | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | २०७८/१०/०८ |
| ३० | स्वास्थ्य/प्याथोलोजी/जनरल प्याथोलोजी | नवौं | कन्सल्टेण्ट प्याथोलोजी | २०७८/१०/०८ |
| ३१ | स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक मेडिसिन | नवौं | कन्सल्टेण्ट पेडियाट्रिसियन | २०७८/१०/०८ |
| ३२ | स्वास्थ्य/रेडियोलोजी/रेडियो डायगनोसिस | नवौं | कन्सल्टेण्ट रेडियोलोजिष्ट | २०७८/१०/०८ |
| ३३ | स्वास्थ्य/साइक्याट्रि | नवौं | कन्सल्टेण्ट साइक्याट्रिष्ट | २०७८/१०/०८ |
| ३४ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | नवौं | जनस्वास्थ्य प्रशासक | २०७८/१०/०८ |
| ३५ | प्रशासन/सामान्य प्रशासन, लेखा तथा लेखापरिक्षण | नवौं | अधिकृत नवौं | २०७८/१०/०८ |

## अनुसूची - १२

## वार्षिक पदपूर्ति कार्यतालिका

### प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वार्षिक पदपूर्ति कार्यतालिका - क

**(विभिन्न पदहरूका लागि)**

(यो कार्यतालिका कर्मचारी सेवा सर्त सम्बन्धी प्रचलित सङ्घीय कानूनअनुसार तयार भएको र स्थानीय तहको कर्मचारी सेवा सर्तसम्बन्धी कानून तर्जुमा भए पछि सोही बमोजिम परिमार्जन गरिने)

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | विभिन्न सेवाका सहायकस्तर पाँचौं तहका अप्राविधिक पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| २. | विभिन्न सेवाका सहायकस्तर पाँचौ तहका प्राविधिक पदहरू (स्वास्थ्य सेवाबाहेक) | खुला/आ.प्र. प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| ३. | स्वास्थ्य सेवाको पाँचौं तहका पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| ४. | विभिन्न सेवाका सहायकस्तर चौथो तहका अप्राविधिक पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | मङ्सिर मसान्त | पुस महिनाको दोस्रो सोमबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/आषाढ |
| ५. | विभिन्न सेवाका सहायकस्तर चौथो तहका प्राविधिक पदहरू र स्वास्थ्य सेवाका चौथो तहका पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | मङ्सिर मसान्त | पुस महिनाको दोस्रो सोमबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/आषाढ |
| ६. | विभिन्न सेवाका अधिकृतस्तर छैटौं तहका अप्राविधिक पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| ७. | विभिन्न सेवाका अधिकृतस्तर छैटौं तहका प्राविधिक पदहरू र स्वास्थ्य सेवाका सातौं तहका पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |
| ८. | स्वास्थ्य सेवाका आठौं तहका पदहरू (चिकित्सक) | खुला/आ.प्र. प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |
| ९. | विभिन्न सेवाका अधिकृतस्तर नवौं तहका प्राविधिक र अप्राविधिक पदहरू एवं स्वास्थ्य सेवाको नवौं तह | खुला/आ.प्र. प्रतियोगिताद्वारा | माघ मसान्त | फागुन महिनाको दोस्रो सोमबार | चैत्र/वैशाख | जेठ/आषाढ | श्रावण/भाद्र |

द्रष्टव्यः-

१. वार्षिक कार्यतालिका लागू हुने मितिः

२. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।

३. कुनै सेवा, समूह, उपसमूह, तहका पदहरूको वार्षिक पदपूर्ति कार्यतालिकामा तोकिएको बमोजिम बाहेक विज्ञापन गर्नु पर्ने अवस्था भएमा आयोगले विशेष निर्णय गरी विज्ञापन गर्न सक्नेछ।

## स्थानीय सरकारी सेवा, स्थानीय अन्य सरकारी सेवाको वार्षिक पदपूर्ति कार्यतालिका - ख

**(अधिकृतस्तर तथा सहायकस्तरका पदहरूको लागि)**

(यो कार्यतालिका कर्मचारी सेवा सर्त सम्बन्धी प्रचलित सङ्घीय कानूनअनुसार तयार भएको र स्थानीय तहको कर्मचारी सेवा सर्तसम्बन्धी कानून तर्जुमा भए पछि सोही बमोजिम परिमार्जन गरिने)

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | विभिन्न सेवाका सहायकस्तर पाँचौं तहका अप्राविधिक पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| २. | विभिन्न सेवाका सहायकस्तर पाँचौ तहका प्राविधिक पदहरू (स्वास्थ्य सेवाबाहेक) | खुला/आ.प्र. प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| ३. | स्वास्थ्य सेवाको पाँचौं तहका पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| ४. | विभिन्न सेवाका सहायकस्तर चौथो तहका अप्राविधिक पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | मङ्सिर मसान्त | पुस महिनाको दोस्रो सोमबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/आषाढ |
| ५. | विभिन्न सेवाका सहायकस्तर चौथो तहका प्राविधिक पदहरू र स्वास्थ्य सेवाका चौथो तहका पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | मङ्सिर मसान्त | पुस महिनाको दोस्रो सोमबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/आषाढ |
| ६. | विभिन्न सेवाका अधिकृतस्तर छैटौं तहका अप्राविधिक पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| ७. | विभिन्न सेवाका अधिकृतस्तर छैटौं तहका प्राविधिक पदहरू र स्वास्थ्य सेवाका सातौं तहका पदहरू | खुला/आ.प्र. प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |
| ८. | स्वास्थ्य सेवाका आठौं तहका पदहरू (चिकित्सक) | खुला/आ.प्र. प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |
| ९. | विभिन्न सेवाका अधिकृतस्तर नवौं तहका प्राविधिक र अप्राविधिक पदहरू एवं स्वास्थ्य सेवाको नवौं तह | खुला/आ.प्र. प्रतियोगिताद्वारा | माघ मसान्त | फागुन महिनाको दोस्रो सोमबार | चैत्र/वैशाख | जेठ/आषाढ | श्रावण/भाद्र |

द्रष्टव्यः-

१. वार्षिक कार्यतालिका लागू हुने मितिः

२. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।

३. कुनै सेवा, समूह, उपसमूह, तहका पदहरूको वार्षिक पदपूर्ति कार्यतालिकामा तोकिएको बमोजिम बाहेक विज्ञापन गर्नु पर्ने अवस्था भएमा आयोगले विशेष निर्णय गरी विज्ञापन गर्न सक्नेछ।

४. ज्येष्ठता तथा कार्यसम्पादन र कार्यक्षमताद्वारा हुने बढुवाको पदपूर्ति कार्यतालिका पछि प्रकाशित गरिनेछ।

**प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरो सेवाको लिखित परीक्षा सञ्चालन तथा प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको**

**वार्षिक पदपूर्ति कार्यतालिका - ग**

**(विभिन्न पदहरूको लागि)**

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फ (प्राज्ञिक तर्फको) पदहरू | खुला प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| २. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको सहायक स्तर पाँचौं तहका प्राविधिक/अप्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | कार्तिक मसान्त | मङ्सिर महिनाको दोस्रो सोमबार | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| ३. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको सहायकस्तर चौथो तहका प्राविधिक/अप्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | मङ्सिर मसान्त | पुस महिनाको दोस्रो सोमबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/आषाढ |
| ४. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको अधिकृतस्तर छैटौं/सातौं तहका प्राविधिक/अप्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |
| ५. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको अधिकृतस्तर आठौं तहका प्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | पुस मसान्त | माघ महिनाको दोस्रो सोमबार | फागुन/चैत्र | वैशाख/जेठ | आषाढ/श्रावण |
| ६. | मदन भण्डारी स्वास्थ्य विज्ञान | खुला | माघ | फागुन महिनाको | चैत्र/वैशाख | जेठ/आषाढ | श्रावण/भाद्र |

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| | प्रतिष्ठानतर्फको अधिकृतस्तर नवौं तहका प्राविधिक/अप्राविधिक पदहरू | प्रतियोगिताद्वारा | मसान्त | दोस्रो सोमबार | | | |
| ७. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फको अधिकृतस्तर एघारौं तहका प्राविधिक/अप्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | फागुन मसान्त | चैत्र महिनाको दोस्रो सोमबार | वैशाख/जेठ | आषाढ/श्रावण | भाद्र/असोज |

<u>द्रष्टव्यः-</u>

१. वार्षिक कार्यतालिका लागू हुने मितिः

२. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।

## अनुसूची- १३

### आ.व. २०७८/७९ मा भएका विज्ञापन सम्बन्धी विवरण

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | वैद्य | स्वास्थ्य | आयुर्बेद | | ४ | ४ |
| २ | ना.प्रा.स. | कृषि | कृषि | | ४ | ८ |
| ३ | ना.प्रा.स. | कृषि | कृषि प्रसार | | ४ | ९ |
| ४ | अ.न.मी. | स्वास्थ्य | प. हे.न./क.न. | | ४ | ८९ |
| ५ | ना.प्रा.स. | कृषि | बाली संरक्षण | | ४ | २ |
| ६ | ना.प.स्वा.प्रा. | कृषि | भेटेरीनरी | | ४ | २३ |
| ७ | ना.प्रा.स. | कृषि | मत्स्य | | ४ | २ |
| ८ | ना.प्रा.स. | कृषि | माटो विज्ञान | | ४ | २ |
| ९ | ल्याब अ. | स्वास्थ्य | मे.ल्या.टे | | ४ | ८ |
| १० | ना.प्रा.स. | कृषि | ला.पो. डे. डे. | | ४ | १८ |
| ११ | स. चौथो. | प्रशासन | लेखा | | ४ | ६ |
| १२ | ना.प्रा.स. | कृषि | वागवानि | | ४ | २ |
| १३ | अमिन | इन्जिनियरिङ्ग | सर्भे | | ४ | ३ |
| १४ | स. चौथो. | प्रशासन | सामान्य प्रशासन | | ४ | ५९ |
| १५ | अ.स.ई. | इन्जिनियरिङ्ग | सिभिल | | ४ | ४४ |
| १६ | खापासटे | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ४ | ३ |

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १७ | कोल्डचेन असिस्टेन्ट | स्वास्थ्य | हे.ई. | | ४ | ११ |
| १८ | अ.हे.व. | स्वास्थ्य | हे.ई. | | ४ | १३४ |
| १९ | स म वि नि | विविध | | | ४ | ७ |
| २० | कबिराज | स्वास्थ्य | आयुर्बेद | | ५ | २ |
| २१ | प्रा.स. | कृषि | एगृ इको एण्ड मार्केटिङ | | ५ | १ |
| २२ | सब ईन्जिनियर | कृषि | एगृ. इन्जिनियर | | ५ | १ |
| २३ | प्रा.स. | कृषि | कृषि प्रसार | | ५ | २ |
| २४ | प्रा.स. | कृषि | खा.पो.गु. | | ५ | १ |
| २५ | स्टाफ नर्स | स्वास्थ्य | जनरल नर्सिङ्ग | | ५ | ६ |
| २६ | तथ्याङ्क सहायक | आ. यो. तथा तथ्याङ्क | तथ्याङ्क | | ५ | ५ |
| २७ | पब्लीक हेल्थ नर्स | स्वास्थ्य | प.हे. | | ५ | १ |
| २८ | फार्मेशी सहायक | स्वास्थ्य | फार्मेसी | | ५ | १ |
| २९ | प्रा.स. | कृषि | बाली विकास | | ५ | १६ |
| ३० | प्रा.स. | कृषि | बाली संरक्षण | | ५ | १ |
| ३१ | प्रा.स. | कृषि | भेटेरीनरी | | ५ | ८ |
| ३२ | प्रा.स. | कृषि | मत्स्य | | ५ | ४ |
| ३३ | प्रा.स. | कृषि | ला.पो. डे. डे. | | ५ | ९ |
| ३४ | सहायक पाचौ | प्रशासन | लेखा | | ५ | २० |

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| ३५ | प्रा.स. | कृषि | वागवानि | | ५ | १ |
| ३६ | बायोमेडिकल टे | स्वास्थ्य | विविध | | ५ | २ |
| ३७ | एनेस्थीसिया सहायक | स्वास्थ्य | विविध | | ५ | २ |
| ३८ | प्रा.स. | शिक्षा | शिक्षा प्रशासन | | ५ | ८ |
| ३९ | सहायक पाचौं | प्रशासन | सामान्य प्रशासन | | ५ | ४८ |
| ४० | सब ईन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | | ५ | २१ |
| ४१ | हेल्थ असिसटेण्ट | स्वास्थ्य | हे.ई. | | ५ | ६४ |
| ४२ | कम्प्युटर अपरेटर | विविध | | | ५ | ८ |
| ४३ | इन्जिनियर | इन्जिनियरिङ्ग | आर्कीटेक्ट | | ६ | १ |
| ४४ | अधिकृत कानुन | प्रशासन | न्याय/कानुन | | ६ | १ |
| ४५ | कृषि अधिकृत | कृषि | बाली विकास | | ६ | १ |
| ४६ | पशु चिकित्सक | कृषि | भेटेरीनरी | | ६ | ८ |
| ४७ | अधिकृत छैठौं | प्रशासन | लेखा | | ६ | ३ |
| ४८ | अधिकृत छैठौं | प्रशासन | लेखापरीक्षण | | ६ | २ |
| ४९ | कृषि अधिकृत | कृषि | विभिन्न | | ६ | ११ |
| ५० | अधिकृत छैठौं | प्रशासन | सामान्य प्रशासन | | ६ | १७ |
| ५१ | म.वि.अ. | विविध | | | ६ | २ |
| ५२ | इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | | ६ | ९ |
| ५३ | नर्सिङ अधिकृत | स्वास्थ्य | जनरल नर्सिङ्ग | | ७ | २ |

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| ५४ | कम्युनिटी नर्सिङ | स्वास्थ्य | प. हे.न./क.न. | | ७ | ३ |
| ५५ | फार्मेशी अधिकृत | स्वास्थ्य | फार्मेसी | | ७ | २ |
| ५६ | फिजियोथेरापिष्ट | स्वास्थ्य | फिजियोथेरापी | | ७ | २ |
| ५७ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | स्वास्थ्य | मे.ल्या.टे | ज.मे.ल्या.टे. | ७ | ५ |
| ५८ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | हे.ई. | | ७ | ९ |
| ५९ | तथ्याँङ्क अधिकृत | आ. यो. तथा तथ्याङ्क | तथ्याङ्क | | ७ | ८ |
| ६० | मेडिकल अधिकृत | स्वास्थ्य | ज.हे.स. | | ८ | १८ |
| ६१ | वायोमेडिकल ईन्जिनियर | स्वास्थ्य | विविध | | ८ | १ |
| ६२ | कन्सल्टेन्ट अब्सटेष्टिक्स ए.गाईनोकोलोजिष्ट | स्वास्थ्य | अब्सष्टेटिक्स | | ९ | ४ |
| ६३ | कन्सल्टेन्ट एनेस्थेसियोलोजीष्ट | स्वास्थ्य | एनेस्थेसियोलोजी | | ९ | ५ |
| ६४ | अस्पताल नर्सिङ्ग प्रशासक | स्वास्थ्य | जनरल नर्सिङ्ग | | ९ | १ |
| ६५ | कन्सल्टेन्ट जनरल फिजीसीयन | स्वास्थ्य | जनरल मेडिसिन | | ९ | ५ |
| ६६ | कन्सल्टेन्ट अर्थोपेडीक सर्जन | स्वास्थ्य | जनरल सर्जरी | | ९ | ५ |

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| ६७ | कन्सल्टेन्ट सर्जन | स्वास्थ्य | जनरल सर्जरी | | ९ | ४ |
| ६८ | मे. सु. | स्वास्थ्य | जनरल हेल्थ सर्भीसेस | | ९ | १ |
| ६९ | कन्सल्टेन्ट डर्माटझलोजीष्ट | स्वास्थ्य | डर्माटझलोजी | | ९ | १ |
| ७० | कन्सल्टेन्ट पीडीयाट्रीसीयन | स्वास्थ्य | पेडीयाट्रीक्स | | ९ | ४ |
| ७१ | कन्सल्टेन्ट प्याथोलोजीष्ट | स्वास्थ्य | प्याथोलोजी | जनरल प्याथोलोजी | ९ | २ |
| ७२ | कन्सल्टेन्ट माईक्रोबायोलोजीष्ट | स्वास्थ्य | प्याथोलोजी | | ९ | १ |
| ७३ | कन्सल्टेन्ट रेडीयोलोजीष्ट | स्वास्थ्य | रेडीयोलोजी | | ९ | ५ |
| ७४ | अधिकृत नवौं | प्रशासन | लेखा | | ९ | १ |
| ७५ | कन्सल्टेन्ट साईकियाप्ट्रीक | स्वास्थ्य | साईकियाप्ट्री | | ९ | ५ |
| ७६ | अधिकृत नवौं | प्रशासन | सामान्य प्रशासन | | ९ | ४ |
| ७७ | नवौं | इन्जिनियरिङ्ग | सिभिल | | ९ | १ |
| ७८ | जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | | ९ | ३ |
| ७९ | स्वा. शि. प्र . | स्वास्थ्य | हेल्थ एजुकेशन | | ९ | २ |
| जम्मा | | | | | | ८२५ |

## अनुसूची-१४

## आ.व. २०७८/०७९ मा प्रदेश लोक सेवा आयोगबाट भएका विज्ञापन सम्बन्धी विस्तृत विवरण

| आ.व. २०७८/७९-प्रदेश सरकारको पदपूर्ति माग सङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रतिशत विभाजन | चौथो | पाँचौ | छैठौं | सातौं | आठौं | नवौं | जम्मा |
| जेष्ठता र कार्य सम्पादन मूल्यांकन | | १८ | | २ | | | २० |
| कार्य क्षमता तथा अनुभवको मूल्यांकन | | ११ | | | | २८ | ३९ |
| आन्तरिक प्रतियोगिता | २ | २ | | ७ | | ११ | २२ |
| खुला | ३४ | ३७ | | २२ | १७ | ९ | ११९ |
| जम्मा | ३६ | ६८ | | ३१ | १७ | ४८ | २०० |
| आ.व. २०७८/७९-स्थानीय तहको पदपूर्ति माग सङ्ख्या | | | | | | | |
| प्रतिशत विभाजन | चौथो | पाँचौ | छैठौं | सातौं | आठौं | नवौं | जम्मा |
| जेष्ठता र कार्य सम्पादन मूल्यांकन | २ | ३२ | ५ | | | १ | ४० |
| कार्य क्षमता तथा अनुभवको मूल्यांकन | | १८ | | | | ४ | २२ |
| आन्तरिक प्रतियोगिता | ८ | १३ | | | | १ | २२ |
| खुला | ३८८ | १०१ | ५० | | २ | | ५४१ |
| जम्मा | ३९८ | १६४ | ५५ | | २ | ६ | ६२५ |
| आ.व. २०७८/७९-प्रदेश सरकार र स्थानीय तहको जम्मा पदपूर्ति माग सङ्ख्या | | | | | | | |
| निकाय | चौथो | पाँचौ | छैठौं | सातौं | आठौं | नवौं | जम्मा |
| प्रदेश | ३६ | ६८ | ० | ३१ | १७ | ४८ | २०० |
| स्थानीय | ३९८ | १६४ | ५५ | ० | २ | ६ | ६२५ |
| जम्मा | ४३४ | २३२ | ५५ | ३१ | १९ | ५४ | ८२५ |
| आ.व. २०७८/७९ मा प्रदेश सरकारको मन्त्रालय/निकायगत पदपूर्ति माग सङ्ख्या | | | | | | | |
| मन्त्रालय/निकाय | चौथो | पाँचौ | छैठौं | सातौं | आठौं | नवौं | जम्मा |
| प्रदेश सभा सचिवालय | ० | २ | ० | ० | ० | ० | २ |
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २१ | २७ | | | | | ४८ |
| स्वास्थ्य मन्त्रालय | १२ | २२ | | ३१ | १७ | ४८ | १३० |
| सामाजिक विकास मन्त्रालय | | २ | | | | | २ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ३ | १५ | | | | | १८ |
| जम्मा | ३६ | ६८ | ० | ३१ | १७ | ४८ | २०० |

## अनुसूची - १५

### दरखास्त दिने उम्मेदवारहरू र परीक्षामा सम्मिलित उम्मेदवारहरूको विस्तृत विवरण

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| १ | १-३/०७८-७९ (खुला तथा समावेशी) | ५ | सहायक पाँचौ/लेखापाल/ आन्तरिक लेखा परीक्षक सहायक | ६८ | ६५१ | २०७८/११/०७ | २०७९/०२/ १६,१७,१८ | ४७६ | ६५७ | ११३३ |
| २ | ७-१०/०७८-७९ (खुला तथा समावेशी) | ५ | सहायक पाँचौ/लेखापाल/ | | १६२८ | | | | | |
| ३ | २०१/०७८-७९ (खुला) | ५ | तथ्याङ्क सहायक/आ.यो. तथा तथ्याङ्क/तथ्याङ्क | ५ | ९५ | २०७८/११/०८ | | १५ | ९३ | १०८ |
| ४ | ५२८/०७८-७९ (खुला) | ५ | तथ्याङ्क सहायक/आ.यो. तथा तथ्याङ्क/तथ्याङ्क | | १४८ | | | | | |
| ५ | ५१२/०७८-७९ (खुला) | ५ | प.हे.नर्स/स्वास्थ्य/प.हे.न. | १ | ६१ | २०७८/११/०९ | | ४० | | ४० |
| ६ | ५१४/०७८-७९ (खुला) | ५ | स्टाफ नर्स/स्वास्थ्य/जनरल नर्सिङ | ६ | ९९ | २०७८/११/१० | | २०६ | | २०६ |
| ७ | ५४४-५४५/०७८-७९ (खुला तथा समावेशी) | ५ | स्टाफ नर्स/स्वास्थ्य/जनरल नर्सिङ | | ३०१ | | | | | |
| ८ | ५१३/०७८-७९ (खुला) | ५ | कविराज/स्वास्थ्य/आयुर्वेद | २ | १५१ | २०७८/११/११ | | १८ | ८२ | १०० |
| ९ | ६-६a/०७८-७९ (खुला) | ५ | सूचना प्रविधि सहायक/ प्रशासन/सूचना प्रविधि | २ | ४६ | २०७८/१२/१३ | | ३ | २१ | २४ |
| १० | ५०७/०७८-७९ (खुला) | ५ | प्राविधिक सहायक/ | ८ | २५१६ | २०७८/११/१४ | | ७९२ | ७४९ | १५४१ |

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| | | | शिक्षा/शिक्षा प्रशासन | | | | | | | |
| ११ | ५३६/०७८-७९ (खुला) | ५ | प्राविधिक सहायक/ शिक्षा/शिक्षा प्रशासन | | १०३ | | | | | |
| १२ | ५०२-५०३/०७८-७९ (खुला तथा समावेशी) | ५ | सब इञ्जिनियर/ इञ्जिनियरिङ/सिभिल | २० | १०२१ | २०७८/११/१२ | | ४४ | ६१८ | ६६२ |
| १३ | ५३१-५३२/०७८-७९ (खुला तथा समावेशी) | ५ | प्राविधिक सहायक/ कृषि/मत्स्य | ४ | १०६ | २०७८/११/१५ | | २० | ४३ | ६३ |
| १४ | 547/०७८-७९ (खुला) | ५ | फार्मेसी सहायक/ स्वास्थ्य/फार्मेसी | १ | ३० | २०७८/११/१६ | | २ | १४ | १६ |
| १५ | ५४८-५४९/०७८-७९ (खुला तथा समावेशी) | ५ | एनेस्थेसिया सहायक/ स्वास्थ्य/विविध | २ | ३० | २०७८/११/१७ | | ३ | २० | २३ |
| १६ | ५०४/०७८-७९ (खुला) | ५ | प्रा.स./कृषि/ | २१ | २२५१ | २०७८/११/२० | | ५८२ | ९७४ | १५५६ |
| १७ | ५०५/०७८-७९ (खुला) | ५ | प.स्वा.प्रा./प.से.प्रा./कृषि/ भेटेरिनरी/ला.पो.डे.डे. | १७ | ७१६ | २०७८/११/१८ | | १७२ | ३५४ | ५२६ |
| १८ | ५२९-५३०/०७८-७९ (खुला तथा समावेशी) | ५ | प.स्वा.प्रा./प.से.प्रा./कृषि/ भेटेरिनरी/ला.पो.डे.डे. | | २४७ | | | | | |
| १९ | ५०६/०७८-७९ (खुला) | ५ | कम्प्युटर अपरेटर/विविध | ८ | ५७४ | २०७८/११/१९ | | ८० | २४७ | ३२७ |
| २० | ५३५/०७८-७९ (खुला) | ५ | कम्प्युटर अपरेटर/विविध | | १८६ | | | | | |
| २१ | ५०८/०७८-७९ (आ.प्र.) | ५ | हेल्थ असिष्टेन्ट/ स्वास्थ्य/हे.इ. | ६४ | २५१ | २०७८/११/१७ | | १४ | ७७ | ९१ |
| २२ | ५३७/०७८-७९ (आ.प्र.) | ५ | हेल्थ असिष्टेन्ट/ | | ५१ | | | | | |

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| | | | स्वास्थ्य/हे.इ. | | | | | | | |
| २३ | ५०९-५११/०७८-७९ (खुला तथा समवेशी) | ५ | हेल्थ असिष्टेन्ट/ स्वास्थ्य/हे.इ. | | ४०२१ | २०७८/११/२८ | | ८२६ | २४५५ | ३२८१ |
| २४ | ५३८-५४१/०७८-७९ (खुला तथा समवेशी) | ५ | हेल्थ असिष्टेन्ट/ स्वास्थ्य/हे.इ. | | १४९६ | | | | | |
| २५ | ५२२/०७८-७९ (खुला) | ९ | लेक्चरर/प्राध्यापन/ मेडिकल/ क्लिनिकल प्याथोलोजी | १ | २ | २०७८/१२/१२ | २०७८/१२/१४ | १ | | १ |
| २६ | ५२३/०७८-७९ (खुला) | ९ | लेक्चरर//प्राध्यापन/ मेडिकल/क्लिनिकल फिजियोलोजी | १ | ३ | २०७८/१२/१२ | २०७८/१२/१४ | १ | १ | २ |
| २७ | ५२४/०७८-७९ (खुला) | ९ | लेक्चरर/प्राध्यापन/ नन मेडिकल/मेडिकल बायोकेमिष्ट्री | १ | १७ | २०७८/१२/१२ | २०७८/१२/१५ | १ | ४ | ५ |
| २८ | २५५-५२५a/०७८-७९ (खुला तथा समावेशी) | ९ | लेक्चरर/प्राध्यापन/ नन मेडिकल/पब्लिक हेल्थ | ३ | २५ | २०७८/१२/१२ | २०७८/१२/१५ | ४ | ७ | ११ |
| २९ | ५२६/०७८-७९ (खुला) | ९ | लेक्चरर/प्राध्यापन/नन मेडिकल/फार्माकोलोजी | १ | १८ | २०७८/१२/१२ | २०७८/१२/१६ | २ | ४ | ६ |
| ३० | ५२७/०७८-७९ (खुला) | ९ | लेक्चरर/प्राध्यापन/नन मेडिकल/फार्मासी/ स्पेक्ट्रोस्कोपी | १ | ८ | २०७८/१२/१२ | २०७८/१२/१६ | १ | २ | ३ |

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| ३१ | ५१८-५१८a/०७८-७९ (खुला) | ५ | ल्याब सहायक/ स्वास्थ्य/प्राज्ञिक | २ | ५५ | २०७८/१२/०८ | | ८ | १७ | २५ |
| ३२ | ४-४a,४b,४c/०७८-७९ (खुला) | ५ | प्रशासन सहायक/प्रशासन/प्राज्ञिक | ६ | ५६ | २०७८/१२/०६ | २०७८/१२/०७ | १४ | १० | २४ |
| ३३ | ५-५a/०७८-७९ (खुला) | ५ | लेखा सहायक/प्रशासन/लेखा सहायक | २ | ३१ | २०७८/१२/०६ | २०७८/१२/०७ | ४ | ३ | ७ |
| ३४ | ५१९/०७८-७९ (खुला) | ५ | कार्यालय सहायक/प्राज्ञिक/प्राज्ञिक | १ | ८ | | | ३ | २ | ५ |
| ३५ | ५२०-५२०a/०७८-७९ (खुला) | ५ | लाइब्रेरी सहायक/प्राज्ञिक/ लाइब्रेरी/ लाइब्रेरी | २ | १७ | | | ५ | १ | ६ |
| ३६ | ५२१/०७८-७९ (खुला) | ५ | इलेक्ट्रिसियन/इञ्जिनियरिङ /प्राविधिक | १ | २६ | २०७८/१२/०२ | | २ | १३ | १५ |
| ३७ | ५३३/०७८-७९ (खुला) | ५ | सब इञ्जिनियर/कृषि/एगृ. इञ्जिनियरिङ | १ | ५० | २०७८/११/२७ | | १ | २८ | २९ |
| ३८ | ५३४/०७८-७९ (खुला) | ५ | प्राविधिक सहायक/ कृषि/खा.पो.गु.नि. | १ | ४४ | २०७८/११/२७ | | ७ | १६ | २३ |
| ३९ | ५४२-५४३/०७८-७९ (खुला तथा समावेशी) | ५ | बायोमेडिकल टेक्निसियन/ स्वास्थ्य/विविध | २ | ३३ | | | ८ | १९ | २७ |
| ४० | ११/०७८-७९ (आ.प्र.) | ४ | सहायक चौथो/ प्रशासन/सामान्य प्रशासन<br>सह लेखापाल/ प्रशासन/लेखा | ६५ | ७३ | २०७८/११/३० | | ७ | | ७ |

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| ४१ | १२-१५/०७८-७९ (खुला तथा समावेशी) | ४ | सहायक चौथो/ प्रशासन/सामान्य प्रशासन<br>सह लेखापाल/ प्रशासन/लेखा | | ४५२३ | २०७८/१२/०५ | २०७९/०२/१९, २० | ११०५ | १६०९ | २७१४ |
| ४२ | ५५०/०७८-७९ (खुला) | ४ | अमिन/इञ्जिनियरिङ/सर्भे | ३ | ७६१ | २०७८/१२/०८ | | ६६ | ४१७ | ४८३ |
| ४३ | ५५१-५५४/०७८-७९ (खुला तथा समावेशी) | ४ | असिष्टेन्ट सब इञ्जिनियर/ इञ्जिनियरिङ/सिभिल | ४४ | ६८५५ | २०७८/१२/२६ | | ७३५ | ३४९० | ४२२५ |
| ४४ | ५५५/०७८-७९ (खुला) | ४ | खा.पा.स.टे./इञ्जिनियरिङ/ सिभिल/स्यानिटरी | ३ | १७८८ | २०७८/१२/१० | | ७३ | ६८४ | ७५७ |
| ४५ | ५६७-५७१/०७८-७९ (खुला तथा समावेशी) | ४ | अ.न.मी./स्वास्थ्य/ प.हे.न./क.न. | ८९ | ९१९४ | २०७८/१२/१२ | | ५९८० | | ५९८० |
| ४६ | ५५६-५५८/०७८-७९ (खुला तथा समावेशी) | ४ | प्रा.स./कृषि/बागबानी/बाली संरक्षण/माटो विज्ञान | २३ | ७६४ | २०७९/०१/०३ | | २७०३ | १९२६ | ४६९२ |
| ४७ | ५५९-५६२/०७८-७९ (खुला तथा समावेशी) | ४ | प.स्वा.प्रा./प.से.प्रा./कृषि/ भेटेरिनरी/ला.पो.डे.डे. | ४१ | ५३६३ | २०७८/१२/१९ | | ११५१ | २४२५ | ३५७६ |
| ४८ | ५७६-५८०/०७८-७९ (खुला तथा समावेशी) | ४ | अ.हे.व./स्वास्थ्य/हे.ई | १४५ | १५९२९ | २०७९/०१/१० | | ४०३७ | ६५४४ | १०५८ १ |
| ४९ | ५६३-५६४/०७८-७९ (खुला तथा समावेशी) | ४ | प्रा.स./कृषि/मत्स्य | २ | ५५१ | २०७८/१२/२१ | | ६८ | १९१ | २५९ |
| ५० | ५६६/०७८-७९ (खुला) | ४ | वैद्य/स्वास्थ्य/आयुर्वेद | ४ | ५९१ | २०७८/१२/२२ | | १६९ | २११ | ३८० |
| ५१ | ५७२-५७५/०७८-७९ (खुला) | ४ | ल्या.अ./स्वास्थ्य/मे.ल्या. टे./ज.मे.ल्या.टे. | ८ | २९७७ | २०७८/१२/२४ | | ११२९ | ७८२ | १९११ |
| ५२ | ५६५/०७८-७९ (खुला) | ४ | स.म.वि.नि./विविध | ७ | ५८२ | २०७८/१२/२८ | २०७८/१२/२८ | २४९ | | २४९ |

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| ५३ | ७८२/०७७-७८ (खुला) | ६ | कृषि/विभिन्न | २९ | ११०३ | २०७९/०२/१४ | २०७९/०२/१४ | १२९ | २४० | ३६९ |
| ५४ | ७८३/०७७-७८ (खुला) | ६ | कृषि/ला.पो.डे.डे. | ९ | १८७ | २०७९/०२/१३ | २०७९/०२/१३ | ३० | ५० | ८० |
| ५५ | ७८४/०७७-७८ (खुला) | ६ | कृषि/मत्स्य | १ | ३५ | २०७९/०२/१६ | २०७९/०२/१६ | ८ | ७ | १५ |
| ५६ | ७८५/०७७-७८ (खुला) | ६ | कृषि/भेटेरिनरी | १९ | २१७ | २०७९/०२/१७ | २०७९/०२/१७ | ४१ | ६५ | १०६ |
| ५७ | १६/०७८-७९ (खुला) | ६ | अधिकृत छैटौं/ प्रशासन/सामान्य प्रशासन | २२ | १२४१ | २०७९/०२/१३ | २०७९/०४/०२, ०३,०४,०५ | ८१ | १६१ | २४२ |
| | | ६ | लेखा अधिकृत/ प्रशासन/लेखा | | | | | | | |
| | | ६ | आ.ले.प. अधिकृत/ प्रशासन/लेखापरीक्षण | | | | | | | |
| ५८ | ५८७/०७८-७९ (खुला) | ६ | इञ्जिनियर/इञ्जिनियरिङ/ सिभिल | ९ | १३१७ | २०७९/०२/२१ | २०७९/०२/२१ | ३७ | ३०१ | ३३८ |
| ५९ | ५८८/०७८-७९ (खुला) | ६ | इञ्जिनियर/इञ्जिनियरिङ/ बि. एण्ड आ. | १ | १४९ | २०७९/०२/१८ | २०७९/०२/१८ | ७ | २७ | ३४ |
| ६० | ५८९/०७८-७९ (खुला) | ६ | कृषि/विभिन्न | १२ | ९१२ | २०७९/०२/२१ | २०७९/०२/२१ | २०० | २७४ | ४७४ |
| ६१ | ५९०/०७८-७९ (खुला) | ६ | कृषि/भेटेरिनरी | ८ | १८९ | २०७९/०२/२२ | २०७९/०२/२२ | ४२ | ८१ | १२३ |
| ६२ | ५८१/०७८-७९ (आ.प्र.) र ६०१-६०२/०७८-७९ (खुला/समावेशी) | ७ | कम्युनिटी नर्सिङ्ग अधिकृत /स्वास्थ्य/क.न./प.हे.न. | ३ | ९९ | २०७९/०२/१९ | २०७९/०२/२० | ३४ | | ३४ |
| ६३ | ५८२/०७८-७९ (आ.प्र.) र ६०३/०७८-७९ (खुला) | ७ | नर्सिङ्ग अधिकृत/ स्वास्थ्य/जनरल नर्सिङ्ग | २ | १६४ | २०७९/०२/२२ | २०७९/०२/२३ | ४७ | | ४७ |

| सि. नं. | विज्ञापन नं. | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवार को सङ्ख्या | लिखित परीक्षा सञ्चालन मिति | | परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितीय चरण | महिला | पुरुष | जम्मा |
| ६४ | ५८३/०७८-७९ (आ.प्र.) र ६०४/०७८-७९ (खुला) | ७ | फार्मेसी अधिकृत/स्वास्थ्य/फार्मेसी | २ | १३० | २०७९/०२/२३ | २०७९/०२/२४ | ९ | २८ | ३७ |
| ६५ | ५८४/०७८-७९ (आ.प्र.) र ६०५/०७८-७९ (खुला) | ७ | फिजियोथेरापिष्ट/स्वास्थ्य/ फिजियोथेरापी | २ | ५३ | २०७९/२/२७ | २०७९/२/२८ | ११ | २६ | २७ |
| ६६ | ५८५/०७८-७९ (आ.प्र.) र ६०६-६०८/०७८-७९ (खुला/समावेशी) | ७ | मेडिकल ल्याब टेक्नोलोजिष्ट/स्वास्थ्य/मे. ल्या.टे./ज.मे.ल्या.टे. | ५ | २४३ | २०७९/२/२५ | २०७९/२/२६ | ४४ | ५९ | १०३ |
| ६७ | ५८६/०७८-७९ (आ.प्र.) र ६११-६१४/०७८-७९ (खुला/समावेशी) | ७ | जनस्वास्थ्य अधिकृत/स्वास्थ्य/हे.इ. | ९ | ७९२ | २०७९/२/२८ | २०७९/२/२९ | ११७ | १२६ | २४३ |
| ६८ | ५९६-६००/०७८-७९ (खुला/समावेशी) | ८ | मेडिकल अधिकृत/स्वास्थ्य/ज.हे.स. | १८ | १३७० | २०७९/२/२८ | २०७९/२/२९ | १७९ | ४६१ | ६४० |
| जम्मा | | | | ८४० | ७५३२४ | | | २१८४३ | २६७१६ | ४८६१२ |

## अनुसूची - १६
## अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण

| सि. नं. | विज्ञापन नम्बर | तह | सेवा/समूह | पद | माग पद सङ्ख्या | सिफारिस सङ्ख्या | वैकल्पिक सिफारिस सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५०१/०७७-७८ | ४ | इञ्जि/सिभिल/जनरल | ल्या.अ. | १ | १ | | |
| २ | ५०२-५०६/०७७-७८ | ४ | स्वास्थ्य/प.हे.न./क.न. | अ.न.मी. | १३ | १३ | १ | |
| ३ | ७४१-७४५/०७७-७८ | ४ | स्वास्थ्य/प.हे.न./क.न. | अ.न.मी. | ५४ | ५४ | १ | |
| ४ | ५०७-५०८/०७७-७८ | ४ | स्वास्थ्य/मे.ल्या.टे./ ज.मे.ल्या.टे. | ल्या.अ. | ३ | ३ | | |
| ५ | ७४६/०७७-७८ | ४ | स्वास्थ्य/मे.ल्या.टे./ ज.मे.ल्या.टे. | ल्या.अ. | ३ | ३ | १ | |
| ६ | ५०९-५११/०७७-७८ | ४ | स्वास्थ्य/हे.ई./ | अ.हे.ब. | ४ | ४ | | |
| ७ | ७४७-७५१/०७७-७८ | ४ | स्वास्थ्य/हे.ई./ | अ.हे.ब. | ६७ | ६७ | ३ | |
| ८ | २२४-२२७/०७७-७८ | ४ | प्रशासन/सा.प्र. | सहायक चौथो | ६२ | ६२ | २ | |
| ९ | ७२२-७२७/०७७-७८ | ४ | इञ्जि/सर्भे | अमिन | २२ | २२ | ४ | |
| १० | ७२८-७३३/०७७-७८ | ४ | इञ्जि/सिभिल | अ.स.ई. | ६२ | ६२ | ७ | |
| ११ | ७३४/०७७-७८ | ४ | इञ्जि/सिभिल/स्यानिटरी | खापासटे | १ | १ | | |
| १२ | ७३५-७३६/०७७-७८ | ४ | कृषि/भेटेरिनरी/लापोडेडे | ना.प.स्वा.प्रा. | ५२ | ५२ | ९ | |
| १३ | ७३७-७३८/०७७-७८ | ४ | कृषि/कृषि | ना.प्रा.स. | २७ | २७ | ४ | |
| १४ | ७३९/०७७-७८ | ४ | विविध | स.क.अ. | १ | १ | | |
| १५ | ७४०/०७७-७८ | ४ | विविध | स.म.वि.नि. | १४ | १४ | १ | |
| जम्मा | | | | | ३८६ | ३८६ | ३३ | |

| सि. नं. | विज्ञापन नम्बर | तह | सेवा/समूह | पद | माग पद सङ्ख्या | सिफारिस सङ्ख्या | वैकल्पिक सिफारिस सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १६ | २२८-२३२/०७७-७८ | ५ | प्रशासन/सा.प्र. | सहायक पाँचौं | १३६ | ० | | सिफारिस बाँकी |
| १७ | ७५२/०७७-७८ | ५ | आ.यो.त./तथ्याङ्क | तथ्याङ्क सहायक | २ | २ | | |
| १८ | ७५३-७५७/०७७-७८ | ५ | इञ्जि/सिभिल/... | सब इञ्जिनियर | ६८ | ६८ | ५ | |
| १९ | ७५८-७५९/०७७-७८ | ५ | इञ्जि/सिभिल/जनरल | ल्याब टेक्निसियन | ३ | ३ | | |
| २० | ७६०-७६२/०७७-७८ | ५ | इञ्जि/सिभिल/बि. एण्ड आ. | सब इञ्जिनियर | ४ | ४ | | |
| २१ | ७६३/०७७-७८ | ५ | इञ्जि/मेकानिकल | मेकानिकल सुपरभाइजर | १ | १ | | |
| २२ | ७६४-७६६/०७७-७८ | ५ | कृषि/... | प्रा.स. | ६२ | ६२ | १ | |
| २३ | ७६७-७६८/०७७-७८ | ५ | कृषि/भेटेरिनरी/लापोडेडे | प.स्वा.प्रा./प.से.प्रा. | ७६ | ७६ | २ | |
| २४ | ७६९/०७७-७८ | ५ | कृषि/मत्स्य | प्रा.स. | ४ | ४ | १ | |
| २५ | ७७०/०७७-७८ | ५ | विविध | क.अ. | १३ | १३ | | |
| २६ | ७७१/०७७-७८ | ५ | विविध | म.वि.नि. | ४ | ४ | १ | |
| २७ | ७७२-७७४/०७७-७८ | ५ | शिक्षा/शिक्षा प्रशासन | प्रा.स. | २२ | २२ | २ | |
| २८ | ७८४-७८५/०७७-७८ | ५ | स्वास्थ्य/प.हे.न./क.न. | प.हे.न. | ११ | ११ | | |
| २९ | ८२८-८२९/०७७-७८ | ५ | स्वास्थ्य/प.हे.न./ क.न.(आ.प्र) | प.हे.न. | २ | २ | | |
| ३० | ७८६-७९०/०७७-७८ | ५ | स्वास्थ्य/जनरल नर्सिङ्ग | स्टाफ नर्स | १७ | १७ | | |
| ३१ | ७९१-७९२/०७७-७८ | ५ | स्वास्थ्य/फार्मेसी | फार्मेसी सहायक | ३ | ३ | | |
| ३२ | ७९३/०७७-७८ | ५ | स्वास्थ्य/मे.ल्या.टे./ ज.मे.ल्या.टे. | ल्याब टेक्निसियन | २ | २ | | |
| ३३ | ७९४/०७७-७८ | ५ | स्वास्थ्य/मे.रे. | मे.रे.सु. | १ | १ | | |

| सि. नं. | विज्ञापन नम्बर | तह | सेवा/समूह | पद | माग पद सङ्ख्या | सिफारिस सङ्ख्या | वैकल्पिक सिफारिस सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | ७९५/०७७-७८ | ५ | स्वास्थ्य/रेडियोग्राफी | रेडियोग्राफर | १ | १ | | |
| ३५ | ७९९-८०२/०७७-७८ | ५ | स्वास्थ्य/हे.ई./ | हेल्थ असिष्टेण्ट | ८१ | ८१ | ३ | |
| ३६ | ८०४-८२७/०७७-७८<br>८३०-८३१/०७७-७८ | ५ | स्वास्थ्य/हे.ई.(आ.प्र) | हेल्थ असिष्टेण्ट | २६ | २२ | | |
| ३७ | ८०४क/०७७-७८ | ५ | स्वास्थ्य/एनेस्थेसिया | एनेस्थेसिष्ट सहायक | १ | १ | | |
| जम्मा | | | | | ५४० | ४०० | १५ | |
| ३८ | २३३-२३७/०७७-७८ | ६ | प्रशासन/सा.प्र. | अधिकृत | ३७ | ० | | सिफारिस बाँकी |
| ३९ | ७७५/०७७-७८ | ६ | आ.यो.त./तथ्याङ्क | तथ्याङ्क अधिकृत | १ | १ | | |
| ४० | ७७६/०७७-७८ | ६ | शिक्षा/शिक्षा प्रशासन | शिक्षा अधिकृत | ६ | ६ | | |
| ४१ | ७७७-७७९/०७७-७८ | ६ | इञ्जि/सिभिल | इञ्जिनियर | १२ | १२ | १ | |
| ४२ | ७८०/०७७-७८ | ६ | इञ्जि/सिभिल/बि. एण्ड आ. | इञ्जिनियर | २ | १ | | |
| ४३ | ७८१/०७७-७८ | ६ | इञ्जि/वातावरण | वातावरण इञ्जिनियर | १ | १ | | |
| ४४ | ७८२/०७७-७८ | ६ | कृषि/... | कृषि अधिकृत | २९ | ० | | परीक्षा हुन बाँकी |
| ४५ | ७८३/०७७-७८ | ६ | कृषि/लापोडेडे | कृषि अधिकृत | ९ | ० | | परीक्षा हुन बाँकी |
| ४६ | ७८४/०७७-७८ | ६ | कृषि/मत्स्य | कृषि अधिकृत | १ | ० | | परीक्षा हुन बाँकी |
| ४७ | ७८५/०७७-७८ | ६ | कृषि/भेटेरिनरी | कृषि अधिकृत | १६ | ० | | परीक्षा हुन बाँकी |
| जम्मा | | | | | ११४ | २१ | १ | |
| कूल जम्मा | | | | | १०४० | ८०७ | ४९ | |

# अनुसूची १७

## सार्वजनिक प्रशासन (निजामती प्रशासन) मा भएको विसङ्गति सुधार गर्न गर्नु पर्ने बारे सुझाव

**Suresh Man Shrestha** <sureshman1@yahoo.com>

**To:**rajendra.sst@gmail.com

**Bcc:**Suresh Man Shrestha,Suresh Man Shrestha

Thu, 14 Oct 2021 at 23:41

**माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यू**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**सिँहदरबार , काठमाडौं।**

विषयः सार्वजनिक प्रशासनमा भएको विसङ्गति सुधार गर्न गर्नु पर्ने बारे सुझाव

१. सर्वप्रथम माननीयज्यू सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु। यहाँको कार्यकालमा सेवाग्राही नागरिकलाई आवश्यक पर्ने सार्वजनिक सेवालाई सर्वसुलभ बनाउने कार्यमा अनुकरणीय सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

२. म नेपाल सरकारको पूर्व सचिव र हाल प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको अध्यक्ष भएको नाताले आफूले कार्य सम्पादन गर्दा नेपालको सार्वजनिक प्रशासन (निजामती प्रशासन) मा देखिएका निराशजनक अवस्थालाई ऊर्जा भर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७५, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ र बागमती प्रदेशको प्रदेश लोक सेवा आयोग ऐन, २०७६, र सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्थाबमोजिम गम्भीरतापूर्वक लिएर कार्य अगाडि बढाउन सुझावहरू पेश गरेको छु। उक्त सुझावहरू र भएका विद्यमान कानूनी व्यवस्था यसै इमेलसँग संलग्न गरेको छु।

३. हजुरको अनुकूल समयमा मैले हजुरसँग छलफल गर्न पाए अझ थप स्पष्ट पार्ने थिएँ।

**भवदीय**

**सुरेश मान श्रेष्ठ**

**अध्यक्ष**

**प्रदेश लोक सेवा आयोग**

**बागमती प्रदेश।**

**Rajendra Shrestha** <rajendra.sst@gmail.com>

**To:**Suresh Man Shrestha

Fri, 15 Oct 2021 at 18:47

Thank you for your email

Regards.

RPS

अनुसूची १८

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९

च.नं.:

मितिः २०७८ कार्तिक १४

माननीय मुख्यमन्त्री श्री राजेन्द्र प्रसाद पाण्डेज्यू

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमति प्रदेश, हेटौंडा।

विषयः बधाई तथा शुभकामना पत्र र सार्वजनिक प्रशासनमा भएको विसङ्गति सुधार गर्न गर्नु पर्ने बारे सुझाव

१. सर्वप्रथम माननीयज्यू बागमति प्रदेशको मुख्यमन्त्री हुनु भएकोमा प्रदेश लोक सेवा आयोगको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछु। यहाँको कार्यकालमा सेवाग्राही नागरिकलाई आवश्यक पर्ने सार्वजनिक सेवालाई सर्वसुलभ बनाउने कार्यमा अनुकरणीय सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

२. नेपालको संविधान २०७२ असोज ३ गते पछि कार्यान्वयनमा आएको ५ वर्ष पूरा भएतापनि महत्वपूर्ण ऐन कानून निर्माण नगरिँदा प्रत्यक्ष रूपमा नागरिकले प्राप्त गर्नु पर्ने कतिपय सार्वजनिक सेवा प्रदान गर्ने कार्यमा सरकारको क्रियाशीलताको अभाव अनुभूत भइरहेको छ।

३. कर्मचारी समायोजन ऐन २०७५ आइसकेपछि मिति २०७५ साल चैत्र ११ गते सम्म सङ्घमा ४८,४०९ (३५%),७ वटै प्रदेशमा २२,२९७ (१६%), र ७५३ स्थानीय तहमा ६६,९०८ (३५%) स्वीकृत दरबन्दी कायम भएकोमा प्रदेश र स्थानीय तहमा करिब ४० प्रतिशत कर्मचारी रिक्त छन्। हाल करिब रिक्त ४० प्रतिशत कर्मचारी पदपूर्ति नगर्नाले सुशासनयुक्त प्रशासन चलाउन अत्यन्त कठिनाइ भएको छ। यसको लागि अत्यन्त महत्त्वका साथ सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन तत्काल निर्माण गर्नु पर्ने भएको छ।

४. यस्तो अवस्था हुँदा हुँदै पनि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले मिति २०७७ साल मङ्सिर ८ गते सोमबारबाट चौथो तहको विज्ञापन गरी मिति २०७७ साल पौष १३ गते सोमबार पाँचौं तहको विज्ञापन र मिति २०७७ साल माघ १२ गते सोमबार छैठौं तहको अधिकृत स्तरका रिक्त दरबन्दीको विज्ञापन गरी लिखित परीक्षा सम्पन्न गरी अन्तर्वार्ता र सिफारिसको चरणमा पुगि रहेको अवस्थामा आइपुगिएको छ। बागमती प्रदेश सरकारबाट चौथो र पाँचौं तहका जम्मा ७० जना तथा बागमती प्रदेशका ११९ स्थानीय तह मध्ये ६२ स्थानीय तहहरूको रिक्त चौथो, पाँचौं र छैठौं तहका दरबन्दीको १८६० पदमा गरी जम्मा १९३० दरबन्दीको विज्ञापन गरिएको। यी पदहरूमध्ये ७८८ पदहरू बढुवाद्वारा पदपूर्ति गर्न छुट्याइएको छ, तर प्रदेश निजामती सेवा ऐन व्यवहारमा निर्माण भई नसकेको कारण ती ७८८ पदमा पूर्ति गर्न सक्ने अवस्था नभएको। २०७६ जेठ १५ गते प्रदेश लोक सेवा आयोगको गठन हुनु पूर्व नेपाल सरकारको मिति २०७६ जेठ ६ गतेको निर्णयबमोजिम ९,१६१ रिक्त दरबन्दीमा लोक सेवा आयोग (सङ्घ)ले विज्ञापन गर्न स्वीकृत दिँदा बढुवाको लागि छुट्याइएको पदसङ्ख्या समेत यो ७८८ जना भित्र परेको छ। बढुवाको कारवाही अगाडि बढाउन बढुवा समिति प्रदेशको लागि नभएको हुँदा प्रदेश निजामती सेवाको अपरिहार्यता महसुस भएको छ।

५. नेपालको संविधान जारी भएपछि प्रदेश लोक सेवा आयोगको इतिहासमा यति धेरै विज्ञापन गरी कार्य सम्पादन भैरहेको प्रथम पटक भएको। काठमाडौं र ललितपुर महानगरपालिकाबाट रिक्त दरबन्दी प्रशस्त भएपनि पदपूर्तिको लागि माग आकृतिको फाराम भरी नपठाएको तर काठमाडौं महानगरपालिकाबाट भने करिब १८०० दरबन्दीमा प्रदेश लोक सेवा आयोगको परामर्श विना नै अबैधानिक कानून बनाई बढुवा गरिएको जानकारी सञ्चार माध्यमबाट प्राप्त भएको।

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९
च.नं.:

आयोगको अध्यक्ष स्वयंले ती दुई महानगरपालिकाका प्रमुख र उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग बैठक बस्दा पनि हालसम्म माग आकृति फाराम भरी विज्ञापनको लागि माग भई नआएको।

६. एकातर्फ यसरी नेपालको सार्वजनिक प्रशासनमा कर्मचारीको अभावले जुनसुकै सरकार सत्तामा आए पनि बेथिति रही सुशासन कायम हुन नसकेको अवस्था छ भने अर्कोतर्फ प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले गत वर्ष २०७७ भाद्रमा अधिकृतस्तर छैठौं तहको विज्ञापन गर्दा छैठौं तह नभई सातौं तह हुनु पर्ने भनी सम्मानित सर्वोच्च अदालतमा उजुरी राखेकोमा हालसम्म १ वर्ष दुई महिना हुन लाग्दा पनि फैसला आएको छैन। त्यसै गरी प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको कृषि सेवातर्फको अधिकृत छैठौं तहमा भएको विज्ञापनमा पनि सम्मानित सर्वोच्च अदालतमा २०७७ फागुनमा उजुरी परेकोमा हालसम्म फैसला नभएको कारण रिक्त दरबन्दीमा जनशक्तिको अत्यधिक अभाव भइसकेको छ।

७. त्यसै गरी प्रदेश सरकारले कर्मचारी समायोजन ऐन बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी निर्णय भइसकेकोमा केही असन्तुष्ट कर्मचारीले सम्मानित सर्वोच्च अदालतमा २०७७ फागुन महिनामा उजुरी दिएकोमा हालसम्म कुनै फैसला भएको छैन।

८. यस्तो अनिर्णयको बन्दी सरकारी कार्यमा बनाइदिनु सम्मानित सर्वोच्च अदालतलाई सुहाउने कुरा कदाचित हैन।

९. प्रदेश सरकारको प्रमुख सचिवहरूले पनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कार्य सम्पादन गर्न ज्ञान नभएको महसुस भएको छ।

१०. सङ्घीय संसदले बनाएको कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम र नेपालको संविधानको धारा २२६, धारा २२७, धारा २८५ र धारा ३०२ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि सक्रियतापूर्वक लागिपर्न नसकेको अवस्था देखिएको छ।

११. नेपालको संविधान लागू भएको ५ वर्ष र कर्मचारी समायोजन ऐन, २०७५ आएको पनि २ वर्ष ८ महिना हुँदा पनि यस्तो किं कर्तव्य विमुढको अवस्था आउनु कर्मचारीतन्त्रको असक्षमताको साथै राजनीतिक नेतृत्व पनि सतहीपूर्वक हिँडिरहेको भन्नमा असहज मान्नु पर्ने स्थिति देखिँदैन।

१२. माननीय मन्त्रीज्यूलाई प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले प्रदेश सरकार र स्थानीय तहलाई तयारी हालतमा बुझ्न सुगम होस् भनी नेपालको संविधानमा र भैराखेका कानूनको व्यवस्थाको बारेमा माननीय मन्त्रीज्यूलाई पनि अवगत हुन गई कार्य सम्पादनमा सहज हुने विश्वस्त भई जानकारीको लागि संलग्न गरेको छु।

सुरेश मान श्रेष्ठ
अध्यक्ष
प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश

# अनुसूची १९

## दोश्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीबाट पारित घोषणापत्र


नेपालको संविधानको भाग २३ धारा २४४ मा भएको व्यवस्था बमोजिम सबै प्रदेशहरूमा प्रदेश लोक सेवा आयोग गठन भई सकेको छ। प्रदेश सभाले निर्माण गरेको प्रदेश लोक सेवा आयोग ऐनले निर्धारण गरे बमोजिम प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय संगठित संस्थाको सेवाका पदहरूमा उपयुक्त उम्मेदवार छनौटको प्रक्रिया अगाडि बढी कतिपय प्रदेशमा सिफारिस समेत भइसकेको छ। प्रदेश तथा स्थानीय सरकारी सेवामा आवश्यक पर्ने कर्मचारी छनौटका लागि प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्ने छनौट पद्दति तथा कार्यविधि समान हुने भएकोले यस प्रक्रियालाई अझ बढी प्रभावकारी तथा समसामयिक बनाउन एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा आदान प्रदान गर्न एक साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा २०७६ साल फागुण १४ र १५ गते प्रथम अन्तर प्रदेश लोक सेवा आयोगहरूको कार्यशाला गोष्ठी, प्रदेश लोक सेवा आयोग, बागमतीको आयोजनामा हेटौंडामा सम्पन्न भएको थियो। उक्त कार्यशाला गोष्ठीमा विभिन्न महत्वपूर्ण प्रस्तावहरू पारित भएका थिए। प्रत्येक वर्ष गर्ने भनिएको कार्यशाला गोष्ठी वि.स. २०७७ मा COVID-19 को महामारीको कारणले सम्पन्न हुन सकेन।

प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा अझ बढी विश्वसनीय, मर्यादित र स्वच्छ बनाउदै लैजान एवम् परीक्षा सम्बन्धी कार्यप्रणालीमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य तथा एक आपसको अनुभव आदान प्रदान गर्ने अभिप्रायले यस वर्ष प्रदेश लोक सेवा आयोग, प्रदेश नं १ को आयोजनामा दोस्रो अन्तर प्रदेश कार्यशाला गोष्ठी विराटनगरमा सम्पन्न गरिएको छ। सो कार्यशाला गोष्ठीमा सातै प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी, विभिन्न क्षेत्रका विज्ञ, लोक सेवा आयोगका प्रतिनिधि समेतको उपस्थिति थियो। विराटनगरमा सम्पन्न यस कार्यशाला गोष्ठीबाट सबै प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको अनुभव र भावनालाई आत्मसात गर्दै सर्वसम्मत रूपमा देहाय बमोजिमको घोषणापत्र पारित गरियो:

१. प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको यथाशीघ्र निर्माणका लागि आ-आफ्ना प्रदेशका प्रदेश सभा र प्रदेश सरकारहरूसँग अनुरोध गर्ने

२. कुनै प्रदेश लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण उम्मेदवारले सोही तहको समान पदमा अन्य प्रदेशमा दरखास्त दिन नपाउने व्यवस्था गर्ने।

३. प्रदेश र स्थानीय तहको कर्मचारीको अन्तर प्रदेश सरुवाले सम्बन्धित प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्ति विकासमा गम्भीर एवम् नकारात्मक असर पर्न जाने र ती तहमा जनशक्ति व्यवस्थापनमा अस्थिरता हुने भई कार्यसम्पादनमा समेत नकारात्मक असर



पर्ने देखिँदा अन्तर प्रदेश र अन्तर स्थानीय तह कर्मचारी सरुवाको सम्बन्धमा ऐन बनाई मात्र सरुवा गर्ने गराउने व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

४. कुनै आयोगको परीक्षामा परीक्षार्थीले अनियमितता गरेको ठहर गरी उक्त प्रदेशले कारवाही गरेमा त्यस्ता परीक्षार्थीलाई कालो सूचीमा राखी कारबाही गरिएको जानकारी सातवटै प्रदेश लोक सेवा आयोगहरूमा गराउने।

५. बढुवाको समस्या समाधन गर्न सम्बन्धित प्रदेश सरकारसँग परामर्श गरी प्रदेश लोक सेवा आयोग नियमावलीमा संशोधनका लागि प्रक्रिया अघि बढाउने।

६. प्रदेश लोक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस गरिएका कर्मचारीहरूको व्यक्तिगत विवरण प्रणाली (PIS System) को स्पष्ट व्यवस्थाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

७. प्रदेश लोक सेवा आयोगहरूले आफ्नै प्रतिक चिन्ह (लोगो) बनाइ प्रयोगमा ल्याउने।

८. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगलाई आवश्यक कर्मचारीहरू उपलब्ध गराउन सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने। प्रदेश लोक सेवा आयोगको अस्थायी (सालबसाली) दरबन्दी संरचनालाई यथाशीघ्र स्थायी संरचनामा रूपान्तरण गरी आयोगको कर्मचारी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन प्रदेश सरकारसँग अनुरोध गर्ने।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७५ चैत्र ११ गतेसम्ममा समायोजन सम्पन्न गरे बमोजिमका समायोजित पदहरू सम्बन्धित प्रदेश सरकार र स्थानीय तहबाट पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगसँग माग गर्नु पर्ने व्यवस्थाको लागि सबै प्रदेश सरकार र स्थानीय तहको ध्यानाकर्षण गर्ने ।

१०. प्रदेश लोक सेवा आयोग ऐनमा भएको व्यवस्था बमोजिम अनुगमन कार्यलाई प्रभावकारी बनाई आयोगको परामर्श नलिई भए गरेका बढुवा, स्तरवृद्धि तथा पदपूर्ति लगायतका कार्यहरू निष्कृय गराउन आयोगहरू क्रियाशिल हुने।

११. सबै आयोगहरूले परीक्षा सञ्चालन सम्बन्धी कार्यका लागि अनलाइन प्रणालीको विकास गर्ने र प्रणाली (RMIS/Connect IPS) सँग आवद्ध हुने।

१२. प्रदेश लोक सेवा आयोगहरूले दक्ष विशेषज्ञको नामावली तयार गरी सो सूचीबाट पनि सहयोग लिन आयोगहरू बीच समन्वय गर्ने।

१३. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको विद्यमान मर्यादाक्रम सम्बन्धी व्यवस्था संवैधानिक पदाधिकारीको मर्यादा अनुकुल नभएकोले लोक सेवा आयोगका सदस्यहरूको मर्यादाक्रम पछि क्रमशः राखे गरि परिमार्जन हुन नेपाल सरकारसँग अनुरोध गर्ने।

१४. प्रदेश लोक सेवा आयोग प्रदेशको एक संवैधानिक अङ्ग भएकोले आयोगको काम कारबाहीमा आयोगका पदाधिकारीहरूको नाम अगाडि माननीय लेख्ने/सम्बोधन गर्ने अभ्यास गर्ने।

१५. प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको निर्माण नभएसम्म कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम पदपूर्ति प्रक्रियालाई निरन्तरता दिने।

१६. वैज्ञानिक, व्यवहारिक तथा आधुनिक गुण परीक्षण विधि अवलम्बन गर्न सबै प्रदेश लोक सेवा आयोगहरू प्रतिवद्ध रहने।

१७. अन्तर प्रदेश परीक्षण प्रणालीका सम्बन्धमा सबै प्रदेश लोक सेवा आयोगहरू पूर्ण रूपमा क्रियाशील भईसके पछि आगामी दिनमा हुने गोष्ठीमा छलफल गरी सो विषयमा निर्क्योल गर्ने।

१८. दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २ को प्रस्ताव अनुसार प्रदेश नं. २ को जनकपुरमा २०७९ को फाल्गुन पहिलो हसामा तेस्रो अन्तर प्रदेश लोक सेवा आयोगको सम्मेलन आयोजना गर्ने।

| | | | |
|---|---|---|---|
| मा. उत्तम कुमार भट्टराई<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>प्रदेश नं. १, विराटनगर | मा. प्रा. सुरेन्द्र प्रसाद यादव<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>प्रदेश नं. २, जनकपुर | मा. सुरेशमान श्रेष्ठ<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>वागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. प्रा. डिल्लीराम भट्टराई<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>लुम्बिनि प्रदेश, बुटवल | मा. राम प्रसाद उपाध्याय<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>कर्णाली प्रदेश, सुर्खेत | मा. यज्ञराज बोहरा<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>सुदुरपश्चिम प्रदेश, धनगढी |

मिति: २०७८ साल पौष १६ गते
स्थान: विराटनगर।

३

# अनुसूची २०

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगको प्रतिबद्धता

## लोक सेवा आयोगहरुको दोस्रो राष्ट्रिय सम्मेलन

२०७८ फागुन २३ र २४ गते, रुपन्देही, लुम्बिनी प्रदेश

### घोषणा-पत्र

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू,

लोक सेवा आयोगको इतिहासप्रति गौरव बोध गर्दै,

सार्वजनिक पदको भर्ना र छनौटमा नेपालको संविधान, कानूनी व्यवस्था र आयोगको मूल्य मान्यतालाई अक्षुण्ण राख्दै,

आयोगको काम कारबाहीमा निष्पक्षता, स्वच्छता र विश्वसनीयतालाई थप सुदृढ पार्दै,

योग्यता प्रणालीलाई संरक्षण गर्दै, योग्य, सक्षम र इमान्दार जनशक्तिलाई सार्वजनिक सेवामा आकर्षित गर्दै,

विश्वव्यापी मूल्य मान्यतालाई आत्मसात गर्दै, नवीनतम प्रविधिलाई प्राथमिकतामा राखी सार्वजनिक प्रशासनमा मुलुक र जनताको अपेक्षा अनुरूपका जनशक्ति भित्र्याउन प्रतिबद्ध हुँदै,

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबीच सङ्घीय लोकतान्त्रिक शासन प्रणाली, संविधान तथा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको समावेशीकरणको सिद्धान्तको मर्म र भावना अनुरूप जनशक्ति भर्ना र छनौट कार्यमा सहकार्य र समन्वय गर्दै,

योग्यता प्रणाली संरक्षकको धरोहरको रूपमा रहेको लोक सेवा आयोगबाट अवलम्बन गरिएका स्थापित सिद्धान्त तथा मूल्य मान्यतालाई परिपालना गर्दै समानता, विश्वसनीयता र निष्पक्षताको निरन्तरता कायम गर्न प्रतिबद्ध छौं।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहरा | रामप्रसाद उपाध्याय | प्रा. डिल्लाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | सुरेन्द्रप्रसाद यादव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | लोक सेवा आयोग |
| सुदूरपश्चिम प्रदेश | कर्णाली प्रदेश | लुम्बिनी प्रदेश | गण्डकी प्रदेश | बागमती प्रदेश | मधेश प्रदेश | प्रदेश नं. १ | |

२०७८ फागुन २४ गते मङ्गलबार।

योग्यता, निष्पक्षता र स्वच्छताः लोक सेवा आयोगको प्रतिबद्धता

# लोक सेवा आयोगहरुको दोस्रो राष्ट्रिय सम्मेलन

२०७८ फागुन २३ र २४ गते, रुपन्देही, लुम्बिनी प्रदेश

## निर्णयहरु

१. लोक सेवा आयोगको योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्म अनुसार गोपनीयता एवं विश्वसनीयता कायम हुने गरी कार्यसम्पादन गर्न प्रदेश लोक सेवा आयोगको संगठन संरचना र शाखागत कार्यविवरणबिच एकरुपता कायम गर्ने।

२. नेपाल सरकारबाट मिति २०७६ बैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरुको मर्यादाक्रम सम्बन्धी व्यवस्था प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तीको प्रक्रिया तथा बहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष माग गर्ने।

३. प्रदेश लोक सेवा आयोगको परीक्षा दस्तुर र पारिश्रमिक लोक सेवा आयोगबाट स्वीकृत दररेटसँग तादात्म्य हुने गरी एकरुपता कायम गर्न पहल गर्ने।

४. परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन हरेक आ.व.को बार्षिक कार्यतालिका तयार गर्दा प्रदेश लोक सेवा आयोगहरुले यथासम्भव एकैपटक प्रकाशन गर्ने।

५. सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा कार्यरत स्थायी कर्मचारीलाई उमेरको हद नलाग्ने विषय, कुनै लोक सेवाले कारवाही गरेका उम्मेदवारलाई सबै लोक सेवा आयोगले संचालन गर्ने परीक्षामा आवेदन गर्न नपाउने विषय, अन्तर प्रदेश समान तहको पदमा उम्मेदवार हुन नपाउने विषय, कर्मचारीको वृत्ति विकासका आधार र मापदण्ड आदि विषयमा सम्बन्धित सेवा सम्बन्धी कानून तथा लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग ऐनमा आवश्यक व्यवस्था मिलाउन पहल गर्ने।

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुबिच आवश्यक सूचना आदान प्रदान गर्न एकीकृत सूचना प्रणाली स्थापना गर्ने।

७. प्रदेश तथा स्थानीय तहहरुले विद्यमान कानूनी व्यवस्था बमोजिम अनिवार्य रुपमा पालना गर्नुपर्ने प्रक्रिया पुरा नगरी गरिएका बढुवा, तहवृद्धि, स्तरवृद्धि लगायतका कार्यहरुलाई सम्बन्धित प्रदेश लोक सेवा आयोगहरुले प्रचलित कानून बमोजिम रद्द गर्ने तर्फ कारवाही अगाडि बढाउने।

८. प्रत्येक वर्ष फागुन २३ र २४ गते लोक सेवा आयोगहरुको राष्ट्रिय सम्मेलनलाई निरन्तरता दिने।

९. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीको अध्यक्षतामा दोस्रो राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न गरेको सहयोगको लागि आयोगका पूर्व माननीय अध्यक्षज्यू र सम्मेलनको व्यवस्थापनको कार्यमा खटिने सम्बद्ध राष्ट्रसेवक कर्मचारी मित्रहरु लगायत सबैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने।

यज्ञराज बोहरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | सुरेन्द्रप्रसाद यादव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी

# अनुसूची २१

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९
च.नं.: ९६३

मितिः २०७९/०१/०५

विषयः बढुवा समितिको अध्यक्ष सम्बन्धमा।

माननीय सदस्य श्री शर्मिला नेउपानेज्यू,
प्रदेश लोक सेवा आयोग,
हेटौंडा, मकवानपुर।

तपसिलमा उल्लिखित सेवा/समूह/उपसमूह र तहको पदमा हुने बढुवा प्रयोजनका लागि प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ४२(१) (ख) र स्थानीय सेवा (गठन र सञ्चालन) अध्यादेश, २०७८ को दफा ३४(१)(ख) बमोजिम गठन हुने बढुवा समितिको अध्यक्ष तोकिनु भएको व्यहोरा आयोगका माननीय अध्यक्षज्यूबाट २०७९/०१/०२ मा निर्णय भएको व्यहोरा अवगत गराउँदछु।

तपसिल,

| सि.नं. | पद | सेवा/समूह/उपसमूह | तह |
|---|---|---|---|
| १. | अधिकृतस्तर छैटौं | कृषि/विभिन्न समूह | छैटौं |
| २. | सहायकस्तर पाँचौं | कृषि/विभिन्न समूह | पाँचौं |
| ३. | सहायकस्तर पाँचौं | कृषि/विभिन्न समूह | पाँचौं |
| ४. | सहायकस्तर पाँचौं | विविध/कम्प्युटर | पाँचौं |
| ५. | सहायकस्तर पाँचौं | स्वास्थ्य/हेल्थ/ईन्स्पेक्सन | पाँचौं |

बोधार्थ,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बढुवा समितिको सचिवालय,
हेटौंडा।

..............
राजुराज अर्याल
अधिकृत सातौं

☎ ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, वेब साइटः ppsc.bagamati.gov.np ई-मेलः info.ppsc@bagamati.gov.np

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९
च.नं.: ५५२

मिति: २०७९/०१/०५

विषयः बढुवा समितिको अध्यक्ष सम्बन्धमा।

माननीय सदस्य श्री सुदर्शन प्रसाद ढकालज्यू,
प्रदेश लोक सेवा आयोग,
हेटौंडा, मकवानपुर।

तपसिलमा उल्लिखत सेवा/समूह/उपसमूह र तहको पदमा हुने बढुवा प्रयोजनका लागि प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ४२(१) (ख) र स्थानीय सेवा (गठन र सञ्चालन) अध्यादेश २०७८ को दफा ३४(१)(ख) बमोजिम गठन हुने बढुवा समितिको अध्यक्ष तोकिनु भएको व्यहोरा आयोगका माननीय अध्यक्षज्यूबाट २०७९/०१/०२ मा निर्णय भएको व्यहोरा अवगत गराउँदछु।

तपसिल

| सि.नं. | पद | सेवा/समूह/उपसमूह | तह |
|---|---|---|---|
| १. | अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन | छैटौं |
| २. | अधिकृतस्तर छैटौं | ईञ्जि./सिभिल/विभिन्न समूह | छैटौं |
| ३. | सहायकस्तर पाँचौ | प्रशासन/सामान्य प्रशासन | पाँचौ |
| ४. | सहायकस्तर पाँचौ | प्रशासन/लेखा | पाँचौ |
| ५. | सहायकस्तर पाँचौ | आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | पाँचौ |
| ६. | सहायकस्तर पाँचौ | ईञ्जि./सिभिल/विभिन्न समूह | पाँचौ |

बोधार्थ,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बढुवा समितिको सचिवालय,
हेटौंडा।

.......................
राजुराज अर्याल
अधिकृत सातौं

☎ ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, वेब साइट: ppsc.bagamati.gov.np ई-मेल: info.ppsc@bagamati.gov.np

# अनुसूची २२

## प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं. ०७८/०७९

च.नं.

मितिः२०७९/०२/२७

## प्रेस विज्ञप्ति

### नक्कली परीक्षार्थीलाई कारवाही गर्ने सम्बन्धमा

आयोगको विज्ञापन नं. १२-१५/०७८-७९ प्रशासन/सा.प्र., लेखा सहायक चौथोको पदको मिति २०७९/०२/१९ गते सञ्चालित खुला प्रतियोगितात्मक लिखित परीक्षामा परीक्षार्थी अभय कुमार यादव ((ना.प्र.नं. १८-१-०३५/६३, महोत्तरी, रोल नं. १९४४, मास्टर आई.डी. ८५६०१) को नामबाट कास्कीकोट-३, कास्की स्थायी ठेगाना भएको भवानी प्रसाद बस्ताकोटीको छोरा वर्ष ४१ को दिपेन्द्र प्रसाद बस्ताकोटी परीक्षा दिइरहेको अवस्थामा नक्कली परीक्षार्थी पहिचान भई आयोगको प.सं. ०७८/७९, च.नं. ४३७ मिति २०७९/०२/१९ को पत्रबाट प्रहरी हिरासतमा रहेका निज नक्कली परीक्षार्थीलाई थप अनुसन्धान गरी हदै सम्मको कारवाही प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय, मकवानपुर, हेटौंडालाई अनुरोध गरिएको ।

परीक्षामा सम्मिलित हुनुपर्ने वास्तविक परीक्षार्थी अभय कुमार यादवले आफ्नो स्थानमा परीक्षा दिनका लागि आफ्नो प्रवेशपत्र तथा नागरिकताका नक्कली परीक्षार्थीलाई खटाई परीक्षाको अनुशासन तथा मर्यादा सम्बन्धमा आयोगले तोकेको सर्तको उल्लङ्घन गरी परीक्षाको मर्यादा तथा स्वच्छता विपरीतको कार्य गरेको हुनाले निजलाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ बमोजिम आगामी ५ वर्ष सम्मको लागि यस आयोगबाट हुने कुनै पनि विज्ञापन बमोजिम हुने परीक्षामा उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्ने र सोको सूचना आयोगको वेभसाइटमा प्रकाशित गरी लोक सेवा आयोग र बाँकी छ वटै प्रदेश लोक सेवा आयोगलाई जानकारी गराइएको ।

विषयको गम्भीरता तथा प्रस्तुत घटनाले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशलाई पार्न सक्ने असरको सम्बन्धमा आयोग संवेदनशील रहेको अवगत गराई निज नक्कली परीक्षार्थी दिपेन्द्र प्रसाद बस्ताकोटी उपर हदै सम्मको कारवाही गर्न गराउनको लागि जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, जिल्ला प्रशासन कार्यालय, मकवानपुर लगायत कसूरको अनुसन्धान गर्ने निकाय, मुद्दा हेर्ने निकाय, मुद्दा सुन्ने अधिकारी समेतलाई यस घटनालाई सूक्ष्म तथा उच्च महत्व दिई प्राथमिकताका साथ आवश्यक कारवाही अगाडि बढाउन लेखी पठाइएको ।

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, ई-मेल info.ppsc@bagamati.gov.np
वेब साइटः ppsc.bagamati.gov.np

## अनुसूची २३

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, नेपा

पत्र सङ्ख्या:- २०७८/७९
चलानी नं.:- ४६६

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

मिति: २०७९/३/२३

विषय: आयोगको निर्णय सम्बन्धमा।

श्री स्थानीय तह सबै,
बागमती प्रदेश।

प्रस्तुत विषयमा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को दफा ६(१) बमोजिम योग्यता पुगेका कर्मचारीलाई अधिकृतस्तर सातौं तहमा तह मिलान गर्ने सम्बन्धमा बागमती प्रदेश भित्रका विभिन्न स्थानीय तहहरूमा द्विविधा भई यस आयोगसँग परामर्श माग भएको हुँदा सो सम्बन्धमा मिति २०७९।०३।१५ मा आयोगबाट देहायबमोजिमको निर्णय भएको हुँदा सोही बमोजिमको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**<u>आयोगको निर्णय:</u>**

"बागमती प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बमोजिम सोही प्रदेशभित्रका स्थानीय तहका बहालवाला स्थायी कर्मचारीहरूको हकमा उल्लेखित अध्यादेशको दफा ६(१) बमोजिम योग्यता पुगेका कर्मचारीलाई पदाधिकार रहेको कार्यालयको सम्बन्धित अख्तियारवालाबाट निर्णय भई तह मिलान हुने स्पष्ट व्यवस्था भएको हुँदा सोही बमोजिम हुने व्यहोरा जानकारी गराउने। र सो सम्बन्धमा सबै स्थानीय तहलाई परिपत्र गर्ने।"

२०७९/३/२३
(डिल बहादुर तामाङ)
शाखा अधिकृत

अनुसूची २४

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९

च.नं.: २३२

मिति : २०७८/०७/३०

श्री हेटौडा उपमहानगरपालिका,नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर ।

विषयः रिक्त पदपूर्ति तथा कमर्चारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन , २०७५ सम्बन्धमा ।

प्रस्तुत विषयमा बागमती प्रदेशको कतिपय स्थानीय तहहरूले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७५, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्थालाई गम्भीरतापूर्वक नलिई नजरअन्दाज गरी यी कानूनको विपरीत हुने गरी स्वेच्छाचारी हिसाबबाट आफ्नो अवैधानिक कानून बनाएर कर्मचारीको पदपूर्ति तथा बढुवा गरेको भन्ने गुनासाहरू र पत्र पत्रिकाहरूमा समेत सूचना सम्प्रेषण भएकोमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा देहाय बमोजिमको अवस्था रहेको छ ।

नेपालको संविधानको धारा २२६ को उपधारा (१) मा "गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ।" र उपधारा (२) मा "उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भन्ने कुरा उल्लेख गरेको र अनुसूची-८ को स्थानीय तहको अधिकारको सूची अन्तर्गतको क्र.सं. ५ मा **स्थानीय सेवाको व्यवस्थापन** रहेको हुँदा सो सम्बन्धी विषयमा गाउँ सभा र नगर सभाले आवश्यक कानून बनाउनु पर्ने नै हुन्छ।

नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने कुरा स्पष्ट उल्लेख गरेको छ।

नेपालको संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने कुरा उल्लेख गरेको छ।

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५ ई-मेलः info.ppsc@bagamati.gov.np, वेब साइटः ppsc.bagamati.gov.np

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प्रदेश लोक सेवा आयोग बागमती प्रदेश हेटौंडा, मकवानपुर

प.सं.: ०७८।७९

च.नं.:

धारा ३०२ मा प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने भनी स्पष्ट उल्लेख गरेको छ।

यी प्रावधानहरूको कारण सङ्घीय संसदले बनाएको कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम र नेपालको संविधानबमोजिम प्रदेश सरकारले स्थानीय तहको स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तहलाई एकरूपता ल्याउने गरी प्रदेश सरकारले नेपालको संविधानको धारा २२६ र धारा २२७ बमोजिम प्रदेश कानून बनाउनु पर्ने जिम्मेवारी रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५. कर्मचारी समायोजन अन्तर्गत "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।" त्यसैगरी दफा ८६ मा "स्थानीय सेवाको गठन तथा कर्मचारी नियुक्ति र सेवाको सर्त अन्तर्गतको उपदफा (१) मा "स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुनेछ।" भन्ने प्रावधान बमोजिम नै सङ्घीय संसदले कर्मचारी समायोजन ऐन, २०७५ निर्माण गरी लागू गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६.को उपदफा (३) मा "स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नु पर्नेछ।" भन्ने स्पष्ट उल्लेख गरेको छ।

स्थानीय तहको प्रमुख प्रशासकको रूपमा कार्य गर्ने निजामती सेवाका जिम्मेवार कर्मचारी सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले दफा ८४ को उपदफा (२) को देहाय (ञ) मा "गाउँपालिका वा नगरपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने" काम कर्तव्य र अधिकारसमेत प्राप्त भएकोमा यी महत्वपूर्ण कानूनी विषयलाई स्थानीय कर्यपालिकाका प्रमुख वा अध्यक्षलाई सुसूचित गराउन नजरअन्दाज गरेको देखिएको।

- सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्‌घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न सङ्घीय संसदले कर्मचारी समायोजन ऐन, २०७५ बनाएको।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३. (१) बमोजिम "कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि सङ्‌घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने।"

टेलिफोन: ०५७-५९०६१३, ५९०६१४, ५९०६१५ ई मेल: info.ppsc@bagamati.gov.np, वेब साइट: ppsc.bagamati.gov.np

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौँडा, मकवानपुर

प.सं.: ०७८/७९
च.नं.:

- र दफा ३.(१०) ले "कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरवन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्। सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।" भनी स्पष्ट उल्लेख गरेको छ।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६.मा अन्य सेवाका कर्मचारी समायोजन गर्ने कुरा उल्लेख छ र "अन्य सेवाका कर्मचारी" भन्नाले साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाई कर्मचारी समायोजन अध्यादेश, २०७५ प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाका स्थायी कर्मचारी सम्झनु पर्छ।" भनी परिभाषित गरेको छ।
- दफा ७ मा राजपत्र अनङ्कित प्रथम श्रेणीमा पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरेको र राजपत्र अनङ्कित प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको भएमा अधिकृतस्तर छैठौंमा समायोजन हुने व्यवस्था थियो र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७५ चैत्र ११ गते नै कर्मचारी समायोजन ऐन, २०७५बमोजिम सरकारी सेवाका सबै कर्मचारीहरू सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भइसकेको हो।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४.को उपदफा (२)मा समायोजन भएका कर्मचारीको सरुवा तथा बढुवा सम्बन्धी व्यवस्थाबारे उल्लेख गरेको छ।
    - उक्त ऐनको दफा १४.को उपदफा (२) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समायोजन भएका कर्मचारी देहायको पदमा बढुवाको लागि उम्मेदवार हुन सक्नेछन् :- "(क)मा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारी सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहको सम्बन्धित सेवा, समूहको एक तह माथिको पदमा, भनी स्पष्ट व्यवस्था गरेको छ।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा दफा १५ मा कर्मचारीको सेवाका सर्त र सुरक्षा सम्बन्धी मापदण्ड बमोजिम प्रदेश वा स्थानीय तहले प्रदेश वा स्थानीय तहको

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५ ई-मेलः info.ppsc@bagamati.gov.np, वेब साइटः ppsc.bagamati.gov.np

सेवाको गठन सम्बन्धी कानून बनाउँदा देहाय बमोजिमको प्रकृया पुरा गर्नु पर्ने व्यवस्था रहेको छ ।

(क) कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा सङ्घीय निजामती सेवा सम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिने,

(ख) प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था गर्ने,

- दफा २८मा कर्मचारी समायोजन ऐन, २०७५ कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नेपाल सरकारले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्ने र दफा २९. मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुने।" भनी कर्मचारी समायोजन ऐन, २०७५ को गम्भीरतालाई स्पष्ट पारेको छ।

निजामती सेवा ऐन, २०४९ को दफा ६क. मा निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिएबमोजिम हुनेछ। यस विपरीत दरबन्दी सिर्जना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुनेछ।

नेपालको संविधानको धारा २४४ बमोजिम प्रदेश लोक सेवा आयोगको व्यवस्था भएको। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सङ्घीय संसदले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाएको।

- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम बनेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा आयोगको काम, कर्तव्य र अधिकार बारे उल्लेख भएको। प्रदेश लोक सेवा आयोग ऐन, २०७६को दफा १०मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहले अनिवार्य पालना गर्नुपर्ने महत्वपूर्ण व्यवस्थाहरू निम्न बमोजिम उल्लेख गरेको छः

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५ ई-मेलः info.ppsc@bagamati.gov.np, वेब साइटः ppsc.bagamati.gov

**प्रदेश लोक सेवा आयोग**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९
च.नं.:

(१) स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

(३) स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(४) त्यस्तै गरी तल उल्लेखित विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरेको छः-

(क) स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

(ग) स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०६ मा अनियमित ठहर गर्न वा रद्द गर्न सक्ने सम्बन्धी देहाय बमोजिमको व्यवस्था रहेको छः

- उपदफा १ मा दफा ८० बमोजिम निरीक्षण गर्दा वा गराउँदा संविधान, यो ऐन र अन्य प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारबाही गरेको पाइएमा आयोगले त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारवाहीलाई अनियमित ठहर गर्न सक्नेछ।
- उपदफा ४ मा दफा ८३ बमोजिम अनुगमन गर्दा वा गराउँदा सामान्य सिद्धान्तको सम्बन्धमा आयोगको परामर्श अनुरूप गरेको नपाइएको सम्बन्धमा मिति २०७८/०७/२९ मा आयोगबाट तपसिल बमोजिमको निर्णय भएको छ ।निर्णय कार्यान्वयन गरी सोको जानकारी उपलब्ध गराई दिनुहुन निर्णयानुसार अनुरोध छ ।

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५  ई-मेलः info.ppsc@bagamati.gov.np,  वेब साइटः ppsc.bagamati.gov.np

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प्रदेश लोक सेवा आयोग बागमती प्रदेश हेटौंडा, मकवानपुर

प.सं.: ०७८/७९

च.नं.:

आयोगबाट भएका निर्णयहरु:-

१. रिक्त पदहरूमा कानून बमोजिम पदपूर्ति प्रकृया अगाडि बढाउन तोकिएको समयमा माग आकृति फारम पठाउन हेटौंडा उपमहानगर पालिकालाई लेखी पठाउने ।

२. नेपालको संविधानको धारा २४४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ र दफा ८६ को उपदफा १ र उपदफा ३, कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ , र दफा १४ दफा १५, निजामती सेवा ऐन, २०४९ को दफा ६(क) प्रदेश लोक सेवा आयोग ऐन (आधार र मापदण्ड निर्धारण),ऐन २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०,८०, ८३ र १०६, सङ्घ,प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५, महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८ को स्थानीय तहको 'प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन' सम्बन्धमा उल्लेखित बुँदा नं.६६ का आधारमा प्रदेश लोक सेवा ऐन,२०७६को दफा १०६को उपदफा १ र ४ बमोजिम हेटौंडा उपमहानगरपालिकाको कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन,२०७५ रद्द गर्ने ।

6/30

अधिकृत आटो

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सिंहदरवार,काठमाण्डौ ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टंगाल,काठमाण्डौं ।

श्री महालेखा परीक्षकको कार्यालय,बबरमहल,काठमाण्डौं ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश ।

श्री प्रमुख ज्यू, हेटौंडा उपमहानगरपालिका ।

श्री उपप्रमुख ज्यू, हेटौंडा उपमहानगरपालिका

टेलिफोन: ०५७-५१०६१३, ५१०६१४, ५१०६१५ ई-मेल: info.ppsc@bagamati.gov.np, वेब साइट: ppsc.bagamati.gov.np

# अनुसूची २५

## प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश विपक्षीलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेका मुद्दाहरू सम्बन्धी जानकारी

| सि.नं. | मुद्दा नं. तथा अदालत | मुद्दाको नाम | मुद्दाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १ | ०७८-WO-१०४६, सर्वोच्च अदालत | डा. लिला बहादुर बस्नेत वि. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेत | चालु (अन्तरिम आदेश जारी नभएको) | आयोगको मिति २०७८/१०/१० को सूचना नं. ९८/०७८-७९ को विज्ञापन नं. ६११-६१४/२०७८-७९ बाट स्वास्थ्य सेवाको सातौं तह, हेल्थ इन्सपेक्सन समूहको जनस्वास्थ्य अधिकृत पदको लागि विज्ञापन गरिएकोमा निवेदकले उक्त विज्ञापनमा आवेदन दिएको । निवेदकको आवश्यक शैक्षिक योग्यता अपुग भएको कारण आयोगले निवेदकलाई सोको जानकारी गराई आवेदन उपर कारबाही नगरेको ।<br>***निवेदकले स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम आवश्यक शैक्षिक योग्यता पुरा नगरेकोले निजको आवेदन उपर कारबाही नभएको भन्ने समेत बेहोराको लिखित जवाफ फिराइएको।*** |
| २ | ०७८-WO-०९४७, सर्वोच्च अदालत | कृष्णराज तिवारी वि. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेत | चालु (अन्तरिम आदेश जारी नभएको) | निवेदक स्थानीय तहको आर्थिक योजना तथा तथ्याङ्क सेवामा समायोजन भई कामकाज गर्दै आएकोमा आयोगबाट मिति २०७८/१०/१० गते प्रकाशित ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं. ९३/०७८-७९ (प्रदेश निजामती सेवाको लागि) मा निवेदकले आवेदन दिएको। निवेदक प्रदेश निजामती सेवा नभई स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारी भएको हुँदा निज सो विज्ञापनको लागि योग्य उम्मेदवार नभएकोले निजको आवेदन अस्वीकृत गरिएको । |

| सि.नं. | मुद्दा नं. तथा अदालत | मुद्दाको नाम | मुद्दाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | *कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) को खण्ड (ख) बमोजिम निज निवेदक प्रदेश निजामती सेवामा बढुवाको लागि योग्य उम्मेदवार नहुने हुँदा निज निवेदकको आवेदन अस्वीकृत गरिएको भन्ने समेत बेहोराको लिखित जवाफ फिराइएको ।* |
| ३ | ०७८-WO-०८४०, सर्वोच्च अदालत | श्रवण कुमार चौधरी समेत वि. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेत | चालु (२०७८/१०/२६ मा अल्पकालीन अन्तरिम आदेश जारी भई २०७८/११/२२ मा अन्तरिम आदेश निरन्तरता नहुने आदेश भएको) | निवेदकले, आयोगले विज्ञापन सूचना नं. ९२।०७८-७९ तथा सूचना नं. ९८।०७८-७९ का खुला तथा समावेशी तर्फका विभिन्न पदहरूको विज्ञापन प्रकाशन गरेको र समावेशी खण्डमा महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र उल्लेख रहेको तर थारु कल्सटर नछुट्याएको सो नछुट्याइएकोले थारु समुदायको संविधान प्रदत्त रोजगारीको हक हनन् भएकोले उक्त सूचना नं अन्तर्गतका विज्ञापनहरू उत्प्रेषणका आदेशले बदर गर्न तथा अन्तरिम आदेशबाट उक्त विज्ञापन अन्तर्गतका परीक्षा कार्यक्रम सञ्चालन नगर्न नगराउन मागदावी राखी रिट निवेदन दायर गरेको ।<br>*प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी छुट्टै कानून बनिनसेको अवस्थामा आयोगले प्रचलित निजामती सेवा सम्बन्धी सङ्घीय कानून अनुसार पदसङ्ख्या तथा प्रतिशत निर्धारण गर्ने गरेको तथा हालको पदसङ्ख्या निर्धारणमा समेत थारू समुदायलाई समावेशी समूहबाट प्रतिस्पर्धा गर्नबाट बञ्चित नगराइएको भन्ने समेत बेहोराको लिखित जवाफ फिराइएको।* |

| सि.नं. | मुद्दा नं. तथा अदालत | मुद्दाको नाम | मुद्दाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| ४ | ०७८-WC-००५०, सर्वोच्च अदालत | मधुराम दुवाडी समेत वि. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश समेत | चालु (अन्तरिम आदेश जारी नभएको) | निवेदकहरू 'भरतपुर म.न.पा. मा कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७७' अनुसार बढुवा भएका कर्मचारी रहेकोमा आयोगको मिति २०७९/०१/१३ को निर्णय (नि.नं. ३८/०७८-७९) अनुसार उक्त बढुवा बदर भई निवेदकहरूलाई अन्याय परेकोले आयोगको उक्त निर्णय तथा प्रदेश निजामती सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को दफा १५३ को उपदफा (१) उत्प्रेषणको आदेशले बदर गराउनका लागि रिट निवेदन दायर गरेको ।<br>*आयोगले गरेको मिति २०७९/०१/१३ को निर्णय (नि.नं. ३८/०७८-७९) नेपालको संविधानको धारा २२७, निजामती सेवा ऐन, २०४९, कर्मचारी समायोजन ऐन, २०७५, प्रदेश लोक सेवा आयोग (आयोग र मापदण्ड निर्धारण) ऐन, २०७५, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, सम्मानित महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन २०७८ को 'खण्ड – ३ स्थानीय तह' को बुँदा नं. ६६ (६६.१ देखि ६६.६ सम्म) समेतको रोहमा कानून तथा न्यायसङ्गत रहेको भन्ने बेहोराको लिखित जवाफ फिराइएको ।* |



काठमाडौं महानगरपालिकामा अन्तरक्रिया, २०७८।०४।२०



निजामती सेवा दिवसमा आयोगका माननीय अध्यक्ष श्री सुरेशमान श्रेष्ठ र माननीय सदस्य श्री शर्मिला नेउपानेको सहभागिता, २०७८ भाद्र २२



निजामती सेवा दिवस २०७८ भाद्र २२ बृक्षारोपण कार्यकममा आयोगको सहभागिता



आयोगको दोस्रो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख श्री यादव चन्द्र शर्मासमक्ष पेश, २०७८ असोज १५




मानिनीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासँग छलफल, २०७८ असोज १५



प्रदेश लोक सेवा आयोग, बामगती प्रदेशमा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मीज्यूको भेटघाट कार्यक्रम, २०७८/०८/२४




प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरामा आयोगका कर्मचारीको अनुभव आदान प्रदान भ्रमण, २०७८ पौष




दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग सम्मेलन, विराटनगरमा २०७८ पौष १८ - माननीय अध्यक्षज्यूहरू




लोक सेवा आयोगहरूको दोस्रो राष्ट्रिय सम्मेलन, तिलोत्तमा नगरपालिका, रुपन्देही, २०७८ फागुन २३-२४



माननीय सदस्य श्री सुदर्शन प्रसाद ढकाल प्रस्तुतीकरण गर्नु हुँदै (दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग सम्मेलन, विराटनगर २०७८ पौष १९)



परीक्षा केन्द्रमा खटिने सम्भावित निरीक्षक, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता र केन्द्राध्यक्षहरूको अभिमुखिकरण कार्यक्रममा सहभागिता, २०७८/४/३०



परीक्षा सञ्चालनमा सहभागी जनशक्तिको अभिमुखीकरण कार्यक्रम, २०७८।१२।११ (भरतपुर महानगरपालिकाको सभाकक्ष)




सिफारिस पत्र दिनु अगाडिको अभिमुखिकरण कार्यक्रम, २०७८/०९/२७





कम्प्युटर अपरेटर श्री दिनेश सिजापती

आयोगको इतिहासमा पहिलो सिफारिस उम्मेदवार श्री दिनेश बहादुर सिजापती, २०७८।०४।३१



सफल उम्मेदवारहरूलाई सिफारिस पत्र हस्तान्तरण गर्दै, मिति २०७८/०५/२१

# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा,**

**मकवानपुर, नेपाल**

सम्पर्क नं.: ०५७-५९०६१३, ५९०६१४, ५९०६१५

वेबसाइटः www.ppsc.bagamati.gov.np

इमेलः info.ppsc@bagamati.gov.np